प्रकाशन संख्या १०९


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं. ९७७-१-४०२७१४०
पोष्ट बक्स नं. २४८६५
Email: info@njanepal.org.np
URL: www.njanepal.org.np


नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन



# नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन

## संवैधानिक र कानूनी प्रावधानको मूल्याङ्कन


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

# नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन संवैधानिक र कानूनी प्रावधानको मूल्याङ्कन

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

**अनुसन्धानकर्ता**

सहप्राध्यापक डा. बलरामप्रसाद राउत

सर्वाधिकारः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

प्रकाशन : २०७९ आषाढ

प्रकाशन प्रतिः ५०० प्रति

प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजू, काठमाडौं, नेपाल

मुद्रणः नव प्रिन्ट सोलुसन

पुनश्चः प्रस्तुत प्रतिवेदन अनुसन्धानकर्ता डा. बलराम प्रसाद राउतले तयार गरेको हो। प्रतिवेदनमा प्रस्तुत तथ्य तथा विषयवस्तु अनुसन्धानकर्ताका हुन् ।

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

National Judicial Academy, Nepal

(Estd. under the National Judicial Academy Act, 2006)

*"... Center of Excellence for Judicial Education."*


## मन्तव्य

समसामयिक विषयहरुमा प्रशिक्षण, कार्यशाला तथा गोष्ठी, अनुसन्धानमूलक अध्ययन र स्रोत सामग्रीहरुको निर्माण, प्रकाशन तथा वितरणबाट न्यायिक क्षेत्रमा संलग्न जनशक्तिको कार्यक्षमता र सीपमा अभिवृद्धि गर्न आवश्यक हुन्छ । प्रतिष्ठानले न्यायाधीश, अदालत, महान्यायाधिवक्ताको कार्यालय कानून तथा न्याय मन्त्रालयमा कार्यरत अधिकृत, कानून व्यवसायी, सहायक कर्मचारीहरु, अर्धन्यायिक निकायका मुद्दा सुनुवाई गर्ने अधिकार प्राप्त अधिकारीलगायतका जनशक्तिहरुमा कार्यगत सीपको अभिवृद्धि गर्नुका साथै न्याय तथा कानूनको क्षेत्रका विविध विषयहरुमा समयसापेक्ष खोजमूलक अध्ययन, अनुसन्धान तथा प्रकाशन पनि गर्दै आइरहेको छ । यसै सिलसिलामा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट यो अनुसन्धानमूलक कीर्ति "नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन" प्रकाशन भएकोमा मलाई खुशी लागेको छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भए पश्चात् यस्को कार्यान्वयनको सन्दर्भमा ऐनमा भएका व्यवस्थाहरु, अपराध पीडितका अधिकारहरु र सोको कार्यान्वयनको सम्बन्धमा समसामयिक महत्वको विषयलाई आधार बनाई विश्लेषणात्मक रुपमा तयार पारिएको यो "नेपालमा अपराध पीडितको अधिकारको कार्यान्वयन" अनुसन्धान प्रतिवेदन प्रकाशन गरिएको हो। अपराध पीडितको अधिकारसम्बन्धी व्यवस्था विशेष ऐनको रुपमा नेपालको कानूनी इतिहासमा प्रथम पटक कार्यान्वयनमा आएको हुँदा यस कानूनको पृष्ठभूमिमा अन्तरनिहित रहेको सैद्धान्तिक मूल्य र मान्यताको सम्बन्धमा फौजदारी न्याय प्रणालीका सबै सरोकारवालाहरुलाई ज्ञान हुनु आवश्यक छ । अतः प्रस्तुत प्रतिवेदनले न्यायिक जनशक्तिलाई थप बौद्धिक उर्जा प्रदान गर्ने र उपयोगी सावित हुने अपेक्षा राख्नुका साथै अपराध पीडितहरुको न्यायमा सहज पहुँचको महत्वपूर्ण आधार बन्ने छ भन्ने विश्वास यस प्रतिष्ठानले लिएको छ।

अन्त्यमा डा. बलराम राउतले यस अनुसन्धान कार्यलाई सफल बनाउन जुन मेहनत, लगन र प्रयास गर्नु भयो। त्यसको लागि ऊहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत अनुसन्धान कार्यलाई प्रकाशनयोग्य बनाउन अमूल्य सुझाव दिने प्रतिष्ठानका नायब कार्यकारी निर्देशक माननीय श्री केदार पौडेल, फ्याकल्टी तथा माननीय जिल्ला न्यायाधीश डा. दिवाकर भट्ट, निर्देशक श्री श्रीकृष्ण मुल्मी


मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

तथा उपनिर्देशक श्री संजिव राई लगायत यस कार्यमा संलग्न हुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस प्रकाशनले अपराध पीडितको अधिकारको सैद्धान्तिक अवधारणा, पीडित संरक्षण सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, अन्तर्राष्ट्रिय जगतमा यस क्षेत्रमा भएका प्रयास र प्रयोगहरु, अन्ततः अपराध पीडितहरुका संरक्षणका लागि तत्काल गर्नुपर्ने सुधारका पक्षहरु समेत स्पस्ट तवरमा न्यायाधीश, कानून व्यवसायी, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी र सरोकारवाला सबैलाई यो खोजमूलक कार्य निकै उपयोगी भई यसतर्फको न्यायिक सोचमा थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु। यहाँहरुको पृष्ठपोषणको अपेक्षा पनि गरेको छु ।

......................

वैद्यनाथ उपाध्याय
कार्यकारी निर्देशक

मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

# कृतज्ञता

नेपालको संविधानको धारा २१ ले अपराध पीडितको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। उपरोक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नका लागि अपराध पीडित संरक्षण ऐन, २०७५ संघीय संसदबाट पास भई कार्यान्वयनको अवस्थामा रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्थाहरुको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भन्ने सन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अध्ययन गर्नका लागि मैले अवसर प्राप्त भएको थियो। यस अध्ययनमा अपराध पीडितको अवधारणा तथा सो सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको विश्लेषण गरी अपराध पीडित संरक्षणका लागि गर्नुपर्ने सुधारका कदमहरुबारे छलफल गरिएको छ। यस अध्ययनबाट अपराध पीडित, अपराध पीडित संरक्षणको क्षेत्रका निर्माताहरु र अनुसन्धानकर्ताहरु लगायत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकाय लगायत अन्य सरोकारवाला निकायहरुलाई सहयोग होस् भन्ने अपेक्षा गरेको छु। साथै यस किसिमको गतिविधिबाट विश्वविद्यालयको प्राज्ञिक र बौध्दिक कार्यमा समेत बढोत्तरी हुने देखिन्छ भने ज्ञान आर्जन र अध्यापनको क्षेत्रमा लागेका विद्यार्थी र प्राध्यापक वर्गलाई समेत उपयोगी बन्न सक्छ।

अध्ययनको क्रममा विभिन्न तहबाट विभिन्न व्यक्ति र संस्थाहरुबाट साथ र सहयोग पाएको छु। त्यस्ता व्यक्तिहरुमा माननीय जिल्ला न्यायाधीशज्यूहरु, स्रेस्तेदारज्यूहरु, जिल्ला सरकारी वकीलज्यूहरु, कानूनका प्राध्यापकहरु, कानून व्यवसायीहरु रहनु भएको छ। वहाँहरुले दिनु भएको अमूल्य सुझाव र सल्लाहका लागि वहाँहरुलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी अपराध पीडित वा निजका परिवारहरुले प्रतिक्रिया जनाई सहयोग गर्नु भएकोमा वहाँहरुलाई धन्यवाद दिन चाहन्छु।

धन्यवादको क्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक माननीय श्री बैधनाथ उपाध्यायज्यू, नायव कार्यकारी निर्देशक माननीय श्री केदार पौडेलज्यू, माननीय न्यायाधीश तथा फ्याकल्टी श्री शेखर प्रसाद पौडेलज्यू, माननीय जिल्ला न्यायाधीश तथा फ्याकल्टी डा. दिवाकर भट्टज्यू, निर्देशक द्वय श्री श्रीकृष्ण मुल्मी र श्री पारस पौडेलज्यूलगायत राष्ट्रिय न्यायिक प्रतिष्ठानका अन्य पदाधिकारीहरु र कर्मचारीहरुप्रति आभार प्रकट गर्न चाहन्छु। वहाँहरुको सल्लाह र सुझावका लागि धन्यवाद दिन चाहन्छु। वहाँहरुको सहयोग र साथ विना या अध्ययन संभव थिएन।

यस अनुसन्धान गर्नका लागि अनुसन्धान सहयोगीको भूमिका निर्वाह गर्ने प्रियंका पाललाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा म मेरो परिवारका सम्पूर्ण सदस्यहरु, जसले विना गुनासो मेरो अनुसन्धान कार्यमा सहयोग गर्नु भयो र उत्साह प्रदान गर्नु भयो, वहाँहरुलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद!



अनुसन्धानकर्ता डा. बलराम प्रसाद राउत

सहप्राध्यापक, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय

# विषयसूची

## परिच्छेद १
## प्रारम्भिक


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | अध्ययनका समस्याहरु | ३ |
| १.३ | पूर्व साम्रगीहरुको समीक्षा | ५ |
| १.४ | अनुसन्धानका विशेष प्रश्नहरु | ८ |
| १.५ | अनुसन्धानका क्षेत्र र उद्देश्यहरु | ९ |
| १.६ | अनुसन्धानको महत्व | ९ |
| १.७. | अनुसन्धानको सीमा | १० |
| १.८ | अनुसन्धान पद्धति | १० |
| १.९ | अध्ययन प्रतिवेदनको स्वरुप | ११ |


## परिच्छेद २
## पीडितको संरक्षणसम्बन्धी अवधारणा, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यास


| | | |
|---|---|---|
| २.१ | परिचय | १३ |
| २.१.१ | पीडितको परिभाषा | १४ |
| २.१.२ | पीडित र संरक्षणको उद्देश्य | १६ |
| २.१.३ | पीडित न्यायसम्वन्धी आधारभूत सिद्धान्तहरु | १७ |
| | १. न्यायमा पहुँच र स्वच्छ व्यवहारको अधिकार | १८ |
| | २. पुनःस्थापकीय अधिकार | १९ |
| | ३. क्षतिपूर्तिको अधिकार | १९ |
| | ४. सहायताको अधिकार | २० |

२.१.४ पीडितको संरक्षणका चरणहरु २१

१. उद्धारको क्रममा पीडितको संरक्षण २१
२. उद्धार पश्चातको सुरक्षा र संरक्षण २१
३. उमेर निर्धारण एवं अन्य जाँच परीक्षणको चरणमा संरक्षण २१
४. पुर्पक्ष वा अदालती कारवाहीको चरणमा संरक्षण २२

२.१.५ पीडित संरक्षणका बिषयहरु २२

२.१.६ पीडितको संरक्षणका क्षेत्रहरु २३

२.१.७ पीडित संरक्षणसंग सम्बन्धित सरोकारवाला निकाय/पदाधिकारी २४

२.१.८ पीडित महिला बालबालिका बिरुद्ध हुने अपराध र त्यसको प्रकृति २४

२.१.९ पीडित महिला र बालबालिकामा पर्ने असर र प्रभाव २७

१. मानव अधिकारको गम्भीर उल्लंघन २७
२. शारीरिक पीडा २७
३. मानसिक वा मनोबैज्ञानिक प्रभाव २८
४. आर्थिक असर २८
५. सामाजिक प्रभाव २८

२.२ अन्तर्राष्ट्रिय कानून र अभ्यास २९

२.२.१ अन्तर्राष्ट्रिय कानूनमा अपराध पीडितको अधिकार २९
२.२.२ राज्यको दायित्वका रुपमा अपराध पीडितको संरक्षण ३७

२.३ अन्य देशको अभ्यास ३८

भारत ३९
बेलायत ४१
फिलिपिन्स ४३
संयुक्त राज्य अमेरिका ४३
अस्ट्रेलिया ४६
क्यानाडा ४८
जापान ४८
स्पेन ४९

२.४ अपराध पीडितका सम्बन्धमा क्षेत्रीय अदालतहरुका फैसला ५०

# परिच्छेद ३

# पीडित संरक्षण सम्बन्धी नेपालको संबैधानिक तथा कानूनी व्यवस्था


३.१ पीडित संरक्षण सम्बन्धी नेपालको संबैधानिक तथा कानूनी व्यवस्था ५३

३.२ नेपालको संविधान ५३

३.३ कानूनी व्यवस्था ५३

३.२.१ अपराध पीडित संरक्षण ऐन, २०७५ ५३

३.२.२ अपराध पीडित संरक्षणसंग सम्बन्धित अन्य कानूनी व्यवस्थाहरु ७०

३.२.२.१ मुलुकी अपराध संहिता, २०७४ ७०

३.२.२.२ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ७०

३.२.२.३ मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ ७१

३.२.२.४ श्रम ऐन, २०७४ ७१

३.२.२.५ बालबालिका सम्वन्धी ऐन, २०७५ ७१

३.२.२.६ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ७१

३.२.२.७ बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ७२

३.२.२.८ राष्ट्रिय महिला आयोग ऐन, २०७४ ७३

३.२.२.९ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ७३

३.२.२.१० वैदेशिक रोजगार ऐन, २०६४ ७६

३.२.२.११ घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ७६

३.४ क्षतिपूर्ति सम्बन्धी भएका फैसलाहरु तथा प्रतिपादित सिध्दान्तहरु ७९

# परिच्छेद ४

# अपराध पीडित संरक्षणका लागि गर्नुपर्ने सुधारका पक्षहरु


४.१ फैसलाको बारेमा जानकारी ८३

४.२ क्षतिपूर्तिको रकम निर्धारण गर्ने बैज्ञानिक एवं बस्तुगत आधार सहितको निर्देशिका निर्माण ८३

४.३ कार्यविधिको सरलीकरण ८४

४.४ सूचना दिने व्यवस्था ८५

४.५ पीडित राहत कोषको अभिवृद्धि ८६

४.६ शिघ्र क्षतिपूर्ति प्राप्त गर्न प्रकृयागत सुधार ८६

४.७ सम्पत्ति विवरण ८६

४.८ जबरजस्ती करणी उद्योग मुद्दामा र मुद्दाका पक्ष विदेशी भएको अवस्थामा क्षतिपूर्तिको उपयुक्त व्यवस्था ८७

४.९ पीडितसंरक्षण सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन ८७

४.१० पीडितको संरक्षणका लागि अनुसन्धान सम्बन्धी मापदण्डको विकास ८८

४.११ पीडित संरक्षणका लागि तत्काल चाल्नु पर्ने नीतिगत कदमहरु ८९

४.१२ समन्वयको व्यवस्था ९१

४.१३ तालिम ९१

**सन्दर्भ सामाग्री** ९२

# परिच्छेद १

# प्रारम्भिक

## १.१ परिचय

सन् १९४७ मा प्रथमपटक अपराध कानूनका विद्वान् वेञ्जामिन मेण्डलसनले पीडितशास्त्र शब्द प्रयोग गरेका थिए। अंग्रेजी भाषामा यस शब्दलाई अझै मान्यता दिएको पाइँदैन। अपराधबाट पीडित भएकाहरूको हक, सामाजिक सुरक्षा तथा पुनःस्थापनालगायत विषयमा अध्ययन गर्न अपराध पीडितशास्त्रको अवधारणाको विकास भएको हो।

पीडित शब्दले सामान्यतया त्यस्तो व्यक्तिलाई जनाउँदछ जसले कुनै पनि कारणले नोक्सानी, चोटपटक वा कठिनाइ भोग्दछ वा भोगिरहेको हुन्छ। संयुक्त राष्ट्र संघले सन् १९८५ नोभेम्बर २९ मा अपराध पीडित तथा अख्तियार दुरुपयोगसँग सम्बन्धित न्यायका आधारभूत सिद्धान्तहरूको घोषणापत्र अवलम्बन गरेको छ। घोषणापत्रले “पीडित” भन्नाले सम्बन्धित पक्ष राष्ट्रको फौजदारी तथा अधिकारको दुरुपयोगसम्बन्धी कानूनको उल्लंघनबाट कुनै व्यक्तिको व्यक्तिगत वा सामूहिक रुपमा शारीरिक वा मानसिक चोट, भावनात्मक कष्ट एवं आर्थिक नोक्सानी हुन्छ वा उनीहरूको मौलिक अधिकारको क्षति हुन्छ भने त्यस्तो व्यक्ति वा समूहलाई पीडितको रुपमा बुझ्नुपर्छ भनी परिभाषा गरेको छ।

फौजदारी न्याय प्रणालीले पीडितको संरक्षण नगरेको हुँदा पीडित न्याय प्रणालीको विकास भएको हो। घटनाका पीडित र साक्षीहरूको सक्रिय सहभागिता र सहयोगबिना फौजदारी न्याय प्रणाली सफल हुन सक्दैन। फौजदारी न्याय प्रणालीकै हैसियतमा पीडित न्याय प्रणालीको विकास भएको हो। न्यायको बारेमा वकालत वा तर्क गर्नेहरू अभियुक्तलाई सजाय गरिएमा समाजमा न्याय प्राप्त भएको ठान्दछन्। फौजदारी न्यायसम्बन्धी हकमा पीडितलाई भन्दा अभियुक्तका हकलाई बढी महत्त्व दिएको देखिन्छ। पीडकलाई अपराध गरेबापत दिइने सजायभन्दा पनि वास्तविक पीडितले चाहेबमोजिमको न्याय प्राप्त हुनु नै पीडित न्याय हो। तथापि पीडितका सन्दर्भमा भएका विगतका इतिहासलाई हेर्ने हो भने पीडितको अवस्था अत्यन्त दयनीय देखिन्छ। पीडित न्याय प्रणालीको महत्त्वपूर्ण कडीका रुपमा रहेका यस्ता न्यायका याचक पीडितहरूलाई आफूविरुद्ध भएको अन्यायका सम्बन्धमा वा अर्को शब्दमा भन्नुपर्दा आफूविरुद्ध अन्याय गरी आफ्नो तथा आफ्ना आश्रित परिवारका भविष्य वा जीवन अन्धकार बनाउने व्यक्तिका विरुद्ध हुने अपराधमा अपराध अनुसन्धानको क्रममा पीडक पक्रिएको तथा छोडिएको वा अदालतबाट सजाय गर्दाका अवस्थामा पीडितहरूको भूमिका अत्यन्त न्यून रहेको थियो।। पीडित न्यायमा पहुँच, अदालतमा हुने स्वच्छ र भयरहित सुनवाइमा पीडितहरूको कुनै

भूमिका रहेको थिएन। तर पीडित पनि न्यायका संवाहक र फौजदारी न्याय प्रणालीका अभिन्न अंग हुन् भन्ने तथ्यलाई मध्यनजर राखी आज पीडितहरूको हक, अधिकार र सुरक्षाको खोजी भइरहेको छ र हुने क्रम रहेको छ।

पीडित न्याय प्रणालीमा कसुरदार र पीडित शब्दहरू एउटा सिक्काका दुई पाटा हुन्। आज समाजमा परम्परागत अपराधका अतिरिक्त गम्भीर किसिमका संगठित तथा आतंकवादी समूहबाट हुने अपराधबाट पीडित हुनेहरूको संख्यामा वृद्धि भएको पाइन्छ। एकातिर संगठित तथा आतंकवादी समूहको सञ्जालबाट सञ्चालन हुने अपराध रोक्ने कार्य अत्यन्तै कठिन रहेको छ भने त्यस्ता अपराध र त्यस्ता आतंकवादी समूहबाट पीडितहरूलाई भरपर्दो सुरक्षा दिई उनीहरूले चाहेबमोजिमको न्याय प्रदान गर्नु अर्को चुनौती रहेको छ। पीडित र साक्षी, पीडित न्याय प्रणालीको अभिन्न अंग भएको हुँदा संगठित तथा आतंकवादी अपराधमा संलग्न रहेका व्यक्तिहरूलाई अदालतको कठघरासम्म पुऱ्याई सजाय गरी संगठित तथा आतंकवादी क्रियाकलापहरूलाई रोक्नका लागि त्यस्ता अपराधबाट पीडितहरूको भनाइले अत्यन्त महत्त्व राख्दछ। पीडित वा साक्षीहरूले अदालतमा आई आफ्नो भनाइ राखेको अवस्थामा निजहरूका विरुद्ध आउन सक्ने धम्की, डरत्रास, रिसईवी तथा जीवनरक्षा गर्नुपर्ने चुनौती रहेको छ। अदालतमा आई बकपत्र गरेपछि ती पीडित व्यक्तिहरू अझ पीडित हुनुपर्ने वास्तविकतालाई मध्यनजर राखी त्यस्ता पीडितहरूको संरक्षण गर्न सन्दर्भमा हाल विश्वका धेरै देशहरूमा कानूनी व्यवस्था गरिएको पाइन्छ। हाल पीडितका अधिकारका लागि केही कानूनी व्यवस्था गरेको भए तापनि ती पीडितहरूको पुनःस्थापना, खोसिएको हाँसो, लुटिएको भाग्यलाई सुखद रुपमा फिर्ता ल्याउन सकिने अवस्था रहेको देखिँदैन।

अपराध पीडित अपराधको प्रत्यक्ष र सबैभन्दा राम्रो प्रमाण मानिन्छ किनभने धेरैजसो मुद्दाहरूमा पीडितले आफैंले अपराध, अपराधी र उसको गतविधिहरू हेर्न र महसुस गर्न सक्दछन्। अनुसन्धान र अभियोजन अधिकारीले पीडितको अधिकारहरूको सुरक्षा गरेको खण्डमा मात्र अनुसन्धान र न्यायिक प्रक्रियामा पीडितको सहयोग र समर्थन प्राप्त गर्न सक्दछन्। त्यसकारण प्रत्यक्ष प्रमाणको रुपमा, न्यायिक प्रक्रियालाई निष्पक्ष बनाउन तथा फौजदारी न्याय प्रणालीको उद्देश्य परिपूर्ति गर्नका लागि पीडितको संरक्षण अत्ति नै महत्त्वपूर्ण भूमिका।

अन्तर्राष्ट्रिय स्तरमा पीडितका अधिकार तथा संरक्षण र सहयोग गर्ने सम्बन्धमा पछिल्ला दिनहरूमा केही प्रयासहरू भएका छन्। तथापि त्यस्ता प्रयासहरूको प्रभावकारी भूमिका कार्यान्वयन हुन नसकेको यथार्थ रहेको छ। अर्कोतिर फौजदारी न्याय प्रणालीको महत्त्वपूर्ण पाटोको रुपमा रहेको अपराध पीडितको संरक्षणलाई सम्बोधन गर्नसमेत सकिएको छैन। तर पीडितहरूको संरक्षण र सहयोग राज्यको दायित्वको विषय हो।

नेपालमा १० वर्षे जनयुद्धका क्रममा व्यक्ति मारिएका, घाइते भएका, बेपत्ता पारिएका, सम्पत्ति लुटिएका, घरवारविहीन भएकाहरूको संख्या अझै यकिन छैन भने क्षतिको परिपूरण तथा तिनीहरूको मुहारमा हाँसो ल्याउनुपर्ने राज्यका सामु अर्को चुनौती रहेको छ। यिनै पृष्ठभूमिमा अपराध पीडितका अधिकारको सम्बन्धमा र तिनीहरूको संरक्षण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भएका व्यवस्थाहरू, अन्य देशमा भएका कानूनी प्रावधानहरू, अदालतले पीडितको अधिकारको संरक्षणको सम्बन्धमा गरेका महत्त्वपूर्ण फैसलाहरू तथा विद्यमान कानूनी व्यवस्था, कानूनको कार्यान्वयनमा जिम्मेवार निकाय र तिनीहरूको भूमिकालगायतका विषयमा केन्द्रित रही यो अनुसन्धान गरिएको छ।

### १.२ अध्ययनका समस्याहरू

नेपालको संविधान (२०७२) को धारा २१ मा पीडितको अधिकारसम्बन्धी व्यवस्था गरेको छ। यो आफैंमा ऐतिहासिक र प्रगतिशील व्यवस्था पनि देखिन्छ। किनभने यसभन्दा पहिले नेपालको कुनै पनि संविधान वा कानूनमा अपराध पीडितको अधिकारका सम्बन्धमा यसरी स्पष्ट रुपमा उल्लेख गरेको थिएन। साथै संसारको थोरै संविधानमध्येको नेपालको संविधान एउटा यस्तो संविधान हो जसले पीडितको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। यसलाई कार्यान्वयन गर्ने नेपाल सरकारले विभिन्न किसिमका ऐन तथा नियमहरू पनि निर्माण गरी लागू गरेका छन्। जस्तैः ती महत्त्वपूर्ण कानून र नियमहरूमा मुलुकी अपराध संहिता, २०७४, फौजदारी कार्यविधि नियमावली २०७५ फौजदारी कसुर (सजाय निधारण तथा कार्यान्वयन) ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५, फौजदारी कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६, सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ र फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ लगायतका रहेका छन्।

यसको साथै नेपालको सर्वोच्च अदालतले पनि विभिन्न समयमा पीडितको अधिकार संरक्षणका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। जस्तै, *क कुमारीको जाहेरीले नेपाल सरकार वि. पवनकुमार यादवसमेत*[१] भएको मुद्दामा बालबालिकासम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्छ। जबरजस्ती करणीको अपराधमा पीडक कसुरदारबाट पीडित जुनसुकै महिलाले पाउने कानूनबमोजिमको क्षतिपूर्ति बच्चा महिला अर्थात् बालिकाले पाउँदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन मिल्न जानेछ।

---

१ ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९४, पेज १८०२ ।

बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसुरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको अंकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिनेछ। जबरजस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालबालिकासम्बन्धी ऐनको दफा ११ मा आपराधिक दायित्व बेहोर्नुपर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्तिसमेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रुपमा अर्थ बोध नगरी बलपूर्वक व्याख्या गर्नु सान्दर्भिक देखिँदैन। सजायसम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न मिल्दैन भन्ने व्याख्या सर्वोच्च अदालतबाट व्याख्या भएको छ।

*मोल्हुसेन हेन्ड्रिक ओटो वि. नेपाल सरकार*[२] मा सर्वोच्च अदालतबाट प्रतिपादन भएको छ कि विधायिकाले नै नाबालकउपरको अप्राकृतिक मैथुनलाई जबरजस्ती करणीको परिभाषाभित्र पारेको देखिएको अवस्थामा त्यस्तो क्रियालाई व्याख्याको माध्यमबाट बाल दुराचार मान्न नसकिने भनी व्याख्या भएको छ।

*सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*[३] भएको रिटमा सर्वोच्च अदालतले अन्तिम अवस्थासम्म सरकारबाटै पीडितको तर्फवाट मुद्दामा प्रतिरक्षालगायतको काम गरिन्छ। पीडितको हैसियत गवाहमा सीमित हुन्छ। हाम्रो प्रणालीमा पीडितले आफैं मुद्दा चलाउन सक्तैन। पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकिलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको व्यहोराको प्रमाणसहित प्रहरीमा उजुर गर्दा प्रहरी र सरकारी वकिलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकवाट वञ्चित हुनेछ भनी उल्लेख गरेको पाइन्छ।

*बुद्धिबहादुर प्रजा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयसमेत*[४] भएको मुद्दामा सर्वोच्च अदालतले मृतकका आश्रित परिवारलाई प्रदान गरिने क्षतिपूर्तिको सम्बन्धमा यातना तथा क्षतिपूर्ति ऐन, २०५३ मा भएको व्यवस्थाले समेट्न नसकेको अवस्थामा आश्रित परिवारलाई राज्यको तर्फबाट प्रदान गरिने क्षतिपूर्तिको सम्बन्धमा विद्यमान कानूनी व्यवस्था पर्याप्त भएको भन्न मिल्दैन। सरकारको जिम्मेवार निकायहरूबाट मानवीय कानूनको उल्लंघन गरी निर्दोष नागरिकहरूको हत्याको सम्बन्धमा पीडितशास्त्रीय (Victimological) दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहीनताको अन्त्य गर्नुको साथै यस प्रकृतिको विवादहरूमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारका लागि आवश्यक सल्लाह सुझाव प्रदान

---

२ ने. का. प. २०६९, अंक ७, पृष्ठ १०९७।

३ ने. का. प. २०६८, अंक १ निर्णय नं. ८५४१, पृ.११३।

४ संवैधानिक कानून भाग १ दोसो भाग (२०६६) नि.नं. २३ निर्णय मिति २०६५।०१।२३ परमादेश।

गर्ने निकायको व्यवस्थासमेत गर्नका लागि छुट्टै विस्तृत कानून निर्माण गर्नेतर्फ यथाशीघ्र पहल गर्नू भन्ने आदेश गरेको छ।

हाल सालै पीडितको अधिकार संरक्षणका लागि नेपालको महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न किसिमको अध्ययन र निर्देशनसमेत जारी भएको पाइन्छ। तर यहाँ प्रश्न के उठन सक्दछ भने के नेपाल सरकारबाट चालेका कदमहरू पर्याप्त छन् ? के सर्वोच्च अदालतको आदेश आफैंमा पूर्ण छ ? के अपराधका पीडितहरू आफ्नो अधिकारहरू सुरक्षित भयो भनी ढुक्क भएर बस्ने अवस्था छ ? यी र यस्तै सवालहरूलाई सम्बोधन गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ।

## १.३ पूर्व साहित्यहरूको समीक्षा

अपराध पीडित भन्ने शब्द त्यति नयाँ नभए पनि पीडितको अधिकारका सम्बन्धमा अभियुक्तको अधिकारको तुल्नामा थोरै लेख र रचनाहरू उपलब्ध रहेका छन्। त्यसमा पनि नेपालमा यस सम्बन्धमा उल्लेख गर्नलायक लेख र रचनाहरूको झनै अभाव रहेको पाइन्छ। त्यसमध्ये केही यहाँ उल्लेख गरिएका छन्।

Rama Devi Parajuli, “Crime Victim Protection: Lessons from Republic of Korea”, NJA L.J. 169 (2015)

अपराध घटनाका बारेमा अपराध पीडित नै प्रत्यक्ष र सबभन्दा उपयुक्त साक्षी र प्रमाण हो। किनभने उसले प्रत्यक्ष रुपमा घटना देखेको, अनुभव गरेको र थाहा पाएको हुन्छ। अनुसन्धान र अभियोजन अधिकारीले अपराध अनुसन्धान गर्नका लागि अपराध पीडितबाट सहयोग र समर्थन लिएको खण्डमा मुद्दाको सफलता त बढ्छ नै यसले पीडितले न्याय पाउने सम्भावना बढाउँछ।

Ananta Raj Luitel, “Rights of Victims of Conflict and Transitional Justice in Nepal”, 5 NJA L.J. 55 (2011)

यसमा लेखकले सर्वोच्च अदालतबाट भएको विभिन्न फैसलाहरूको बारेमा उल्लेख गरेको छन्। अपराधका घटना द्वन्द्वकालमा घटेको भए पनि प्रचलित कानूनअनुसार अपराध पीडितले मुद्दा दायर गर्न पाउँछ र अपराधीले त्यसैको अधारमा सजायबाट उन्मुक्ति पाउने अवस्था रहँदैन। तर नेपाल सरकारले संक्रमणकालको व्यवस्थित गर्नुपर्ने कुराहरू अहिलेसम्म नगरेको कुरा सबैलाई थाहा छ। त्यसैले द्वन्द्वकालका पीडित अहिले पनि उनीहरू आफ्नो अधिकार पाउनबाट वञ्चित रहेका रहेका छन्।

टेकनारायण कुँवर, “पीडितसँग गरिने सोधपुछ प्रक्रिया र समवेदनशीलता”, अभियोजन जर्नल, वर्ष २, अंक १, महान्यायाधिवक्ताको कार्यालय, नेपाल २०७६, १३-२५।

यस लेखमा लेखकले यौन हिंसाबाट पीडितहरूसँग सम्बन्धित अनुसन्धान गर्ने सिद्धान्तहरूको बारेमा व्याख्या गरेको पाइन्छ। अनुसन्धान गर्ने क्रममा संवेदनशील हुनु जरुरी छ अन्यथा पीडित झन पीडित हुने अबस्था बढ्छ।

Sushila Karki, "Government's Initiatives for the Rehabilitation and Reintegration of Trafficking Survivors in Nepal: Victim Justice System Perspective", Kathmandu Sch. L. Rev. 75 (2012).

यस लेखमा लेखकले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र मानव बेचबिखिन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५ मा पीडितलाई पुनःस्थापना गर्ने सम्बन्धमा भएको व्यवस्थाको बारेमा व्यख्या गरेको पाइन्छ। साथै पुनःस्थापना गर्ने नेपाल सरकारको कस्तो भूमिका छ र के कस्तो कदमहरू चालिएको छ भन्ने सम्बन्धमा पनि व्याख्या गरेको पाइन्छ।

Dr Shankar Kumar Shrestha, *A Step Towards Victim Justice System: Nepalese Perspective* (Paiaravi Publication, Kathmandu, 2001).

यसका लेखकले खासगरी नेपालमा पीडितउन्मुख न्याय प्रणाली कसरी स्थापना गर्न सकिन्छ भन्ने सम्बन्धमा विवेचना गरेको पाइन्छ। सो क्रममा लेखकको मुख्य उद्देश्य जसरी पनि पीडितीकरणलाई रोक्नु हो रल पीडितलाई संरक्षण प्रदान गर्नु रहेको छ। त्यसका लागि लेखले पीडितका लागि चाहिने अपराध पीडित सहयोग व्यवस्थापन, कानूनी प्रवधानहरू, कानूनमा गर्नुपर्ने सुधारहरू र पीडितका अधिकारलाई संविधानमा नै व्यवस्था गर्नुसँग रहेको छ।

George P. Flecther, "Justice and Fairness in the Protection of Crime Victims" (2005) 9:3 Lewis & Clark L Rev 547.

यस लेखमा लेखकले स्वच्छ सुनुवाइ र न्यायबीच रहेको भिन्ता छुट्टयाउनुभएको छ। यसको साथै European Court of Human Rights ले गरेको विभिन्न फैसलाहरूका सम्बन्धका समेत उल्लेख गरेको पाइन्छ। साथै अमेरिकन पीडित न्याय प्रणाली र युरोपियन न्याय प्रणालीबीच रहेको भिन्नताको सम्बन्धमा समेत विवेचना गरिएको छ। यसमा हालसम्म Rome Statute of International Criminal Court बाहेक कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिका रुपमा अपराध पीडितको बारेमा व्यवस्था हुन नसकेको पक्षलाई उजागर गर्नुभएको छ। साथै पीडित न्याय प्रणालीका लागि Rome Statute of International Criminal Court कसरी एक महत्त्वपूर्ण सुरुआत साबित भएको छ भन्ने सम्बन्धमा समेत उल्लेख गरेको छ।

Marnix R Hebly, Josane D M Dongen and Siewert D Lindenbergh, "Crime Victims' Experiences with Seeking Compensation: A Qualitative Exploration" (2014) 10 Utrecht L Rev 27.

यस लेखमा लेखकहरूले विद्यमान कानूनी व्यवस्थाहरू र अपराध पीडितहरूसँग अन्तर्वार्ता लिई अनुसन्धान गरेका छन्। यसका साथै लेखकले किन अपराध पीडितहरू कानूनमा उल्लिखित क्षतिपूर्तिसँग सम्बन्धित विभिन्न उपायहरूमध्ये अदालती प्रक्रियालाई नै रोज्छन्। साथै अपराध पीडितहरू क्षतिपूर्ति पाउनका लागि बेहोर्नुपर्ने समस्याहरू र उनीहरू विद्यमान फौजदारी न्याय प्रणालीका कारण कसरी झन् पीडित भइरहेका हुन्छ भन्ने सम्बन्धमा उल्लेख गरेका छन्।

Matthew F. Putorti, “The International Legal Right to Individual Compensation in Nepal and the Transitional Justice Context”, 34 Fordham Int’l L.J. 1131 (2011).

यस लेखमा लेखकले नेपालले अन्तर्राष्ट्रिय कानूनअन्तर्गत लिएका दायित्वहरूलाई पालना गर्नुपर्छ। खासगरी पीडित व्यक्तिहरूको क्षतिपूर्ति र परिपूरणबाट मात्र उसले न्याय पाएको अनुभूति गर्दछ भन्ने धारणा स्वीकार गरिएको छ। साथै यसले शान्ति तथा प्रजातन्त्रको विकासमा पनि मद्दत गर्नेछ।

A Pemberton et al, “Coherence in International Criminal Justice: A Victimological Perspective” 15 Int’l Crim. L. Rev. 339 (2015)

यस लेखमा लेखकहरूले अन्तर्राष्ट्रिय फौजदारी न्यायमा रहेको पीडितशास्त्रीय दृष्टिकोणको बारेमा विवेचना गरेको पाइन्छ। जस्तैः सरकारका निकायको अपराधमा सहभागिता धेरै संख्यामा पीडितहरूको आबद्धता र अन्तर्राष्ट्रिय अपराधमा पीडितहरूको अवस्था जसलाई अपराध हुने बेलामा पीडितको रुपमा नमानी अपराधीको रुपमा परिभाषित गरेको पाइन्छ।

LeRoy L. Lamborn, “The Impact of Victimology on the Criminal Law in the United States”, 8 Can. Cmty L.J. 23 (1985).

यस लेखमा लेखकले संयुक्त राज्यको फौजदारी कानूनमा पीडितशास्त्रले पारेको प्रभावको बारेमा (व्यक्ति र उनीहरूको गतिविधिहरूलाई समावेश गरी व्यापक रुपमा परिभाषित गरेको छ। यसमा फौजदारी कानूनमाथि पारेको प्रभावलाई तीन भागमा विभाजन गरेको छः कसुरको सृजना त्यसलाई पुनः पारिभाषित गरिनुपर्ने दृष्टिकोण; परम्परागत कसुरमा सजायको वृद्धि र नयाँ ढंगले लागू हुनुपर्ने र फौजदारी कानूनको कार्यान्वयनका लागि कार्यविधि कानूनमा परिवर्तन आदि पक्ष समेटिएका छन्।

David Miers, “The Responsibilities and the Rights of Victims of Crime”, 55 Mod. L. Rev. 482 (1982).

यस लेखमा लेखकले कानूनको प्रमुख उदेश्य सार्वजनिक हित नै हो तर यसको तात्पर्य यो होइन कि हामीले पीडितको हक र उसको इच्छालाई पूर्ण रुपमा नजरअन्दाज गर्नु हो।

J. A. Scutt, “Criminal Investigation and the Rights of Victims of Crime”, 14 U.W. Austl. L. Rev. 1 (1979).

हालको समयमा पनि फौजदारी कानून प्रणालीको सम्पर्कमा आउने व्यक्ति वा समूहहरूमध्ये पीडितहरूको अधिकारलाई कमै महत्त्व दिएको पाइन्छ।

Baseline Survey on Criminal Justice System, CeLLrD, 2004.

उपर्युक्त अनुसन्धानमा फौजदारी न्याय प्रणालीमा स्वच्छ सुनुवाइको अवधारणाको महत्त्व सम्बन्धमा विवेचना गरिनुका साथै शंकित, अभियुक्त वा सजाय ठहर भएका व्यक्तिलगायत अपराध पीडितको अधिकारको बारेमा पनि उल्लेख गरेको छ। यस अध्ययनमा अभियुक्तको अधिकारको सम्बन्धमा विस्तृत रुपमा उल्लेख गरेको भए पनि अपराध पीडितको क्षतिपूर्तिको सम्बन्धमा त्यति चर्चा गरिएको छैन।

Analysis and Reform of Nepalese Criminal Justice System, CeLLrD, 2057

यसमा अपराध पीडितलाई गर्नुपर्ने सही व्यवहारको बारेमा व्याख्या गरेको छ। साथै अपराध पीडितलाई क्षतिपूर्ति दिनु वा पुनःस्थापना गर्ने राज्यको दायित्व के हो भन्ने सम्बन्धमा समेत विवेचना गरेको छ। राज्यको पहिलो दायित्व अपराध पीडितलाई राज्यको कोषबाट क्षतिपूर्ति दिनु र पुनःस्थापना गर्नु हो र कसुरदारलाई सजाय ठहर भएको खण्डमा त्यस्तो खर्च वा क्षतिपूर्ति उसबाट भराइदिनुपर्छ।

Crime Victims and the Perspective Towards Justice, Access to Justice and Advocacy of Rights (AJAR) Nepal

यो अनुसन्धान काठमाडौं उपत्यका, काभ्रे, धादिङ, नवलपरासी र चितवनका उतरदाताहरूको सूचनामा अधारित रहेको छ। यसको उद्देश्य अपराध पीडितको अवस्थाको बारेमा अध्ययन गर्नु रहेको थियो भने राज्यको निकायहरूले उनीहरूप्रति देखाएको व्यवहारको बारेमा पनि अध्ययन गर्नु रहेको थियो। साथै राज्यको कुन निकाय अपराध पीडितहरूप्रति जिम्मेवारी वहन गर्नुपर्छ र कस्तो किसिमको भौतिक संरचनाको आवश्यकता पीडितका सवालहरू सम्बोधन गर्नका लागि जरुरी हुन्छ भनी उक्त अनुसन्धानमा सिफारिस गर्ने प्रयास भएको छ।

## १.४ अनुसन्धानका विशेष प्रश्नहरू

यस अध्ययनका मूलभूत प्रश्नहरू यसप्रकार रहेका छन् :

(१) नेपालमा अपराध पीडितहरूको अधिकार संरक्षणका लागि कस्ता खालका विद्यमान कानूनी व्यवस्थाहरू रहेका छन्?

(२) के नेपालमा अपराध पीडितहरूको अधिकार संरक्षणका लागि रहेका कानूनी व्यवस्थाहरू अन्तर्राष्ट्रिय कानूनसंगत रहेको छन्?

(३) के मुलुकी अपराध संहिता, २०७४ र अपराध पीडित संरक्षण ऐन, २०७५ को कार्यान्वयन सही ढंगले भइरहेको छ?

(४) अपराध पीडितहरूको संवैधानिक तथा कानूनी अधिकार संरक्षण गर्न न्यायपालिकाको भूमिका कस्तो रहेको छ?

## १.५ अनुसन्धानका क्षेत्र र उद्देश्यहरू

यस अनुसन्धानको क्षेत्र अपराध पीडितहरूको संरक्षणका लागि नेपालको संविधान र कानूनमा भएको विद्यमान संवैधानिक तथा कानूनी प्रावधानहरूको विश्लेषण गर्नु रहेको छ भने यस अध्ययनको उद्देश्य अपराध पीडितहरूको संरक्षणका लागि नेपालको संविधान र कानूनमा भएको विद्यमान प्रावधानहरू खासगरी नेपालको संविधान र अपराध पीडित संरक्षण ऐन, २०७५ को कार्यान्वयनको अवस्था के रहेको छ भन्ने कुराको पत्ता लगाउनु हो। त्यसको साथै नेपालको कानूनी तथा संवैधानिक व्यवस्थाहरू तथा सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्तहरू अन्तर्राष्ट्रिय दस्तावेजहरूका व्यवस्थासँग के कुन रुपमा तालमेल हुन सके नसकेको अवस्था के छ भनी पत्ता लगाउनु पनि रहेको छ। यस अध्ययनबाट पाइएका समस्याहरूको आधारमा नेपाल सरकार र सोका जिम्मेवार निकायहरूले अपराध पीडितहरूको अधिकार संरक्षणका लागि चाल्नुपर्ने आवश्यक कदमहरूको सन्दर्भमा समेत सुझावहरू दिनु रहेको छ।

## १.६ अनुसन्धानको महत्त्व

यसमा अपराध पीडित संरक्षणसम्बन्धी विद्यमान कानूनी व्यवस्था, अन्तर्राष्ट्रिय स्तरमा भएमा व्यवस्था, अन्य देशले अवलम्बन गरेका कानूनी व्यवस्थाहरू, सरोकारवाला निकायको दायित्व र भूमिका तथा अपराध पीडितको संरक्षणमा देखिएका समस्याहरूको पहिचान गरी सो समस्याहरूको समाधानका उपायहरूलाई समाधान गर्ने दिशामा विभिन्न सुझावहरू दिई अध्ययनलाई पूर्णता दिने कोसिस गरिएकोबाट यस अनुसन्धानको आवश्यकता र महत्त्वलाई पुष्टि गर्दछ। यस अनुसन्धानले पीडितको संरक्षणका सम्बद्धमा विभिन्न अधिकारी वा निकाय वा सरोकारवालाले गर्नुपर्ने कार्यलाई सरल रुपमा सम्पादन गर्न सरल र सहज हुनेछ भन्ने आशा गरिएको छ।

साथै अपराधबाट पीडितहरूको न्यायमा पहुँच र सोसँग सम्बन्धित कानूनहरूको विश्लेषणसहितका प्रतिवेदनहरू अन्य व्यक्ति र संघसंस्थाहरूबाट पूर्वप्रकाशित गरिएको भए पनि अपराध पीडित मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयन र सोको कानूनी, कार्यविधिगत र व्यावहारिक समस्याहरू पत्ता लगाई विश्लेषणात्मक प्रतिवेदन

प्रकाशित हुन सकेको थिएन। अतः उक्त अनुसन्धान प्रतिवेदनले सो रिक्तता पुष्टि गर्ने अपेक्षा राखिएको छ। सीमित संख्यामा जिल्लाहरू र सूचनादाताहरूबीच यो अध्ययन सम्पन्न गरिएको भए पनि छनोटमा परेका जिल्लाहरू तथा सूचनादाताहरूबाट समस्या पत्ता लगाई गहिराइमा पुग्न प्रतिनिधिमूलक रुपमा लिइएका छन्। यस अनुसन्धान प्रतिवेदनमा जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनमा भएका विभिन्न समस्याहरू एवं पीडित र सरोकारवाला पक्षको धारणाको सूक्ष्म अध्ययन गरिएको छ। यस अध्ययनबाट आएका सुझावहरूका आधारमा आगामी दिनमा अपराधका पीडित भएका मुद्दामा क्षतिपूर्तिका फैसला कार्यान्वयनसँग जोडिएका नीतिगत, प्रक्रियागत र कार्यविधिगत जटिलताहरूलाई सम्बोधन गर्न र अपराधका पीडितहरूले सहज रुपमा क्षतिपूर्ति पाउने वातावरण तयार आवश्यक प्रणालीगत सुधारका लागि उपयोगी हुनेछ।

## १.७. अनुसन्धानको सीमा

कोभिड-१९ विश्वव्यापी महामारीका कारण देशका विभिन्न अदालतहरूबाट मुद्दाहरूको संकलन गरी अध्ययन गर्ने नसकिने असहज परिस्थितिका कारण काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाहरूबाट केही प्रतिनिधिमूलक मुद्दाहरू संकलित गरी अपराधका पीडितको संरक्षणमा भएका आदेश वा फैसलाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ। चालु मुद्दाहरूमा मिसिलको अध्ययन गर्न पीडित पक्ष वा उनीहरूका कानून व्यवसायीलाई मात्र सम्भव भएका कारणले यस्ता मुद्दाका केही मिसिलहरूको मात्र अध्ययन गर्न सकिएको अवस्था छ।

## १.८ अनुसन्धान पद्धति

यस अध्ययनको प्रकृति सैध्दान्तिक र व्यावहारिक दुवै भएकाले यसका लागि केही तथ्याङ्क संकलन गरिएको छ। अध्ययनलाई मूर्तरुप दिनका लागि खासगरी, नेपालको संविधान र अपराध पीडित संरक्षण ऐन २०७५, नेपाल सरकारका नाममा सर्वोच्च अदालतले समय समयमा जारी गरेका महत्त्वपूर्ण आदेश तथा पीडित न्यायका सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित विधिशास्त्रीय महत्त्वका सिद्धान्तहरूलाई प्राथमिक स्रोत तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरूलाई सहायक स्रोतका रुपमा लिइएको छ। त्यसैगरी यस अध्ययनले अपराध पीडित र उनीहरूका परिवारका आवाजलाई अगाडि ल्याउन पीडित पक्षहरूलाई पनि सहभागी गराउने प्रयास गरिएको थियो।अध्ययनलाई व्यवहारमुखी बनाउन उपत्यकाका जिल्ला अदालतहरुका केही तथ्याँक विश्लेषण, फैसलाहरुको अध्ययन लगायत जिल्ला न्यायाधीश, अदालतका कर्मचारी, सरकारी वकिल लगायत सरोकारवाला पक्षहरुसँग छलफल गरिएको थियो। यी सरोकारवालाहरूले राखेका धारणाहरूलाई समेत यस अध्ययन प्रतिवेदनमा समुचित स्थान दिने प्रयास गरिएको छ।

## १.९ अध्ययन प्रतिवेदनको स्वरुप

यस अध्ययन प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ। अध्ययनको पहिलो परिच्छेदमा अध्ययन गर्न खोजिएको विषयको सम्बन्धमा सामान्य परिचय, अध्ययनको उद्देश्य, अध्ययन विधि, अध्ययनको सीमा र अध्ययनको संरचना/स्वरुपको बारेमा उल्लेख गरिएको छ।

अध्ययनको दोस्रो परिच्छेदमा अपराध पीडित संरक्षणको अवधारणाको बारेमा चर्चा गरिएको छ। साथै यस परिच्छेदमा अन्तर्राष्ट्रिय कानून र अन्य देशहरूमा रहेको प्रचलित अभ्यासको बारेमा समेत चर्चा गरिएको छ। त्यसैगरी क्षतिपूर्ति सम्बन्धमा भएका अन्तर्राष्ट्रिय कानून, अन्य मुलुकमा भएका अभ्यासहरू, अन्य मुलुकका अदालत र क्षेत्रीय अदालतहरूबाट स्थापित विधिशास्त्रहरू पनि समावेश गरिएका छन्।

परिच्छेदमा तीनमा अपराध पीडित सम्बन्धमा विद्यमान नेपाल कानून, अपराध पीडित मुद्दामा क्षतिपूर्तिसम्बन्धी कानून र अदालतबाट स्थापित नजिरहरूको बारेमा विश्लेषण गरिएको छ। साथै यस परिच्छेदमा अनुसन्धानका क्रममा जिल्ला अदालतहरूबाट संकलन गरिएका तथ्याङ्क, मिसिल अध्ययन विश्लेषण, पीडित, पीडितका परिवार र सरोकारवालाहरूसँग संकलन गरिएको सूचनाको विश्लेषणलाई उचित ठाउँमा स्थान दिइएको छ।

परिच्छेद चारमा अन्य परिच्छेदमा गरिएका विश्लेषणका आधारमा निष्कर्षसहित सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद २

## पीडितको संरक्षणसम्बन्धी अवधारणा, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यास

### २.१ परिचय

अपराध भनेको कुनै पनि देशको फौजदारी कानूनको उल्लंघनलाई बुझाउँदछ। आपराधिक कार्यबाट सामूहिक वा व्यक्तिगत रुपमा आघात, पीडा वा क्षति पुग्ने व्यक्तिलाई अपराध पीडित भनिन्छ। पीडित व्यक्तिबाहेक त्यस्तो आपराधिक कार्यबाट समाज र राष्ट्रलाई पनि असर पुगेको हुन्छ। समाजमा शान्ति र व्यवस्था कायम गरी न्याय प्रदान गर्न राज्यले फौजदारी न्याय प्रणालीको व्यवस्था गरेको हुन्छ। समाज र व्यक्तिविरुद्धका अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने र अपराधबाट पीडित भएका व्यक्तिलाई राहत र क्षतिपूर्ति प्रदान गर्नु तथा अपराधीलाई दण्ड सजाय दिलाई दण्डहीनता अन्त्य गर्नु फौजदारी न्याय प्रणालीको प्रमुख मूलभूत उद्देश्य हो। तर फौजदारी न्याय प्रणालीको महत्त्वपूर्ण कडीका रुपमा रहेका पीडितलाई आफूविरुद्ध भएको अन्यायका सम्बन्धमा र आफ्नो तथा आफ्ना आश्रित परिवारको भविष्य वा जीवनमाथि प्रहार गर्ने अभियुक्तविरुद्ध हुने न्यायिक कारबाहीका क्रममा निजहरूको भूमिका र सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ। न्यायिक प्रक्रियाको सिलसिलामा पीडितहरूलाई कमै मात्रामा सहभागी बनाइएको देखिन्छ। यति मात्रै नभई पीडित र साक्षीको संरक्षण गर्ने, न्यायिक कारबाहीलगायत अनुसन्धानको क्रममा भएका कारबाहीको जानकारी वा सूचना दिने कुरासमेत प्रभावकारी बन्न सकेको छैन।

नेपालमा अपराध पीडित संरक्षण ऐन, २०७५ ले अपराध पीडितको बारेमा विभिन्न अधिकारको व्यवस्था गरेको भए तापनि फौजदारी न्याय प्रणालीमा अपराध पीडितलाई घटना वा अपराधको सूचक वा साक्षीको रुपमा मात्र व्यवहार गरिएको अवस्था छ। कतिपय फौजदारी अपराधबाट पीडित भएका व्यक्तिले त्यस्तो पीडा वा अपराधबाट भएको क्षति वापत क्षतिपूर्ति पाउने कानूनी व्यवस्था भए पनि त्यो पर्याप्त र प्रभावकारी हुन सकेको छैन।

फौजदारी न्याय प्रणालीको सञ्चालनमा पीडितको महत्त्वपूर्ण भूमिका रहने कुरामा दुईमत हुन सक्दैन। पीडितउपर भएको अपराध र पीडितको सूचनाको आधारमा त्यस्तो अपराधको अनुसन्धान प्रारम्भ हुन्छ र अभियुक्तउपरको कारबाही अघि बढ्छ। अभियुक्तलाई सजाय दिलाउन प्रमाण मानिने तर पीडितको सम्मान, अधिकारको संरक्षण र सुरक्षामा बेवास्ता गर्ने अवस्थाले राज्य र सरोकारवाला निकायहरू पीडितप्रति संवेदनशील नभएको देखिन्छ। तसर्थ राज्य र सरोकारवाला निकायहरू पीडित तथा तिनीहरूका अधिकारप्रति संवेदनशील हुनुका साथै पीडितको संरक्षण गर्ने कानून र कार्यविधिको कार्यान्वयनको प्रक्रियामा पनि गम्भीर हुन आवश्यक छ। साथै अपराधबाट पीडितको उद्धार, पुनःस्थापना, राहत, क्षतिपूर्ति, न्यायमा पहुँच र

सहभागिताजस्ता विषयहरू पीडित संरक्षणका क्षेत्रहरू हुन्। अपराधबाट पीडित व्यक्ति, तिनीहरूको संरक्षणको उद्देश्य र तिनीहरूको न्यायसम्बन्धी आधारभूत मान्यताको बारेमा समेत प्रस्ट हुन जरुरी देखिन्छ।

### २.१.१ पीडितको परिभाषा

कुनै पनि आपराधिक कार्यबाट शारीरिक, मानसिक वा आर्थिक पीडा वा क्षति पुगेको व्यक्ति पीडित हो। आपराधिक कार्यको परिणामस्वरुप अपराध गर्ने व्यक्ति वा पीडक र त्यस्तो अपराधबाट पीडामा परेको वा क्षति बेहोरेको व्यक्ति पीडित मानिन्छ। आपराधिक कार्यबाट पीडित हुँदा व्यक्तिको जीउ, ज्यान, स्वतन्त्रता, सम्पत्ति र ख्याति तथा सम्मानमा क्षति पुग्नुका साथै कतिपय अपराधबाट व्यक्तिको सम्पत्ति, मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा नै आघात पुग्दछ। मानव बेचबिखन र यौनजन्य अपराधको कारणबाट खासगरी महिला र बालबालिकाको मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा गम्भीर असर पुग्दछ भने जीउ ज्यानसम्बन्धी अपराधबाट व्यक्तिको जीउ, शरीर, क्षमता, मानसिकतासमेतमा गम्भीर असर पुग्दछ।

पीडित फौजदारी कानूनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रुपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारवान क्षतिलगायतको हानि बेहोर्नुपरेको व्यक्तिलाई जनाउन पीडित शब्दको प्रयोग गरिन्छ। 'पीडित भन्ने शब्दले उपयुक्त भएसम्म प्रत्यक्ष रुपमा पीडित भएका व्यक्तिको परिवार र आश्रितहरू एवं दुःखद अवस्थामा पीडितलाई सहायता पुऱ्याउने र पीडितीकरणको रोकथाममा संलग्न हुँदा क्षति बेहोरेका व्यक्तिहरूलाई समेत जनाउने अन्तर्राष्ट्रिय मान्यता रहेको छ।

अख्तियारको दुरुपयोग र अपराध पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ का अनुसार अपराध पीडित भन्नाले देहायको व्यक्तिलाई जनाउँदछः

- व्यक्तिगत वा सामूहिक रुपमा शारीरिक, मानसिक, भावनात्मक र आर्थिक क्षति बेहोरेको व्यक्ति वा मौलिक हक अधिकारमा व्यापक क्षति भएको व्यक्ति तथा राज्यमा लागू भएको फौजदारी कानूनले गर्नु भनेको काम नगरेर वा नगर्न भनेको काम गरेर वा शक्तिको दुरुपयोग गरेर उनीहरूको अधिकारको व्यापक उल्लंघन भएको व्यक्तिलाई जनाउँछ। पीडक चिनिएको, पक्राउ परेको, अभियोजन गरिएको वा दोषी ठहर भएको अथवा नभए पनि तथा पीडित र पीडकबीच पारिवारिक सम्बन्ध भए पनि वा नभए पनि त्यस्ता व्यक्तिलाई आधारभूत सिद्धान्तअन्तर्गत पीडित मानिएको छ। सन्दर्भअनुसार पीडित शब्दले प्रत्यक्षतः पीडित भएका व्यक्तिको परिवार, आश्रित व्यक्ति तथा पीडितलाई दुःख पीडाबाट जोगाउने वा सहयोग गर्ने क्रममा पीडा वा नोक्सानी बेहोरेको व्यक्तिलाई पनि जनाउँछ।

माथिको परिभाषाअनुसार अपराधबाट शारीरिक, मानसिक र भौतिक क्षति पुगेको व्यक्ति पीडित हो। त्यसका अलावा अपराधबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा असर पुगेको व्यक्ति वा क्षति बेहोरेको व्यक्ति पनि पीडित मानिन्छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ (च), (ज), (झ) र (ञ) मा विभिन्न प्रकारका पीडितको बारेमा उल्लेख गरी परिभाषित गरेको छ। दफा २ (ञ) ले पीडितलाई परिभाषित गरेको छ। जसअनुसार "पीडित" भन्नाले प्राकृतिक व्यक्तिको रुपमा रहेको प्रथम स्तरको पीडित, द्वितीय स्तरको पीडित र पारिवारिक पीडित सम्झनुपर्छ।

दफा २ (ज ) ले प्रथम स्तर पीडितको बारेमा परिभाषित गरेको छ। "प्रथम स्तरको पीडित" भन्नाले पीडकको उमरे, मानसिक अवस्वस्था, कूटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणामस्वरुप फौजदारी दायित्व बेहोर्नु नपर्ने वा पीडकको पहिचान नखुलेको वा पीडकको विरुद्ध अभियोग नलागेको वा कसुरसम्बन्धी मुद्दा फिर्ता भएको वा कसुरदारलाई भएको सजय माफी भएको वा कसुरदार ठहर नभएको वा पीडितसँग पीडिकको जे जस्तो पारिवारिक सम्बन्ध भए पनि पीडितविरुद्ध वारदात भएकामा कसुरको प्रत्यक्ष परिणामस्वरुप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले कसुरमा संलग्न नरही देहायको कुनै अवस्थामा मृत्यु भएको वा क्षति पुगेको व्यक्तिलाई समेत जनाउनेछः

(१) कसुर गरिरहेको व्यक्तिलाई कसुर गर्नबाट रोक्ने कार्य गर्दा,
(२) कुनै व्यक्तिको विरुद्धमा कसुर भइरहेको अवस्थामा त्यस्तो च्यक्तिलाई कसुरबाट बचाउने उद्देश्यले मनासिब सहयोग र उद्धार गर्ने कार्य गर्दा,
(३) उक्त कसुर गरिरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा शंकास्पद व्यक्ति वा कसुरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकार प्रप्त अधिकारीलाई सहयोग पुऱ्याउँदा।

दफा २ (च) ले द्वितीय स्तरको पीडितको बारेमा परिभाषा गरेको छ। "द्वितीय स्तरको पीडित" भन्नाले प्रथम स्तरको पीडितको विरुद्ध भइरहेको वा भएको कसुरमा संलग्न नभएको तर त्यस्तो कसुरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नु परेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसुरमा संलग्न नरहेको तर कसुरको बारेमा जानकारी भएको वा प्रत्यक्षदर्शी साक्षी भएको कारणबाट क्षति बेहोर्नु परेको प्रथम स्तरको पीडित नाबालिगको संरक्षक र प्रथमस्तरको पीडितको विरुद्धमा भएको कसुरका सम्बन्धमा थाहा पाएको कारणले क्षति बेहोर्नु परेको व्यक्तिलाई समेत जनाउनेछः

(१) प्रथम स्तरको पीडितको संरक्षक,
(२) प्रथम स्तरको पीडित नाबालिग भएमा, र

(३) त्यस्तो क्षति बेहोर्नुपरेको व्यक्ति त्यस्तो कसुरमा संलग्न नरहेमा।

दफा २ (झ) ले "पारिवारिक पीडित" को बारेमा परिभाषित गरेको छ। "पारिवारिक पीडित" भन्नाले कसुरको प्रत्यक्ष परिणामस्वरुप मृत्यु भएको प्रथम स्तरको पीडितविरुद्धको कसुरमा संलग्न नरहेको मृतक पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा पीडितमा आश्रित एकासगोलको परिवारको अन्य सदस्य सम्झनुपर्छ।

डा. शंकरकुमार श्रेष्ठका अनुसार पीडित भन्नाले कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपका आपराधिक घटनाबाट नकारात्मक रुपमा प्रभावित व्यक्तिलाई जनाउँदछ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले सो ऐनको प्रयोजनका लागि बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्तिलाई "पीडित" मानेको छ। सो परिभाषा सो ऐनअन्तर्गतको कसुरको सन्दर्भमा मात्र लागू हुने देखिन्छ। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित व्यक्ति भनी दाबी गर्ने व्यक्ति पीडित हुने भनी परिभाषा गरेको छ। उक्त परिभाषा पनि सो ऐनको प्रयोजनका लागि मात्र लागू हुने र लैंगिक हिंसाको पीडितको रुपमा यो परिभाषा गरिएको देखिन्छ। लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को नियम २ (ग) ले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्तिलाई पीडित मानेको छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले पीडित व्यक्तिको परिभाषा गरेको छ। जसअनुसार अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना वा अपमानजनक वा अमानवीय व्यवहार पाउने व्यक्तिलाई पीडित सम्झनुपर्छ। उक्त परिभाषा पनि सो ऐनको प्रयोजनका लागि मात्र लागू हुने देखिन्छ भने यसले यातना पीडितलाई मात्र समेटेको छ।

उल्लिखित परिभाषाका आधारमा पीडितलाई देहायबमोजिम वर्गीकरण गर्न सकिन्छ।

- अपराध पीडित
- यातना पीडित
- मानव अधिकारको उल्लंघनबाट भएका पीडित
- घरेलु हिंसाबाट पीडित

### २.१.२ पीडित र संरक्षणको उद्देश्य

अपराध पीडित संरक्षण ऐन, २०७५ प्रस्तावनामा "नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रक्रियाको अभिन्न अंगको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने र कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा

कसुरको परिणामस्वरुप बेहोर्नुपरेको क्षतिबापत पीडितलाई क्षतिपूर्तिसमेतको व्यवस्था गरी पीडितको हक हित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले यो ऐन बनाइएको हो" भनी अपराध पीडित संरक्षणको उद्देश्यको बारेमा प्रस्ट पारेको छ। मूलभूत रुपमा पीडित र साक्षीको संरक्षणका उद्देश्यहरू निम्नलिखित छन्;

- अपराधबाट पीडितको व्यक्तिगत हक र अधिकार, स्वतन्त्रता, ख्याति, प्रतिष्ठाको न्याय प्रणालीभित्र उच्च सम्मान, रक्षा र संरक्षण गर्नु,
- अपराध अनुसन्धानको क्रममा तथा अदालती कारबाहीको क्रममा पीडित र साक्षीलाई अभियुक्त वा अभियुक्तका तर्फबाट हुन सक्ने सम्भावित शारीरिक, मानसिक वा भौतिक क्षति वा खतरा वा जोखिमबाट मुक्त गर्न र संरक्षण प्रदान गर्न,
- अपराधबाट पीडित भएका व्यक्ति र साक्षीलाई आपराधिक क्रियाबाट पुग्न गएको क्षति र पीडालाई न्यूनीकरण गर्न वा पूर्ति गर्न,
- पीडितलाई पुनःस्थापना गराउन,
- पीडितलाई पुनः पीडित हुनबाट जोगाउन,
- अपराधको तहकिकात, अभियोजन र न्यायिक कारबाहीमा पीडितबाट सहयोग प्राप्त गर्न र आवश्यक प्रमाण लोप हुनबाट रोक्न वा पीडितलाई विपरीत हुनबाट संरक्षण गर्न,
- पीडक वा अभियुक्तलाई सजाय दिलाई कानूनको कार्यान्वयन गर्न र पीडितलाई न्याय प्रदान गर्न,
- फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाई दण्डहीनता अन्त्य गराउन र कानूनको शासन स्थापित गर्न।

### २.१.३ पीडित न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरू[५]

पीडितका अधिकारका विषयमा अन्तर्राष्ट्रिय स्तरमा कुनै सन्धि वा सम्झौता हुन सकेको छैन। केवल अपराधबाट पीडितको न्यायसम्बन्धी आधारभूत सिद्धान्त, १९८५ ले यस सम्बन्धमा पीडितका ४ प्रकारका अधिकारको संरक्षणमा जोड दिएको छ।

(क) न्यायमा सहज पहुँच एवम् स्वच्छ व्यवहारको अधिकार

(ख) पुनःस्थापकीय अधिकार

(ग) क्षतिपूर्ति पाउने अधिकार

(घ) सहायताको अधिकार

---

५ पीडित संरक्षण दिग्दर्शन, २०७०, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय र अपराध पीडित महिला, बालबालिका तथा साक्षी दिग्दर्शन, २०६५, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

## १. न्यायमा पहुँच र स्वच्छ व्यवहारको अधिकार

अन्तर्राष्ट्रिय कानूनले अभियुक्तको स्वच्छ सुनुवाइको अधिकारलाई सुनिश्चित गर्ने व्यवस्थाका साथै पीडित पक्षको पनि अधिकारहरूको संवर्द्धन गर्नु जरुरी छ भनी मान्यता स्थापित गरेको छ। व्यक्ति तथा नागरिकहरूमा आफ्ना कानूनी समस्याहरूको समाधानका लागि न्यायिक निकायहरूको उपयोग गर्न सक्ने सक्षमता विद्यमान हुनुलाई “न्यायमा पहुँच” भन्ने बुझिन्छ। न्यायमा पहुँचको अवस्था सिर्जना हुनका लागि न्यायिक संस्थाहरूले प्रभावकारी रुपले न्यायिक समस्याहरूको सम्बोधन गर्न सक्नुपर्छ। कानूनद्वारा संरक्षित अधिकारहरू उल्लंघन भएमा तिनको प्रचलन गर्न न्यायमा पहुँचबिना असम्भव हुने भएकाले न्यायमा पहुँचको अधिकारलाई अधिकारहरूको पनि अधिकार मान्न सकिन्छ। नागरिकले जुनसुकै जात, जाति, संस्कृति, धर्म, लिङ्ग, वर्ण, उत्पत्ति, भाषा र वैचारिक आस्था भए पनि बिना कुनै विभेद न्याय प्राप्तिका लागि सम्बन्धित न्यायिक निकायसमक्ष पुग्न सक्ने परिस्थितिको निर्माण गरिदिनु न्यायमा पहुँचका लागि पूर्वसर्त नै हो।

सामान्यतया न्यायमा पहुँचअन्तर्गत उपयुक्त कानूनी व्यवस्था, कानूनको ज्ञान तथा चेतना, कानूनी परामर्श र प्रतिनिधित्व, न्यायिक संस्थामाथिको पहुँच, स्वच्छ कार्यविधि तथा प्रचलनयोग्य न्यायिक उपचार पर्दछन्। किनकि यी प्रत्येक तत्त्वहरूले आफ्ना न्यायिक तथा कानूनी समस्याहरू समाधानार्थ न्यायिक प्रक्रियाको प्रयोग गर्ने नागरिकको सक्षमतालाई प्रभावित पार्दछन्। अर्थात् आफ्ना अधिकार तथा स्वतन्त्रताको उल्लंघनविरुद्ध प्रभावकारी न्यायिक उपचार प्राप्त गर्न सक्ने वा नसक्ने भन्ने कुरा उक्त अन्तरवस्तुहरूमा निर्भर गर्दछ। यी तत्त्वहरूको यथोचित उपस्थिति नभएमा न्यायमा पहुँचको अवस्था सिर्जना नभएको मानिन्छ। पीडितको न्यायमा पहुँच र स्वच्छ व्यवहारको अधिकारअन्तर्गत देहायका अधिकारहरू रहन सक्दछन्।

(क) पीडितले सहानुभूतिहरू र आदरभावपूर्वकको व्यवहार पाउने हक

(ख) भोगेको क्षति सम्बन्धमा न्यायको संयन्त्र र पुनः उद्धारको पहुँच पाउने हक हुने

(ग) छिटोछरितो, स्वच्छ, कम खर्चिलो र सुलभ औपचारिक र अनौपचारिक प्रक्रियाको माध्यमबाट न्याय पाउने

(घ) प्रशासनिक र न्यायिक संयन्त्रको माध्यमबाट उपचार प्राप्त गर्न पाउने अधिकारबारे सूचित गर्नुपर्ने

(ङ) कारबाहीको क्रममा उनीहरूको भूमिका, क्षेत्र, कारबाहीको समय, प्रगति र मुद्दाको स्वरुप वा प्रकृतिबारे जानकारी गराउने

(च) सम्बद्ध फौजदारी न्याय प्रणालीअनुरुप र अभियुक्तहरूप्रति पूर्वाग्रह नराखी पीडितको व्यक्तिगत हितमा असर परेको विषयमा तिनीहरूको सरोकार र दृष्टिकोण प्रस्तुत गर्न दिने।

(छ) कानूनी प्रक्रियाको अवधिभरि पीडितहरूलाई उचित सहायता उपलब्ध गराउने

(ज) पीडितको असुविधा कम गर्न गोपनीयताको संरक्षण गर्ने, धाक धम्की, प्रतिशोधबाट परिवार र साक्षीहरूको सुरक्षा प्रत्याभूत गर्ने।

(झ) मुद्दाको कारबाही प्रक्रिया र पीडितका हकमा भएको आदेश, आज्ञासिहरूको कार्यान्वयनमा ढिलाइ हुन नदिने।

(ञ) मुद्दाको फछ्र्योट प्रक्रिया र पीडितका हकमा भएका आदेश, आज्ञसिहरूको कार्यान्वयनमा ढिलाइ हुन नदिने।

(ट) मुद्दाको कारबाही प्रक्रियामा सहभागिता हुन पाउने कुरा जानकारी गराउने।

(ठ) पीडितसँग बयान, बकपत्र तथा सोधपुछ गर्ने क्रममा पीडितको मर्यादा र आदरभाव राख्नुपर्ने।

## २. पुनःस्थापकीय अधिकार

यसअन्तर्गत पीडितलाई भएको क्षति वा हानि पुगेको सम्पत्ति वा नोक्सानीको शोधभर्ना वा क्षतिपूर्ति पाउने, क्षति भएको अधिकारको पुनर्बहाली, सामाजिक प्रतिष्ठामा भएको क्षति भएको अबस्थामा सोको पुनःस्थापना, पूर्वाधारको पुनर्निर्माण, विस्थापित हुँदा लागेको खर्चको शोधभर्ना पाउने अधिकारअन्तर्गत पर्दछन्। मूलतः अपराधबाट पीडितको क्षति भएको अधिकार पुनःस्थापनामा पुनःस्थापकीय न्यायसम्बन्धी अधिकारले जोड दिएको पाइन्छ।

## ३. क्षतिपूर्तिको अधिकार

यस सिद्धान्तअनुसार पीडितले मूलभूत रुपमा अपराध गर्ने पीडकबाट नै क्षतिपूर्ति पाउनुपर्छ। यदि त्यो नहुने भएमा राज्यबाट क्षतिपूर्ति पाउनुपर्छ भन्ने मान्यता रहेको छ। खासगरी गम्भीर अपराधको परिणामस्वरुप ठूलो शारीरिक चोटपटक वा शारीरिक वा मानसिक स्वास्थ्यमा क्षति बेहोर्न परेको, पीडित र पीडितीकरणको परिणामस्वरुप मरेको वा शारीरिक वा मानसिक रुपले असक्षम बन्न पुगेका व्यक्तिका परिवारका सदस्यहरूलाई राज्यले क्षतिपूर्ति दिनुपर्छ भन्ने यस सिद्धान्तको मान्यता हो। यसका लागि राष्ट्रिय कोषको स्थापना, विस्तार र सदृढीकरण गरिनुपर्छ।

कुनै पनि नोक्सानलाई सुधार्नु, मुआब्जा दिनु, मूल्य शोधभर्ना गर्नु वा तिर्नुलाई क्षतिपूर्ति दिनु दिलाउनु भन्ने बुझिन्छ। पीडितले भोग्नुपरेको पीडा वा नोक्सानलाई सन्तुलित रुपमा शोधभर्ना वा मिलान गर्नुलाई पनि क्षतिपूर्ति दिनु भनिन्छ[६]। अपराधको असरबाट पीडितलाई बचाउन क्षतिपूर्ति प्रदान गरिन्छ। केही मुलुकहरूमा

---

६ Sammaiah Mundrathi, *Law on compensation: To Victims of Crime and Abuse of power,* Deep and deep Publications Pvt. Ltd. 2002, 3.

सरकारी कोषबाट पीडितलाई क्षतिपूर्ति प्रदान गरिने व्यवस्था गरिएको पनि पाइन्छ। क्षतिपूर्ति दिनुपछ्याडिका मूलभूत कारणहरूमा :

१. थप सामाजिक सुरक्षाको भाव,

२. समाज कल्याण,

३. नागरिकप्रति भएको सरकारको दायित्वको परिपूर्ति वहन,

४. पीडितलाई सहायता गर्ने मानवतावादी दायित्व।

पीडितको न्याय सुनिश्चित गर्नका लागि क्षतिपूर्तिको अधिकारको संरक्षण एक महत्त्वपूर्ण पक्ष हो जुन कानूनद्वारा नै संरक्षण गरिएको छ। क्षतिपूर्तिलाई कल्याणकारी रुपमा नभई पीडितको अधिकारको रुपमा हेरिनुपर्दछ। पीडितशास्त्रको दृष्टिकोणबाट पीडितमाथि भएको क्षतिबाट बचाउन पीडितलाई क्षतिपूर्ति दिलाउन अत्यन्त आवश्यक हुन्छ।

परमानेन्ट कोर्ट अफ जस्टिस्ल *Chorzow Factory Case*[७] को मुद्दामा क्षतिपूर्तिको दायित्वलाई कानूनको सिद्धान्तअनुसार अपरिहार्य पूरकको संज्ञा दिएको छ। त्यसैगरी अमेरिकामा *Marbury V. Madison*[८] को मुद्दामा पनि क्षतिपूर्तिको अपरिहार्यतालाई स्वीकारिएको छ। पीडितलाई उचित न्याय दिलाउन क्षतिपूर्तिको व्यवस्था गरिनु अत्यन्त जरुरी हुन्छ।

परिपूरण भनेको पीडितले क्षति भएको, गुमेको, हानी पुगेको सम्पत्ति वा भुक्तानी खर्चको शोधभर्ना वा क्षतिपूर्ति पाउने, क्षति भएको अधिकारको पुनर्बहाली, वातावरणीय नोक्सानी भएको अवस्थामा त्यसको पुनःस्थापना, पूर्वाधारको पुनर्निर्माण, विस्थापित हुँदा लागेको खर्चको शोधभर्ना पाउने अधिकार अन्तर्गत पर्दछन्। मूलतः अपराधबाट पीडितको क्षति भएको अधिकार पुनःस्थापनामा पुनःस्थापकीय अधिकारले जोड दिएको पाइन्छ।

### ४. सहायताको अधिकार

पीडितलाई स्वास्थ्य उपचार, भौतिक सामाजिक र मनोवैज्ञानिक सहायताको अधिकार रहन्छ। तसर्थ उक्त अधिकारको उपलब्धताबारे सूचित गर्नुपर्ने, सुलभ र स्वच्छ ढंगले त्यस्ता सेवा सहायता दिनुपर्ने मान्यता यस सिद्धान्तले राखेको छ। न्यायिक कारबाहीका सबै चरणमा पीडित, उनीहरूका संरक्षक, बाबु आमा लगायतका

---

७ *Chrzow Factory (Indemnity)*, 1928 PCIJ (ser. A) No. 17.

८ *Marburry v. Madison,* 5 U.S. (Cranch) 137, 163 (1808). "[T]he very essence to civil liberty consists in the right of every individual to claim the protection of the laws whenever he receives an injury. One of the fi rst duties of government is to afford that protection. Black stones says, 'it is a general and indisputable rule, that where there is a legal right, there is a legal remedy, or action at law, whenever that right is invaded.

व्यक्तिहरूलाई आवश्यक सहयोग र सहायता प्रदान गर्नुपर्छ। अदालती कारबाहीको क्रममा बकपत्र गर्दा आवश्यक भए विशेषज्ञको र भाषाविज्ञको सेवा र सहयोग पनि उपलब्ध गराइनुपर्छ।

## २.१.४ पीडितको संरक्षणका चरणहरू[९]

### १. उद्धारको क्रममा पीडितको संरक्षण

- पीडितउपर भएको अपराधसम्बन्धी विवरण राम्रोसँग अभिलेखित गर्ने र सम्बन्धित निकायको पहुँचलाई सुनिश्चित गर्ने। अपराधको सूचनामा अपराध भएको स्थान, सोसम्बन्धी विवरण, पीडित र अभियुक्तको नाम, पीडित भएको मिति अवस्था, सुराकीको प्रतिवेदन उल्लेख गर्ने। उद्धार गरिएको पीडितलाई तुरुन्त कानूनीलगायत अन्य परामर्श उपलब्ध गराउने।
- उद्धार गरिएको स्थान, पीडितको नाम गोप्य राख्ने।
- अभियुक्त एवं अपराधमा संलग्न व्यक्तिको पहिचानसमेत गोप्य राख्ने।
- पीडित महिला भए उद्धारको क्रममा महिला सामाजिक कार्यकर्तासमेतको उपस्थितिलाई सुनिश्चित गर्ने।

### २. उद्धारपश्चात सुरक्षा र संरक्षण

- पीडितलाई अभियुक्त वा शंकित व्यक्तिबाट अलग राख्ने। पीडितसँग सोधपुछ वा सूचना प्राप्त गर्दा सामाजिक कार्यकर्ता, महिला बालबालिका पीडित भए महिला प्रहरी वा संरक्षक, वा अभिभावकको उपस्थितिमा ध्यान दिने।
- पीडितको बयान लिंदा, कागज गराउदा वा अनुसन्धानको क्रममा सोधपुछ गर्दा तालिम प्राप्त व्यक्तिबाट गर्ने।
- पीडितलाई सम्मानपूर्वक व्यवहार गर्ने। पीडितलाई अभियुक्तसरहको व्यवहार गरिनु हुँदैन। उद्धारपश्चात् प्रभावकारी कानूनी परामर्श उपलब्ध गराउने।
- सम्बन्धित अधिकारीबाट उद्धारपश्चात् राखिएको स्थानको अवलोकन र सुपरिवेक्षण गर्ने।

### ३. उमेर निर्धारण एवं अन्य जाँच परीक्षणको चरणमा संरक्षण

- तालिम प्राप्त र योग्य विशेषज्ञबाट परीक्षण गराउने।
- परीक्षण गर्न पठाइएको विषयबारे पीडितलाई जानकारी गराउने र निजको मञ्जुरी लिएर मात्र पीडितको शारीरिक वा उमेर परीक्षण गर्ने।

---

[९] पीडित संरक्षण दिग्दर्शन, २०७०, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय।

- परीक्षणका सम्भावित परिणामहरूबारे पीडितलाई सूचित गर्ने।
- पीडितको गोपनीयताको हकको सम्मान र संरक्षण गर्ने।
- परीक्षण गर्दा देखिएका अवस्था र पीडितलाई भएका घाउचोट र तिनको अवस्थाबारे पीडितलाई सूचना गर्ने।
- पीडितको संरक्षक, सामाजिक कार्यकर्ता र प्रहरी अधिकृतहरूको उपस्थितिलाई ध्यान दिने।
- पर्याप्त मेडिकल सुविधा उपलब्ध गराउने।

### ४. पुर्पक्ष वा अदालती कारबाहीको चरणमा संरक्षण

- पीडित एवं साक्षीलाई पूर्ण सुरक्षित पुनःस्थापना केन्द्र वा संस्थामा राख्ने। निजहरूलाई भेट गर्न आउने व्यक्तिलाई अनुगमन एवं सुपरिवेक्षण गर्ने।
- पीडितलाई अदालती कारबाहीका प्रत्येक चरणबारे जानकारी दिने।
- पुर्पक्ष वा सुनुवाइको क्रममा अभियुक्तबाट पूर्ण अलग राख्ने।
- पुर्पक्ष वा सुनुवाइका क्रममा वा परीक्षणको क्रममा पीडितलाई पर्याप्त कानूनी परामर्श र सुविधा उपलब्ध गराउने।
- पीडितको आवश्यकताअनुसार दोभाषे वा विशेषज्ञमार्फत उसको भनाइलाई प्रस्तुत गर्ने।
- सोधपुछ, जिरह वा पुनः सोधपुछको क्रममा हैरानी दिने वा पीडा दिने गरी प्रश्न सोध्नबाट वञ्चित गर्ने। लामो सोधपुछ र जिरहलाई avoid गर्ने। कारबाही नसकी लामो स्थगन गर्ने प्रवृत्तिलाई अन्त्य गर्ने। तर न्यायोचित break का लागि समय दिने।
- बन्द इजलासमा पीडितको साक्षी परीक्षण कार्य गर्ने।

## २.१.५ पीडित संरक्षणका विषयहरू

पीडितहरूको संरक्षणअन्तर्गत उद्धारदेखि पारिवारीक पुनर्मिलन, पुनर्एकीकरण तथा सामाजिक पुनःस्थापनाको अवस्थासम्मका चरणहरू पर्दछन्। तसर्थ सरोकारवालाहरूले पीडितको उ उद्धारदेखि नै पीडितबाट हुन सक्ने जोखिमबाट संरक्षण गर्नुपर्ने तथा विभिन्न चरणमा हेरचाह गर्नुपर्ने हुन्छ। पीडितको संरक्षणका विषयहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ।

(क) सुरक्षा

(ख) उद्धार

(ग) स्वास्थ्य उपचार

(घ) स्वदेश फिर्ती

(ङ) कानूनी र मनोवैज्ञानिक परामर्श

(च) अनुसन्धान तथा अभियोजनका क्रममा संरक्षण

(छ) अनुसन्धान तथा अभियोजनको सूचना र जानकारी

(ज) आवास, भोजन, लुगाकपडा, पारिवारिक पहिचान

(झ) पुनःस्थापना

(ञ) पुनर्मिलन

(ट) पुनर्एकीकरण

(ठ) न्यायिक कारबाहीको चरणमा संरक्षण

(ड) न्यायिक प्रक्रियामा सहभागिता र कारबाहीको जानकारी

## २.१.६ पीडितको संरक्षणका क्षेत्रहरू

पीडित संरक्षणको विषय हरेक मुलुकको फौजदारी न्याय प्रणालीको अनिवार्य विषयवस्तु हो र यो विषयको सम्बोधन नभएको न्याय प्रणाली र न्याय व्यवस्था प्रभावकारी रहन सक्तैन। पीडित संरक्षण भन्नाले सामान्यतया पीडितको शारीरिक सुरक्षाको अर्थमा मात्र धेरै जसोले बुझ्ने गरेको पाइन्छ तर पीडित संरक्षणको विषय व्यापक अवधारणा समेट्ने विषय हो। पीडित तथा साक्षीको संरक्षणको विषय कुनै एक चरणमा मात्र नभै विभिन्न समय वा चरणमा आवश्यक पर्छ। तसर्थ अपराध वा घटनाको उद्धारका क्रमदेखि अनुसन्धान तथा अभियोजनका क्रममा, अदालती कारबाहीका क्रममा, फैसला भइसकेपछि कार्यान्वयनका क्रममा र आवश्यकतानुसार त्यसपछिका दिनमा पनि पीडित तथा साक्षीको संरक्षण आवश्यक पर्न सक्छ। खासगरी गम्भीर प्रकृतिका अपराध र संगठित अपराधका पीडित तथा साक्षीलाई जीवनभर संरक्षणको आवश्यकता पनि पर्न सक्छ। पीडित तथा साक्षीको अधिकारको संरक्षण, पीडित तथा साक्षीले सम्मान र मानवोचित शिष्ट भाषा र व्यवहार पाउने विषय, पीडित तथा साक्षी र निजहरूको सामग्रीको सुरक्षाको प्रत्याभूति, पीडित साक्षी भएमा उसले कारबाहीको जानकारी पाउने विषय, पीडित तथा साक्षीको गोपनीयताको प्रत्याभूति, पीडित तथा साक्षीको अवस्थाको निरन्तर अनुगमन, कारबाहीका हरेक चरणमा पीडित तथा साक्षीमैत्री वातावरण पीडित तथा साक्षीको संरक्षणको अवधारणाभित्र पर्ने विषयहरू हुन्। पीडित तथा साक्षीको संरक्षणको अवधारणामा शारीरिक, पारिवारिक सुरक्षा, बसोबास र पुनर्वास, आर्थिक सहयोग तथा क्षतिपूर्ति, औषधोपचार, सामाजिक पुनःस्थापना, परामर्श, न्यायिक प्रक्रियामा सहजीकरण र भ्रमण खर्च आदि विषय पर्छन्।

अपराधबाट पीडित भएका महिला बालबालिकाहरूको संरक्षण गर्नुपर्छ भन्ने मान्यता पछिल्ला दिनमा स्थापित भएको छ। फौजदारी न्याय प्रशासनको एक महत्त्वपूर्ण पाटो पीडित हो भन्ने कुरामा दुईमत छैन। पीडितलाई न्याय दिनु भनेको अपराधीलाई सजाय दिलाउनु मात्रै होइन। पीडितका अधिकारको सम्मान, न्यायमा

सहभागिता, कारबाहीको जानकारी, समाजमा पुनःस्थापना, क्षतिपूर्ति दिलाउनु पनि हो। मूलतः पीडितमैत्री वातावरणको प्राप्ति र न्यायिक प्रक्रियामा सहभागिता पीडितका न्यूनतम अधिकारहरू हुन्। यसका अलावा पीडितको संरक्षणका अन्य क्षेत्रहरू पनि छन्। त्यसलाई पीडितका अधिकारहरूको सापेक्षतामा हेर्नुपर्छ। यद्यपि अपराधको प्रकृति र पीडितलाई भएको क्षतिपूर्तिको आधारमा संरक्षणका क्षेत्रहरू फरकफरक हुन सक्छन्। तथापि अपराध पीडितहरूको संरक्षणका क्षेत्रहरूमा पीडितहरूको उद्धार, उचित र भरपर्दो बसोबास र पुनःस्थापनाको व्यवस्था, पीडित र तिनीहरूका नातेदार तथ साक्षीको शारीरिक र पारिवारिक सुरक्षा, हेरचाह र संरक्षण, प्रहरी, सरकारी वकिल, अदालतलगायतका न्यायिक निकायमा हुने कानूनी कारबाहीको सूचना र जानकारी पाउने कुरा, आर्थिक सहयोग एवं राहत क्षतिपूर्ति, औषधि उपचार र मनोवैज्ञानिक परामर्श, स्वदेश फिर्ता, पुनःस्थापना र पुनर्मिलन तथा पुनर्एकीकरण, अधिकारको सम्मान र पीडितमैत्री वातावरण तथा सामाजिक बहिष्कारबाट संरक्षणलगायतका विषय पर्दछन्।

### २.१.७ पीडित संरक्षणसँग सम्बन्धित सरोकारवाला निकाय/पदाधिकारी

अपराधबाट पीडितको संरक्षण गर्नु राज्यको दायित्वको विषय हो। जसरी अपराधको अनुसन्धान गरी दोषीलाई सजाय दिलाउन र कानूनको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको प्राथमिकताको कार्य मानिन्छ। त्यसरी नै अपराधबाट पीडित व्यक्तिलाई संरक्षण गर्न र न्यायमा पहुँचको सुव्यवस्था गर्नु पनि राज्यको उत्तरदायित्वभित्र पर्दछ। राज्यको दायित्वअन्तर्गत त्यसका सम्बद्ध निकाय एवं पदाधिकारीहरूको भूमिका रहन्छ। पीडितको संरक्षणमा राज्यका धेरै निकायहरू वा पदाधिकारीहरूको फरकफरक भूमिका रहन्छ। खासगरी न्यायिक प्रक्रियामा सरोकारवाला निकाय वा पदाधिकारीको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यस्ता निकायहरूको एक्लो प्रयासले बालबालिका र महिला पीडितको संरक्षण गर्न सम्भव हुँदैन। तसर्थ एकीकृत अवधारणाका आधारमा कार्य गर्नुपर्दछ। त्यस्ता निकायहरूमा प्रहरी-सुरक्षा निकाय, सरकारी वकिल, अदालत, प्रतिरक्षी कानून व्यवसायी, स्थानीय प्रशासन, मानव बेचबिखनसम्बन्धी अपराधका पीडितहरूको हकमा जिल्लास्तरीय समिति एवं राष्ट्रिय समिति, नागरिक समाज, गैरसरकारी संस्था, स्थानीय निकायहरू र सञ्चारकर्मीहरू महत्त्वपूर्ण रहेका छन्।

### २.१.८ पीडित महिला, बालबालिकाविरुद्ध हुने अपराध र त्यसको प्रकृति

प्रायः जुनसुकै आपराधिक कार्यबाट पनि मानिसलाई कुनै न कुनै रुपमा असर परेको हुन्छ। कुनै अपराधले व्यक्तिगत रुपमा असर पुर्‍याएको हुन्छ भने कुनै अपराधले समाज र राष्ट्रलाई पनि प्रभावित गरेको हुन्छ। त्यस्तै कतिपय अपराधले महिला र बालबालिकाहरूलाई बढी प्रभावित पार्दछ। कुनै व्यक्तिको हत्या भएको अपराधले समाजका अलावा उसको परिवार र बालबालिकालाई नै प्रत्यक्ष रुपमा पीडा पुर्‍याउँछ। महिला र

बालबालिकालाई नै असर पुऱ्याउने अर्थात् महिला र बालबालिकाविरुद्धका अपराधहरूमा महिला तथा बालबालिका बेचबिखन, जवरजस्ती करणी, यौन शोषण, यौन दुराचार, घरेलु हिंसा, हाडनाता करणी, बाल विवाह, बहुविवाह, गर्भपतन आदि पर्दछन्। यस्ता अपराधहरू विशुद्ध रुपमा महिला र बालबालिकाविरुद्ध हुने गर्दछन्। यस्ता अपराधले महिला तथा बालबालिकाको सम्मान, ख्याति र स्वतन्त्रतामा असर पुऱ्याउँछ। उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, शोषणविरुद्धको हक, गोपनीयताको हक, स्वतन्त्रताको हक, वैयक्तिक स्वतन्त्रता, आत्मसम्मानजस्ता अधिकारको उल्लंघन गर्दछन्। साथै महिलाको विवाह गर्न पाउने अधिकार, बासस्थान र हिँडडुलको अधिकार, प्रजनन स्वास्थ्य र प्रजननसम्बन्धी हक, महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य हिंसाजन्य कार्यविरुद्धका हक अधिकारमा पनि असर पुऱ्याउँछ। यसैगरी बालबालिकाको आर्थिक, सामाजिक शोषणविरुद्धको हक, शिक्षाको अधिकार, विशेष संरक्षण र सहयोगको अधिकार, जोखिमयुक्त कामविरुद्धको हक, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुने हक, शोषणविरुद्धको हकजस्ता आधारभूत हक अधिकारमा असर पुगेको हुन्छ। त्यस्ता अधिकारको संरक्षण र संवर्द्धन गर्न पनि पीडित संरक्षणको आवश्यकता पर्दछ।

महिला बालबालिकाविरुद्ध हुने अपराधको प्रकृति गम्भीर र संवेदनशील हुन्छ। बेचबिखन, वेश्यावृत्ति, जबरजस्ती करणी, यौन दुर्व्यवहारजस्ता अपराधबाट महिला तथा बालबालिकाको ख्याति, सम्मान, स्वतन्त्रता, गोपनीयताजस्ता न्यूनतम आधारभूत अधिकारको उल्लंघन हुन जान्छ। यस्ता अपराधले पीडित महिला तथा बालबालिकालाई विभिन्न प्रकारको पीडा, असर र प्रभावहरू पार्दछ।

महिलाहरूविरुद्ध हुने अपराधको एक प्रमुख विषय लैंगिक हिंसा हो। सामान्यतः लिङ्गको आधारमा हुने भेदभाव, बहिष्करण, असमानता एवं कसूरजन्य क्रियाकलापलाई लैङ्गिक हिंसाको रुपमा लिने गरिन्छ। लैङ्गिक हिँसा पीडितका रुपमा महिला, बालबालिका, पुरुष एवं तेस्रोलिङ्गी जो-कोही हुन सक्छ। यद्यपि, लैङ्गिक हिंसाबाट मूलतः महिलाहरू नै पीडित भइरहेको सन्दर्भमा लैङ्गिक हिंसालाई महिलाविरुद्ध हुने हिंसाको रुपमा लिने गरिन्छ। यस्तो लैंगिकतामा आधारित हिंसालाई महिलाविरुद्ध भेदभावकै एक स्वरुप मानिन्छ। हाम्रो सन्दर्भमा लैङ्गिक हिंसा भन्नाले मूलतः महिलाविरुद्धको हिंसालाई नै बुझ्ने गरिएको पाइन्छ।

लैंगिकतामा आधारित हिंसा भन्नाले महिलाविरुद्ध लक्षित त्यस्तो हिंसा हो जो महिला भएकै कारण गरिएको हुन्छ वा त्यस्तो हिंसा जसले महिलालाई असमान व्यवहार गर्दछ। संयुक्त राष्ट्रसंघ, अन्तरनिकाय स्थायी समितिअनुसार लैंगिकतामा आधारित हिंसा भनेको त्यस्तो साझा शब्द हो, जसको अर्थ व्यक्तिको इच्छाविरुद्ध हुने कुनै पनि पीडा पुऱ्याउने कार्य हो, जुन महिला र पुरुषबीचको सामाजिक मूल्य मान्यता (जेन्डर) मा आधारित हुन्छ। यसैगरी महिलाविरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने

सम्भावना हुन्छ। जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देजसमेत पर्दछ। लैंगिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहारलगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ। लैङ्गिक हिंसा बृहद् शब्दावली हो, यसभित्र महिलाविरुद्ध हुने हिंसा, घरेलु हिंसा, कार्यस्थलमा हुने हिंसा, सामाजिक कुरीतिबाट उत्पन्न हुने व्यवहार आदिसमेत पर्दछन्। लिङ्गको आधारमा हुने भेदभाव, बहिष्करण, असमानता एवं कसुरजन्य क्रियाकलापलाई लैङ्गिक हिंसा भन्न सकिन्छ। लैङ्गिक हिंसापीडितका रुपमा महिला, बालबालिका, पुरुष एवं तेस्रोलिङ्गी जो कोही हुन सक्छ तर लैङ्गिक हिंसाबाट बढी मात्रामा महिलाहरू पीडित छन्। महिला र बालबालिका नै अत्यधिक खतरामा रहेका र ज्यादै प्रभावित हुने गरेका कारण लैंगिकतामा आधारित हिंसा र महिलाविरुद्धको हिंसालाई एकै अर्थमा लिने गरेको पाइन्छ तर केटा र लोग्ने मानिसहरू पनि लैंगिकतामा आधारित हिंसाबाट प्रभावित भएका अनुभवहरू छन्। लैंगिकतामा आधारित हिंसामा महिला वा पुरुषद्वारा हिंसाजन्य कार्यमा संलग्न भई सामान्यतः महिला पीडित हुन्छन्।

घरेलु हिंसा, यौन दुर्व्यवहार, जबर्जस्ती करणी, परिवारका सदस्यबाट बालबालिकालाई हुने यौन दुर्व्यवहार, बलपूर्ण गर्भधारण, शारीरिक, यौनजन्य र मानसिक यौनजन्य दासता, महिलाविरुद्ध परम्परागत रुपमा हुने हत्या, आगजनी, एसिड खन्याउनेलगायतका कार्य, सशस्त्र द्वन्द्वमा जबर्जस्ती करणी, हत्याजस्ता हिंसा, महिला र बालबालिकाको बेचबिखन र वेश्यावृत्तिमा लगाउने कार्य, बलपूर्वकको विवाह, यौनजन्य दुर्व्यवहार र कार्यस्थलमा धम्की आदि लैंगिकतामा आधारित हिंसाको स्वरुपहरू हुन्। हाम्रो सन्दर्भमा पनि समाजमा हुने गरेका सबै प्रकारका अपराधहरू महिलाउपर पनि हुने गर्दछन्। तथापि वर्तमान अवस्थामा अपराधको तथ्यांकलाई हेर्ने हो भने मानव बेचबिखन, यौन शोषण, यौन दुराचार, बलात्कार, घरेलु हिंसा, हत्या, अपहरण, गर्भपतन, कुटपिट, गाली बेइज्जती बलपूर्वक विवाह आदि आपराधिक कार्यहरू महिलाउपर हुने गरेको पाइन्छ। लैंगिकतामा आधारित हिंसा मूलतः महिलाविरुद्ध हुने गरेको सन्दर्भमा महिलाको जीवन चक्रीय दृष्टिकोणबाट हेर्दा यस्तो हिंसा जीवनको छवटा तहमा हुने गरेको देखिन्छ। यी देहायबमोजिम रहेका छन्।

(क) गर्भावस्थाः लिंग पहिचान गरी गर्भपतन, गर्भवती समयमा कुटपिट र बलपूर्ण गर्भाधान।

(ख) शिशु अवस्थाः केटी शिशु हत्या, शारीरिक हिंसा, खाना तथा स्वास्थ्य सुविधाको पहुँचमा विभेद।

(ग) बाल्यावस्थाः हाडनाता करणी तथा यौन दुर्व्यवहार, खाना, स्वास्थ्य तथा शिक्षामा भेदभाव, बाल वेश्यावृत्ति।

(घ) किशोर अवस्थाः कार्यस्थलमा यौन दुर्व्यवहार, बलात्कार, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती वा मन्जुरीबिना विवाह।

(ङ) प्रजनन अवस्थाः यौन साथीबाट दुर्व्यवहार, वैवाहिक बलात्कार, दाइजोजन्य हिंसा, मानसिक यातना, घरेलु हिंसा, अत्यधिक कार्यबोझ।

(च) वृद्ध अवस्थाः एकल महिलालाई दुर्व्यवहार, ज्येष्ठ नागरिकलाई दुर्व्यवहार।

नेपालमा लैंगिक हिसासँग सम्बन्धित विभिन्न मुद्दाहरू छन्। लैंगिक हिंसासम्बन्धी मुद्दाहरूलाई सरकारवादी हुने र दुनियाँवादी हुने मुद्दाको रुपमा लिन सकिन्छ। मानव बेचबिखन तथा ओसारपसार, जबर्जस्ती करणी, बहुविवाह, बाल विवाह, ज्यान, सार्वजनिक अपराध, विद्युतीय सञ्चारमाध्यमबाट हुने कतिपय सान्दर्भिक अपराधलाई सरकारवादी हुने लैंगिक हिंसाको रुपमा लिन सकिन्छ। यसरी नै कुटपिट, खानलाउन नदिएको, घरबाट निकाला गरेको, जबरजस्ती विवाह, ढाँटी विवाह, गाली बेइज्जती ऐनअन्तर्गतका मुद्दाहरू, आशय करणीको महलअन्तर्गतका मुद्दा र घरेलु हिंसासम्बन्धी मुद्दाहरू दुनियाँवादी हुने लैंगिक हिंसाको रुपमा लिन सकिन्छ।

## २.१.९ पीडित महिला र बालबालिकामा पर्ने असर र प्रभाव

अपराधबाट पीडित भएका महिला तथा बालबालिकामाथि पर्ने असर र प्रभाव अपराधको प्रकृति र मात्राअनुसार फरक हुन सक्छ। बेचबिखन तथा ओसारपसारमा परेका पीडित बालबालिका तथा महिलाहरू गम्भीर शारीरिक तथा मानसिक पीडाको सिकार बन्न पुग्दछन् भने जबर्जस्ती करणी, घरेलु हिंसा, वेश्यावृत्तिजस्ता अपराधबाट पीडित बालबालिका र महिलाहरूमा पनि शारीरिक तथा मानसिक पीडाको असर देखिन्छ। कुटपिट, ठगी, चोरीजस्ता अपराधबाट पीडित हुनेको असर शारीरिक र आर्थिक प्रकृतिको हुन्छ। यसप्रकार अपराधबाट पीडित महिला बालबालिकाहरूमा पर्ने असर र प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### १. मानव अधिकारको गम्भीर उल्लंघन

सम्मानपूर्वक बाँच्न पाउने हक, व्यक्तिगत स्वतन्त्रता, समानता, गोपनीयता, शोषणविरुद्धको हक, जबर्जस्ती श्रमविरुद्धको हकजस्ता मानव अधिकारको गम्भीर उल्लंघन हुन पुग्छ। महिला बालबालिकाको आत्मसम्मान र ख्यातिमा पनि गम्भीर असर पुग्दछ।

### २. शारीरिक पीडा

कतिपय अपराधबाट पीडित व्यक्तिले ज्यान नै गुमाउनुपर्छ भने मृतकका आश्रित व्यक्ति वा परिवारमा अपूरणीय क्षति पुग्न जान्छ। यसबाट आश्रित परिवार वा व्यक्ति नै पीडामा पर्दछन्। पीडितको जीवन रहेको अवस्थामा पनि अपराधको प्रकृतिअनुसार उसलाई शारीरिक पीडा भोग्नुपरेको हुन्छ। शारीरिक घाउ चोट, अङ्गभङ्ग, हुने, कुरुप देखिने, अपाङ्ग भएर रहनुपर्ने, अचेत र विक्षिप्त हुनुपर्नेजस्ता शारीरिक समस्या र पीडाहरू सिर्जना हुन

सक्दछन्। कतिपय अपराधहरूको परिणामस्वरुप महिला बालबालिकाहरू अरू रोगको सिकार बन्न पुग्दछन्। जबर्जस्ती करणी, वेश्यावृत्ति, बेचबिखनबाट पीडित भएका महिला, बालबालिकाहरूमा एचआईभी, एड्सजस्ता सक्रमण हुन सक्छ भने शारीरिक पीडा पनि बेहोर्नुपर्छ। रक्तश्राब हुने, कम्पन हुने, दिसापिसाब नियन्त्रण नहुने, पाचन प्रणालीमा समस्या, टाउको दुख्ने, दुर्बलता बढ्नेजस्ता शारीरिक पीडा वा समस्याहरू सिर्जना हुन पुग्दछन्।

### ३. मानसिक वा मनोवैज्ञानिक प्रभाव

पीडितहरूमा शारीरिक प्रभावका अलावा मानसिक असर पर्दछ। जसअनुसार एकान्तमा बस्ने, सोचिरहने, डर मान्ने, मानिसको समुदायमा बस्न हिचकिचाउने, भय, त्रासमा रहेको जस्तो देखिने, निराश, हतोत्साहित हुने, स्मरण शक्ति कमजोर हुने, दोषी मनोभावना महसुस गर्ने, आक्रामक देखिने, असुन्तलन र अस्थिर रहने, सही सूचना र जानकारी दिन हिचकिचाउनेजस्ता प्रभावहरू देखिन्छन्। साथै चिच्याउने, डराउने, दोषी ठान्ने, तनावमा रहने, असुरक्षित ठान्नेजस्ता प्रवृत्तिहरू पनि देखिन्छन्।

### ४. आर्थिक असर

अपराधको प्रकृतिअनुसार पीडितले आर्थिक क्षति वा असर पनि बेहोर्नुपर्छ। कतिपय अपराधबाट प्रत्यक्ष रुपमा सम्पत्ति नै क्षति हुन पुग्दछ। चोरी, ठगी, लुटपाटबाट पीडित हुनेको सम्पत्ति नै नोक्सान हुन्छ भने कतिपय अपराधको परिणामस्वरुप पीडित भएका व्यक्तिहरूमा आर्थिक असर वा प्रभाव पर्दछ। शारीरिक क्षति भएकोमा त्यसको उपचार र कानूनी कारबाही गर्दा थप क्षति हुन जान्छ भने आय गर्न सक्ने शारीरिक मानसिक क्षमतामा ह्रास आई आर्थिक क्षति हुन जान्छ।

### ५. सामाजिक प्रभाव

अपराधबाट पीडित भएका महिला बालबालिकाहरूमा गम्भीर सामाजिक प्रभाव पर्दछ। यसबाट पुनः पीडित हुने अवस्था हुन्छ। बलात्कार, बेचबिखन, ओसारपसार, वेश्यावृत्ति वा यौन शोषणजस्ता अपराधबाट पीडित महिला, बालबालिकाहरूलाई समाजमा पुनःस्थापना हुन सामाजिक संरचना र परम्परागत सोचले गर्दा कठिन हुन्छ। समाजले पुनःस्थापना नगर्ने, बहिष्कार र Isolation गर्ने, परिवारले अस्वीकार गर्ने, पुनर्मिलन नगराउने, दूरदूर गर्नेजस्ता कारणबाट सामाजिक असर पर्दछ। समाजबाट संरक्षण र सम्मानपूवर्क व्यवहार प्राप्त गर्न नसक्दा पीडितहरू हीनताबोधको सिकार हुन पुग्ने सम्भावना रहन्छ। तसर्थ उनीहरूलाई संरक्षण, सहयोग र पुनःस्थापनाका लागि प्रोत्साहित गर्नु जरुरी हुन्छ।

## २.२ अन्तर्राष्ट्रिय कानून र अभ्यास

### २.२.१ अन्तर्राष्ट्रिय कानूनमा अपराध पीडितको अधिकार

अपराध पीडितको अधिकारलाई थुप्रै अन्तर्राष्ट्रिय कानूनहरूले संरक्षण गरेको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८[१०] ले संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरू हनन गर्ने कार्यहरूको विरुद्ध सक्षम राष्ट्रिय अदालतबाट प्रभावकारी उपचार प्राप्त गर्ने अधिकार सबैलाई हुने स्पष्ट व्यवस्था गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पनि महासन्धिमा प्रत्याभूत गरिएका नागरिकको अधिकार र स्वतन्त्रता उल्लंघन भएमा प्रभावकारी उपचार प्रदान गर्ने दायित्व पक्ष राष्ट्रमाथि तोकेको छ[११]।

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा २ (च) ले पक्ष राष्ट्रलाई महिलाविरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने दायित्व तोकेको छ। त्यस्तै उक्त महासन्धिको धारा ६ ले महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् भन्ने व्यवस्था गरेको छ। पक्ष राष्ट्रहरूलाई गरेको सिफारिसमा CEDAW Committee ले सन् १९९२ मा गरेको सिफारिस नं. १९ मा जबरजस्ती करणीलगायत लिङ्गको आधारमा गरिने हिंसालाई निरुत्साहित गर्न पक्ष राष्ट्रहरूले पीडितलाई संरक्षण गर्ने र सहयोगसम्बन्धी सेवाहरू उपलब्ध गराउनुपर्ने भनी उल्लेख गरेको छ।

"परिवारिक हिंसा, बलात्कार, यौन हिंसा र अन्य लैगिंक हिंसाविरुद्धका कानूनहरूले महिलाको आत्मसम्मानको पूर्ण रुपमा संरक्षण गर्ने व्यवस्थालाई राज्यपक्षले सुनिश्चित गर्नुपर्दछ। यथेष्ठ संरक्षणात्मक र सहयोगात्मक सेवाहरूको व्यवस्था राज्यले पीडितका लागि गर्नुपर्दछ। प्रभावकारी उजुरी कार्यविधि र क्षतिपूर्तिलगायतका उपचारहरू पीडितका लागि उपलब्ध गराउनु राज्यको दायित्व हो।"

*Karen Tayag Vertido v. The Philippines (2008), A.S. v. Hungary (2006)*[१२] को मुद्दामा CEDAW Committee ले राज्यले पीडितलाई यथोचित क्षतिपूर्ति दिनुपर्ने भनी फैसला गर्दै क्षतिपूर्ति दिन सम्बन्धित

---

[१०] Universal Declaration of Human Rights,1948, Article 8.

[११] International Covenant on Civil and Political Rights, G.A. res. 2200A (XXI), 21 U.N. GAOR Supp. (No. 16) at 52, U.N. Doc. A/6316 (1966), 999 U.N.T.S. 171, Article 2.

[१२] http://www.lawschool.cornell.edu/womenandjustice/Legal-and-Other-Resources/CEDAW-Committee.cfm_, visited date 2070-2-10

देशहरूलाई सिफारिस गरेको छ। नेपालले पनि यस महासन्धिलाई अनुमोदन गरिसकेकाले CEDAW Committee को उक्त व्याख्या नेपालका लागि पनि उत्तिकै सान्दर्भिक रहेको छ।

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ को धारा १४[१३] ले प्रत्येक पक्षराष्ट्रलाई यातनाका पीडितलाई कानूनी उपचार र उचित क्षतिपूर्तिको अधिकार प्रदान गर्ने सम्बन्धमा आफ्नो कानून प्रणालीमा सुनिश्चित गर्ने राज्यको दायित्व तोकेको छ। साथै यातनाको फलस्वरुप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूलाई क्षतिपूर्ति पाउने अधिकार हुने व्यवस्था गरेको छ। यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ को धारा १४ को यस व्यवस्थालाई यसैका General Comment No. ३[१४] मा पक्ष राज्यको दायित्वको परिधिलाई व्याख्या गरिएको छ।

पीडितलाई कानूनी उपचार र उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने राज्यको दायित्वको दुई पाटा रहेका छन्, कार्यविधिगत र सारभूत। कार्यविधिगत दायित्वअन्तर्गत यातनाका पीडितलाई कानूनी उपचार र उचित क्षतिपूर्तिको अधिकार प्रदान गर्न कानून निर्माण गर्ने, उजुरी गर्ने संयन्त्र, अनुसन्धान गर्ने निकाय र स्वतन्त्र न्यायिक निकायको स्थापना गर्नुपर्ने हुन्छ। सारभूत दायित्वअन्तर्गत यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहारका पीडितलाई उचित र प्रभावकारी उपचार र क्षतिपूर्तिको अधिकारका साथै पुनस्थापनाका साधनलाई पनि पक्ष राज्यले सुनिश्चित गर्नुपर्ने हुन्छ। यस महासन्धिलगायत थुप्रै अन्य अन्तर्राष्टिय कानूनहरूमा जबरजस्ती करणीलाई यातनाको परिभाषाभित्र समेट्ने गरी व्याख्या गरिएको अवस्था छ।

त्यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि, १९८९[१५] ले पीडित बालबालिकाहरूको पुनःस्थापनाको अधिकार सुनिश्चित गरेको छ। सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५[१६] ले पीडितलाई प्रभावकारी संरक्षण र उपचार प्रदान गर्नुपर्ने दायित्वको सृजना पक्षराष्ट्रमाथि गरेको छ। यस कार्य आधिकारिक राष्ट्रिय न्यायाधिकरण र अरु देशको संस्थाको माध्यमबाट जातीय भेदभावको विरुद्ध गर्नुपर्ने, साथै यस महासन्धिविरुद्ध गई मानव अधिकार र सारभूत स्वतन्त्रता हनन गर्ने कार्य गरेमा यही आधिकारिक न्यायाधिकरणमा अधिकार प्राप्तिका निम्ति जानुपर्दछ। भेदभावको कारण कसैले क्षति भोगेमा क्षतिपूर्ति प्रदान गर्नुपर्दछ भनी यस महासन्धिले व्यवस्था गरेको छ।

---

१३ Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, G.A. res. 39/46, December, 1984.

१४ General Comment No. 3 of the Committee against Torture, CAT/C/GC/3, November, 2012. Available at: http://www2.ohchr.org/english/bodies/cat/docs/GC/CAT-C-GC-3_en.pdf

१५ Convention on the Rights of the Child, 1989 G.A. res. 44/25 o, 20 November 1989, Article 39.

१६ The Convention on the Elimination of All Forms of Racial Discrimination, 1965, G.A. res. 2106 (XX) of 21 December 1965.

जबरजस्ती बेपत्ता बनाइएका नागरिकहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २०१० को धारा २४ (३)मा अपराध पीडितको परिपूरण प्राप्त गर्ने अधिकार (Reparation), भित्र प्रतिस्थापन (Restitution), क्षतिपूर्ति (Compensation), पुनःस्थापना (Rehabilitation) र सन्तुष्टि (Satisfaction) का विषयहरू पर्ने उल्लेख गरिएको छ। यस महासन्धिमा व्यवस्था गरिएका परिपूरणसम्बन्धी व्यवस्थाहरू बलात्कारबाट पीडितका सन्दर्भमा पनि अनुसरण गर्न सकिन्छ। महासन्धिअनुसार पीडितलाई क्षतिपूर्ति र पीडितको परिवारमा पुनःस्थापना गरेर मात्र पुग्दैन, राज्यको प्रभावकारी संयन्त्रसमेत परिचालन गरी पुनः पीडितमाथि अपराध हुन नदिने प्रतिबद्धतासमेत गरिएको हुनुपर्दछ।

पीडितलाई क्षतिपूर्ति गर्ने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय सातौं कंग्रेसबाट सन् १९८५ मा शक्तिको दुरुपयोग र अपराधबाट पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र (Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985)[१७] जारी भएको छ। यस आधारभूत सिद्धान्तको कार्यान्वयनको लागि निर्देशिकासमेत तयार पारिएको छ। यस आधारभूत सिद्धान्तमा अपराध पीडित तथा शक्तिको दुरुपयोगको परिभाषा गरिनुका साथै पीडितका मुख्य चार प्रकारका अधिकारहरू संरक्षित हुनुपर्ने मान्यता अघि सारिएको छ, जो निम्न प्रकार छन् :-

१. न्यायमा सहज पहुँच एवम् स्वच्छ न्यायको अधिकार,

२. अपहरित एवम् नोक्सान भएको सम्पत्तिको पुनर्प्राप्ति, पुनःस्थापना वा पीडकबाट क्षतिपूर्ति भराई पाउनेसम्बन्धी अधिकार,

३. पीडकबाट पुनःस्थापना वा क्षतिपूर्ति दिलाउन नसकिएको अवस्थामा राज्यबाट क्षतिपूर्ति पाउने अधिकार,

४. मौलिक, स्वास्थ्य उपचार, मनोवैज्ञानिक एवम् सामाजिक सहयोगसम्बन्धी अधिकार।

यसरी यस घोषणापत्रले पीडितको पीडकबाट क्षतिपूर्ति भराई पाउनेसम्बन्धी अधिकार तथा यससम्बन्धी राज्यको दायित्व सम्बन्धमा व्यवस्था गरेको छ। अपराधीबाट क्षतिपूर्ति पूर्ण रुपमा प्राप्त नहुने अवस्था भएमा राज्यले पीडित र पीडितको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था यसमा गरेको छ। पीडितले आफ्नो मुद्दामा भएको कारबाहीको प्रगति तथा परिणामबारेमा जानकारी पाउने पीडितको अधिकार रहने कुरालाई पनि यस घोषणापत्रमा उल्लेख छ।

महिला, शान्ति र सुरक्षा परिषद् पहिलो प्रस्तावना १३२५[१८] ले महिला र बालिकाका लागि परिपूरण, पुनःस्थापना, पुनर्समायोजन र युद्धपश्चात् पुनर्निर्माणमा विशेष आवश्यकता सुनिश्चित गर्नुपर्ने कुरा स्पष्ट पार्दछ।

---

[१७] UN doc.E/CN. 15.1997.16

[१८] UN Security Council Resolution 1325, S/RES/1325 (2000)

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावना १८२०[१९] ले जबरजस्ती करणी र विभिन्न किसिमका यौनजन्य हिंसा मानवताविरुद्धको अपराध हो भनी उल्लेख गरेको छ। विशेषतः संयुक्त राष्ट्रसंघले द्वन्द्वका पीडितलाई द्वन्द्वको समयमा र युद्धपश्चात् दुवै अवस्थामा दिगो सहायता प्रदान गर्न पक्ष राष्ट्रलाई आग्रह गर्दछ।

उपचार प्राप्त गर्नबाट वञ्चित भएका जबरजस्ती करणी र यौनजन्य हिंसाका पीडितहरूका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले पीडित कोषको स्थापना गरेको छ। अदालतले क्षतिपूर्ति आदेश गरेबमोजिम कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र पर्ने अपराधका पीडितलाई शारीरिक र मानसिक पुनःस्थापना वा भौतिक सहायता प्रदान गर्ने अधिकार यस कोषलाई दिइएको छ।

जरिवाना, जफत र राज्यले स्वविवेकले गरेको योगदान र कोषमा व्यक्तिगत रुपमा दिइएको अनुदानबाट[२०] प्राप्त रकमबाट कोषका क्रियाकलापहरू सञ्चालन हुन्छन्। मानवताविरुद्धको अपराध र युद्ध अपराधका पीडितहरूको विशेष आवश्यकता पूरा गर्नका लागि कोषले चारवटा क्षेत्रमा सहायता प्रदान गर्दछ, जसमध्ये यौन दुर्व्यवहार एक हो।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम विधानको धारा ६८ ले पीडित र साक्षीको संरक्षण र तिनीहरूको फौजदारी मुद्दाको कारबाहीको क्रममा संरक्षणको व्यवस्था गरेको छ। यस विधानअनुसार पीडित र साक्षीको संरक्षणका लागि अदालतले उचित र आवश्यक निम्न उपायहरू अवलम्बन गर्नुपर्छ।

(क) पीडित र साक्षीको सुरक्षा, शारीरिक र मनोवैज्ञानिक सम्मान र गोपनीयता कायम गर्ने यसका लागि अदालतले पीडित वा साक्षीको उमेर, लिङ्ग स्वास्थ्य, अपराधको प्रकृतिजस्ता सम्बन्ध तत्त्वहरूलाई सम्मान गर्नुपर्छ।

(ख) यस्ता अपराध र अभियोगको क्रममा अभियोजनकर्ताले समेत यस्ता उपायहरू अवलम्बन गर्नुपर्छ।

सार्वजनिक सुनुवाइको अपवादको रुपमा अदालतले पीडित र साक्षीको संरक्षणका लागि मुद्दाको कुनै पनि कारबाहीका क्रममा बन्द इजलासमा सुनुवाइ गर्ने वा विद्युतीय अन्य विशेष उपायको प्रयोगद्वारा प्रमाण प्रस्तुतीकरण गर्नेजस्ता उपायहरूलाई अनुमति दिन सक्छ। यस्तो प्रक्रिया वा कार्यविधिको प्रयोग यौन हिंसा वा बालबालिका पीडित वा साक्षी भएको मुद्दामा गरिन्छ।

अभियोक्ताको भूमिकासम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शन, १९९० ले मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अगालेका कानूनको अगाडि समानता, स्वच्छ तथा स्वतन्त्र एवं सक्षम न्यायाधिकरणद्वारा न्याय पाउने सिद्धान्तलाई न्याय प्रशासनसँग सम्बन्धित संगठनले वास्तविकतामा परिणत गर्नका लागि आवश्यक

---

[१९] UN Security Council Resolution 1820, S/RES/1820(2008)

[२०] http://www.trustfundforvictims.org/

कार्य गर्ने जिम्मेवारी हुने उल्लेख गरेको छ। यसमा अभियोक्ताको भूमिका पनि महत्त्वपूर्ण रहने उल्लेख छ। जसअनुसार अभियोक्ताहरूले फौजदारी न्याय प्रणालीमा प्रभावकारी भूमिका खेल्नुपर्ने, अपराधको अनुसन्धानमा कानूनसँग सापेक्ष हुने गरी सुपरिवेक्षण गर्नुपर्ने, मानव मर्यादाको सम्मान र संरक्षण गर्नुपर्ने, पीडितहरूका व्यक्तिगत हितमाथि असर परेको अवस्थामा तिनीहरूका विचार र सरोकारहरूउपर मध्यनजर गर्ने र पीडितहरूका अधिकारका विषयमा अपराधका पीडित तथा शक्तिका दुरुपयोगका पीडितसम्बन्धी घोषणापत्रबमोजिम उनीहरूका अधिकारका बारेमा सुसूचित गर्नुपर्ने, अभियुक्तका अलावा पीडितका अधिकारहरूको सम्मान गर्नुपर्नेजस्ता विषयहरू रहेका छन्।

अन्तरदेशीय संगठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० को धारा २४ र २५ ले अपराधबाट पीडित र साक्षीको संरक्षण र सहयोग सम्बन्धमा पक्ष राष्ट्रहरूले उचित उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ। जसअनुसार पक्ष राष्ट्रले उक्त महासन्धिले समावेश गरेका अपराधसँग सम्बन्धित मुद्दाहरूको न्यायिक कारबाहीका सिलसिलामा बकपत्र गर्ने साक्षीहरूको प्रभावकारी संरक्षणका उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ। यसअन्तर्गत त्यस्ता व्यक्तिहरूको शारीरिक संरक्षण, तिनीहरूको पहिचान र बसोबासको सूचनाको गोपनीयता कायम गर्ने, भिडियो वा अन्य माध्यमबाट साक्षीको बकपत्र वा परीक्षणको व्यवस्था गर्न अनुमति दिने, साक्षीको सुरक्षाको उचित व्यवस्था गर्ने, यस्तो सुरक्षा र संरक्षण पीडितको हकमा पनि लागू हुने व्यवस्था गरेको छ।

यसैगरी यस महासन्धिले सूचीकृत गरेका अपराधबाट पीडित भएका व्यक्तिहरूको संरक्षण र सहायताका लागि खासगरी प्रतिशोधको धम्की वा डरधाकको अवस्थाका पीडितहरूको सुरक्षा र संरक्षणका लागि उचित उपायहरू अवलम्बन गर्नुपर्छ। यसैगरी अपराध पीडितलाई पक्ष राष्ट्रहरूले क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्थाका लागि उचित कार्यविधिको निर्माण र स्थापना गर्नुपर्छ। यस्तो कार्यविधिको व्यवस्था गर्दा फौजदारी कारबाहीका चरणहरूमा अभियुक्तको अधिकारप्रति पूर्वाग्रही नहुने गरी गर्नुपर्ने हुन्छ।

महिला तथा बालबालिकाको बेचबिखन, वेश्यावृत्ति तथा बाल अश्लीलतालाई निषेध गरी यौनजन्य शोषणबाट महिला बालबालिकालाई संरक्षण गर्न नसकेको र संगठित अपराधको रुपमा मानव बेचबिखनको दायरा र परिभाषालाई समेत समेट्न नसकेकाले एक छाता महासन्धिको आवश्यकताअनुसार अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००१ को एक उपलेखको रुपमा रहेको प्रस्तुत उपलेख बालबालिका र महिलाको बेचबिखन तथा वेश्यावृत्ति रोक्ने, दबाउने तथा सजाय गर्ने र पीडितको संरक्षण र सहयोग गर्ने उपलेख हो। यो उपलेखको उद्देश्य बालबालिका र महिलाको बेचबिखन तथा वेश्यावृत्ति रोक्ने र घटाउने, बेचबिखनबाट पीडित बालबालिकाको संरक्षण र सहयोग गरी तिनको मानव अधिकारको सम्मान गर्ने र उपरोक्त उद्देश्य प्राप्तिका लागि पक्ष राज्यहरूबीच सहयोग अभिवृद्धि गर्ने रहेको छ।

यसले मानव बेचबिखनलगायत बालबालिकाको बेचबिखनका विभिन्न रुपलाई पक्ष राष्ट्रहरूले विधायिकी कानूनद्वारा अपराध घोषणा गरी त्यसलाई रोक्न, त्यसविरुद्ध लड्न, पीडितको संरक्षण र सहयोग गर्नका साथै उल्लिखित उद्देश्य प्राप्तिका लागि राज्यहरूबीच समन्वय र सहयोग प्रवर्द्धन गर्नुपर्ने दायित्व पक्ष राष्ट्रहरूलाई दिएको छ। पक्ष राष्ट्रले बेचबिखनका पीडितको गोपनीयता र पहिचानको संरक्षण गर्ने, बेचबिखनका पीडित बालबालिकाका लागि अदालती र प्रशासकीय कार्यविधिबारे जानकारी दिनेलगायतका कार्य गर्नुपर्ने हुन्छ। अन्तरदेशीय संगठित अपराधविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिले मानव विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने तथा मानव बेचबिखनका पीडितहरूलाई सहयोग र उनीहरूको सुरक्षाका लागि देहायबमोजिमका व्यवस्था रहेको छ।

(क) हरेक पक्ष राष्ट्रले आफ्ना राष्ट्रिय कानूनको मातहतमा रही, उचित अवस्थाहरूमा र सम्भव भएसम्म यस्ता मानव बेचबिखनलाई गोपनीय राख्न सम्बन्धित वैधानिक प्रक्रिया बनाउनेलगायतका काम गरी मानव बेचबिखनका पीडितहरूको गोपनीयता र पहिचान सुरक्षित राख्नेछ।

(ख) हरेक पक्ष राष्ट्रले उचित अवस्थाहरूमा बेचबिखनका पीडितहरूलाई प्रदान गर्ने उपायहरू उल्लेख गरिएका आफ्नै राष्ट्रिय वैधानिक वा प्रशासनिक व्यवस्थालाई सुनिश्चितता प्रदान गर्दछ।

(ग) हरेक पक्ष राष्ट्रले उचित अवस्थाहरूमा, गैरसरकारी सङ्गठनहरू, अन्य सान्दर्भिक सङ्गठनहरू र नागरिक समाजका अन्य तत्त्वहरूको सहयोगमा र विशेषगरी निम्न प्रावधानहरूलगायत मानव बेचबिखनका पीडितहरूका लागि शारीरिक, मानसिक तथा सामाजिक उपलब्धि प्रदान गर्न निम्न कार्यान्वयनका उपायहरूमाथि विचार गर्नेछन्।

- उचित आवास
- बेचबिखनका पीडितहरूले बुझ्न सक्ने भाषामा उनीहरूका विशेष वैधानिक अधिकारहरूमा परामर्श तथा सूचना आदान-प्रदान गर्ने।
- चिकित्सा, मनोवैज्ञानिक, तथा भौतिक सहायता, र
- रोजगार, शिक्षा तथा तालिमका अवसरहरू

(घ) हरेक राज्यपक्षले, उचित आवास, शिक्षा तथा स्याहार लगायत, विशेष गरी बालबालिकाको विशेष आवश्यकताका कुराहरूमा मानव बेचबिखनका पीडितहरूको उमेर, लिङ्ग, तथा विशेष आवश्यकतामा यस धाराका प्रावधानहरू लागू गर्ने कुरामा जिम्मेवारी लिनेछ।

(ङ) हरेक राज्य पक्षले आफ्नो भू-भागमा रहदासम्म, मानव बेचबिखनका पीडितहरूलाई शारीरिक सुरक्षा प्रदान गर्नेछ।

(च) हरेक राज्य पक्षले आफ्ना राष्ट्रिय वैधानिक उपायहरूमा मानव बेचबिखनका पीडितहरूको लागि क्षति बेहोरेकाहरूका लागि क्षतिपूर्ति प्राप्त गर्ने सम्भावना प्रदान गरेको कुराको सुनिश्चितता प्रदान गर्नेछ।

बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार महासन्धिको स्वैच्छिक उपलेखले बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणलाई निषेध गरेको र त्यस्तो निषेधित अपराधबाट पीडित भएका बालबालिका र महिलाको संरक्षण सम्बन्धमा केही व्यवस्थाहरू गरेको पाइन्छ। जसअनुसार फौजदारी कारबाहीका सम्पूर्ण चरणमा अपराधबाट पीडित भएका बालबालिका र महिला पीडितको संरक्षण गर्न पक्ष राष्ट्रहरूले निम्न उपायहरू अवलम्बन गर्नुपर्छ।

(क) पीडितलाई उनीहरूको अधिकार, भूमिका तथा कारबाहीको क्षेत्र, समय र प्रगतिका बारेमा तथा उनीहरूको मुद्दाका छिनोफानोको बारेमा जानकारी दिने।

(ख) सम्पूर्ण कानूनी प्रक्रियामा पीडितहरूलाई उपयुक्त सहयोगी सेवाहरू उपलब्ध गराउने।

(ग) पीडितको गोपनीयता र पहिचानलाई उपयुक्तताअनुसार संरक्षण गर्ने।

(घ) डर, त्रास वा प्रतिकारबाट पीडित र उनीहरूका परिवार एवं साक्षीहरूलाई सुरक्षा दिने व्यवस्था गर्ने।

(ङ) पीडित बालबालिकासँग सम्बन्धित मुद्दा फैसला गर्दा वा क्षतिपूर्ति दिलाउने आदेश कार्यान्वयन गर्दा अनावश्यक ढिलासुस्ती हुन नदिने।

(च) पीडित बालबालिका भए उपचार दिँदा तिनीहरूको सर्वोत्तम हित नै प्राथमिक विषय हो भन्ने सुनिश्चित गर्ने।

(छ) पीडितको संरक्षण र पुनःस्थापना कार्यमा संलग्न व्यक्ति र संस्थाहरूको सुरक्षा र एकता संरक्षण गर्ने।

महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२ को व्यवस्था महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्न र त्यस्तो कामबाट पीडित भएकाहरूलाई सहयोग गर्ने, निजहरूको पुनःस्थापना गर्ने तथा फिर्ता गर्ने काममा सहयोग सुदृढ गर्न यो महासन्धि निर्माण भएको हो। यस महासन्धिको व्यवस्थाअनुसार पीडित खासगरी वेश्यावृत्तिको उद्देश्यले जीउ मास्ने बेच्ने कार्यमा लगाइएका बालबालिका र महिलालाई निम्न अधिकार रहन्छ र ती अधिकारहरू सदस्य राज्यका अधिकारीहरूले सुनिश्चित गर्नुपर्छ।

(क) कसुरको पुर्पक्ष गर्दा पीडितको गोप्यता कायम गर्ने र उपयुक्त परामर्श र कानूनी सहायता हुने सुनिश्चितता गर्ने।

(ख) पीडितहरूलाई आफ्नो उत्पत्तिको देशमा फिर्ता गर्ने कामका तौरतरिका तय गर्ने।

(ग) पीडितको फिर्ता गर्ने काम नभएसम्म उनीहरूको उपचार र पालनपोषणको व्यवस्था गर्ने।

(घ) कानूनी सल्लाह र स्वास्थ्यको हेरचाह र सुविधा उपलब्ध गराउने।

(ङ) पुनःस्थापनाका लागि संरक्षण गृह वा आश्रयस्थल खडा गर्ने।

(च) कानूनी सल्लाह, परामर्श, रोजगारी, तालिम तथा हेरचाह र सुविधाका लागि उपयुक्त बन्दोबस्ती गर्ने र सोका लागि गैरसरकारी संस्थासँग सहयोग लिन सक्ने।

भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ ले पीडित र साक्षी संरक्षण सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरेको छ।

(क) साक्षी र विशेषज्ञ एवं उनीहरूका नातेदार र अन्य निकटस्थ व्यक्तिहरूलाई सम्भावित दुर्व्यवहार वा त्रासबाट प्रभावकारी सुरक्षा प्रदान गर्न समुचित उपायहरू अवलम्बन गर्नेछन्।

(ख) त्यस्ता व्यक्तिहरूको भौतिक सुरक्षामा आवश्यक पर्नेसम्म र सम्भव भएसम्म, उनीहरूलाई अन्यत्र पुनःस्थापित गर्ने र यस्ता व्यक्तिहरूको गोप्यता कायम राख्ने तथा उनीहरूको पहिचान र अवस्थितिको खुलासा गर्न सीमा तोक्न अनुमति दिने कार्यविधिहरू स्थापित गर्ने कुराहरू।

(ग) उल्लिखित प्रावधानहरू पीडित व्यक्ति साक्षी रहेसम्म उनीहरूका लागि पनि लागू हुनेछन्।

(घ) कसुरदारविरुद्धका फौजदारी कारबाहीका प्रत्येक उपयुक्त चरणहरूमा प्रतिवादीका अधिकारहरूमा प्रतिकूल प्रभाव नपर्ने तरिकाबाट, पीडित व्यक्तिहरूका दृष्टिकोण र सरोकारहरूलाई प्रस्तुत गर्न तथा ध्यान दिन सक्षम बनाउनेछन्।

(ङ) कुनै व्यक्तिले सूचना पेस गरेकोमा निजविरुद्ध कुनै अन्यायपूर्ण व्यवहार हुनबाट सुरक्षा प्रदान गर्न आफ्नो मुलुकको कानून प्रणालीमा समूचित उपायहरू अवलम्बन गर्ने व्यवस्था गर्न विचार गर्नेछन्।

मानव बेचबिखनविरुद्धको युरोपेली परिषद्को महासन्धि, २००५ क्षेत्रीय स्तरको यो महासन्धिको मुख्य उद्देश्य बेचबिखन र ओसारपसारमा पीडित र साक्षीको संरक्षण र सहायता गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्था गर्नु रहेको छ। यस महासन्धिको धारा १ ले निम्न व्यवस्था गरेको छ। मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई रोकथाम गर्न, यस्तो कार्यविरुद्ध लड्न तथा मानव बेचबिखन तथा ओसारपसारका पीडित व्यक्तिहरूको मानव अधिकारको संरक्षण गर्नु र पीडित तथा साक्षीको संरक्षण र सहायताका लागि विस्तृत रुपरेखा तयार गर्नु यस महासन्धिको प्रमुख उद्देश्य हो। यस महासन्धिले पीडितको संरक्षण सम्बन्धमा सदस्य राष्ट्रहरूका निम्न मुख्य दायित्व रहने व्यवस्था गरेको छ।

(क) पीडितको पहिचानको सुरक्षा गर्ने।

(ख) पीडितलाई सहायता दिने।

(ग) कानूनी सहायता र क्षतिपूर्ति उपलब्ध गराउने।

अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनबाट पीडितको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देशिका, २००५ लाई संयुक्त राष्ट्रसंघीय महासभाले प्रस्तावको रुपमा २००५ मा पारित गरेको थियो। यस सिद्धान्त र मार्गनिर्देशिकाले अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनबाट पीडित भएकाहरूको उपचार र परिपूरणको सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

(क) अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनका व्यवस्थालाई राष्ट्रिय कानूनमा समावेश गर्ने।

(ख) पीडितका लागि प्रभावकारी कानूनी र प्रशासनिक उपायहरू अवलम्बन गरी स्वच्छ, प्रभावकारी र छिटोछरितो न्याय प्राप्तिको पहुँचको सुनिश्चितता गर्ने।

(ग) पीडितका लागि पर्याप्त, प्रभावकारी तथा उपयुक्त उपचार र परिपूरणको व्यवस्था गर्ने। यसअन्तर्गत न्यायमा समान र प्रभावकारी पँहुचको व्यवस्था, पीडितलाई पुग्न गएको क्षति वा हानि नोक्सानीका आधारमा पर्याप्त र प्रभावकारी परिपूरणको व्यवस्था, क्षतिपूर्ति र परिपूरण प्रदान गर्ने संयन्त्र र प्रक्रियाबारे सूचनामा पहुँचको व्यवस्था गर्ने।

(घ) उपयुक्त सहायताको अधिकार, पीडितका परिवार र साक्षीहरूलाई न्यायिक प्रक्रियाको अघि र पछि सुरक्षा र गोपनीयताको व्यवस्था गर्ने।

(ङ) पीडितलाई भएको शारीरिक र मानसिक क्षति, अवसरको प्राप्तिमा परेको असर, भौतिक र नैतिक क्षतिसमेतका आधारमा क्षतिपूर्ति, परिपूरण, पुनःस्थापना, पुनःपीडित नहुने प्रत्याभूतिको अधिकार।

## २.२.२ राज्यको दायित्वका रुपमा अपराध पीडितको संरक्षण

शक्तिको दुरुपयोग र अपराधबाट पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र (Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985) १९८५ को परिच्छेद १२ मा पीडक वा अन्य स्रोतबाट पर्याप्त क्षतिपूर्ति पीडितले प्राप्त गर्न नसकेमा राज्यले निम्न अवस्थाका पीडितहरूका लागि क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ भनी उल्लेख गरेको पाइन्छ। युरोपेली सन्धि, १९८३ ले अन्य स्रोतबाट पीडितले क्षतिपूर्ति प्राप्त गर्न नसकेमा राज्यबाटै त्यस्ता पीडितको क्षतिपूर्ति तिर्नुपर्ने दायित्व तोकिएको पाइन्छ। सो सन्धिअन्तर्गत समेत निम्न दुई प्रकारका पीडितहरूले क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ[२१]।

१. प्रत्यक्ष रुपमा मनसाययुक्त हिंसात्मक अपराधको कारणबाट गम्भीर शारीरिक चोट वा स्वास्थ्यमा क्षति पुगेका व्यक्तिहरू।

२. मनसाययुक्त हिंसात्मक अपराधको कारणबाट मृत्यु भएका व्यक्तिका आश्रित व्यक्तिहरू।

---

[२१] हिसात्मक अपराध पीडितहरूका लागि क्षतिपूर्ति गर्नेसम्बन्धी युरोपेली महासन्धि १९८३ को धारा २

पीडितलाई उपलब्ध गराउनुपर्ने क्षतिपूर्ति पीडकले तिर्न नसक्ने अवस्था भएमा सो दायित्व राज्यको रहन जान्छ। राज्यको पीडित पक्षप्रतिको यस्तो दायित्व निम्न लिखित आधारमा पुष्टि गर्न सकिन्छ[२२]।

१. राज्य एक संगठित संस्था हो। यसले आन्तरिक सुरक्षाको निम्ति प्रहरी र बाह्य सुरक्षाका निमित्त सेना तैनाथ गरेको हुन्छ। राज्य नागरिकहरूकै शक्ति र सहयोगले चलेको हुन्छ। सामाजिक सम्झौताको सिद्धान्तका हिमायतीहरू राज्यलाई नागरिकहरूले आफ्नो मौलिक हकको केही अंश सुम्पेर यो संस्था संगठित हुन पुगेको बताउँछन्। प्रत्येक नागरिकले सुम्पेको शक्ति नै संगठनात्मक रुपमा सम्प्रभु हो। अतः राज्यको प्रमुख कर्तव्य नागरिकलाई शान्ति सुव्यवस्था प्रदान गर्नु हो। अपराध हुन गएका अवस्थामा राज्यको सुरक्षा प्रबन्ध नै दोषी ठहरिने भएकाले राज्यले पीडित पक्षलाई राहत दिनु उसको नैतिक जिम्मेवारीभित्र पर्दछ।
२. आधुनिक राज्यलाई लोककल्याणकारी संस्था पनि मानिन्छ। अर्थात् राज्यले गरिब, अनाथ, अपाङ्ग, पिछडिएका व्यक्तिको उत्थान गर्ने लक्ष्य राखेको हुन्छ। सामाजिक उन्नतिको निमित्त हुनेबाट लिएर नहुने माथि वितरण गर्नु उसको अर्को प्रमुख कार्य पद्धति हुन आउँछ। अपराधमा कसुरदारले कानून पालना गरी बसेका निर्दोष नागरिकमाथि अत्याचार गर्न पुगेको हुन्छ। यस्तो स्थितिमा कसुरदारलाई दण्डका अतिरिक्त क्षतिपूर्ति तिर्न बाध्य गराउनु र कसुरदारले क्षतिपूर्ति दिन नसकेमा आफ्नोतर्फबाट क्षतिपूर्ति दिलाउनु राज्यको जिम्मेवारीभित्रै पर्न जाने कुरा हुन्।
३. नागरिकले राज्यलाई कर तिरेको हुन्छ। राज्यको खर्च त्यही करका माध्यमबाट चलेको हुन्छ। राज्यबाट शान्ति सुरक्षाकै अपेक्षामा नागरिकले राज्यलाई आफ्नो मिहिनेतको केही अंश करको रुपमा तिर्ने प्रक्रियामा बिमा कम्पनीलाई आफ्नो जीउ ज्यानको सुरक्षाको निमित्त तिरिने प्रिमियमभन्दा कुनै रुपमा फरक छैन। अतः अपराध भएपछि राज्यबाट पीडित पक्षले क्षतिपूर्ति या राहतको अपेक्षा गर्नु स्वाभाविक देखिन्छ।

## २.३ अन्य देशको अभ्यास

अपराधबाट पीडितलाई तत्काल तथा दीर्घकालसम्म आउन सक्ने जोखिम तथा स्वास्थ्यमा परेको प्रतिकूल असरलाई ध्यानमा राख्दै विश्वका विभिन्न लोकतान्त्रिक मुलुकहरूले पीडितलाई तत्काल राहत तथा दीर्घकालसम्म लक्षित गरी क्षतिपूर्ति दिने व्यवस्था गर्न कानूनी व्यवस्थाका साथमा निर्देशिका बनाएको देखिन्छ।

---

[२२] V.N.Rajan, Victimology in India : An Introductory Study, p.79. उद्धरण : नेपाल सरकारविरुद्ध राजु भन्ने सीताराम थिङ्गसमेत मुद्दाः मानव बेचबिखन तथा ओसारपसार (068-CR-0218), मकवानपुर जिल्ला अदालत।

**भारत**

भारतमा Government of India Act, 1935 जारी भएपछि फौजदारी न्याय प्रणालीमा सुधार गर्न न्यायमूर्ति VS Malimath को अध्यक्षतामा आयोग गठन गरिएको थियो। उक्त आयोगले भारतमा फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने विभिन्न सुधारका अतिरिक्त साक्षी र परिवारका सदस्यहरूको हक हित संरक्षण वा सुरक्षाका लागि बृहद् कानून जारी गर्नुपर्ने सिफारिस गरेको थियो। तथापि यस सिफारिसमा पीडित शब्द उल्लेख नगरी साक्षी र तिनका परिवारका सदस्य भन्ने उल्लेख गरेको पाइन्छ। भारतको संविधानको अधीनमा रही फौजदारी न्यायसम्बन्धी कानून जारी गर्ने क्षेत्राधिकार केन्द्रीय र राज्य सरकार दुवैमा रहेको छ। केन्द्रीय सरकारले बनाएको २ वटा फौजदारी अपराध संहिताहरू, भारतीय दण्ड संहिता, १८६१ र भारतीय फौजदारी कार्यविधि संहिता, १९७३ लागू रहेका छन्। जुन संहिताहरूमा अपराध र सजाय, फौजदारी कार्यविधिका साथै फौजदारी न्यायमा संलग्न निकायहरू प्रहरी, अभियोजक तथा अदालती कारबाही सम्बन्धमा सारभूत कानूनी व्यवस्था गरिएको छ। जसमा अपराधबाट पीडितले अपराधको सूचना गर्ने, आफ्नो उजुरी दर्ता नभए सोभन्दा माथिल्लो प्रहरी अधिकृतसमक्ष उजुरी दिन सकिने, उक्त प्रहरी अधिकृतबाट समेत जाहेरी दरखास्त दर्ता गर्ने आदेश नदिएमा मजिष्ट्रेटसमक्ष उजुरी दिई अपराध अनुसन्धान गराउन सक्ने व्यवस्था गरिएको छ। भारतमा अपराध पीडितहरू अभियोजनको साक्षीको रुपमा मात्र रहन्छन। अभियुक्तसँग थुप्रै संवैधानिक तथा कानूनी अधिकार रहे तापनि त्यसको तुलनामा पीडितहरूलाई फौजदारी कारबाहीमा उनीहरूको हित संरक्षण गर्ने समयोचित कानूनी व्यवस्था रहेको छैन। पीडितहरूका सम्बन्धमा छुट्टै कानूनी व्यवस्था पनि रहेको पाइँदैन। पीडितको संरक्षणका सन्दर्भमा भारतको सर्वोच्च अदालतबाट महत्त्वपूर्ण फैसला भएका छन् र फैसलाहरूको कार्यान्वयनबाटै यस उद्देश्य हासिल गर्ने प्रयासहरू भएको पाइन्छ।

भारतको दण्डसंहिताले जबरजस्ती करणीलाई दण्डनीय अपराध भनी परिभाषित गरेको छ। भारतको फौजदारी कार्यविधि कानून (Criminal Procedural Act) मा २०१३ मा भएको संशोधनअनुसार पीडितले पीडकबाट पाउने जरिवाना रकमका साथै राज्यबाट समेत क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ[२३]। जिल्लाको कानूनी सहायता समिति (District Legal Aid Authority) ले नै पीडितको निवेदनउपर कारबाही गरी पीडितलाई उचित क्षतिपूर्ति तोक्ने र क्षतिपूर्ति दिलाउन पहल गर्ने गरेको छ। हालै भएको यस कानूनको संशोधनपूर्व कानूनमा क्षतिपूर्तिसम्बन्धी कुनै व्यवस्था थिएन, तापनि पीडितलाई क्षतिपूर्ति दिने स्वविवेकीय अधिकार अदालतलाई प्रदान गरेको थियो।

[२३] दफा ३५७ ख

भारतमा रुडल साह वि. बिहार मुद्दामा सर्वोच्च अदालतले पहिलोपटक मौलिक हकको हनन भएमा रिटको माध्यमबाट पीडितलाई क्षतिपूर्ति भराउने अधिकार न्यायपालिकालाई छ भन्दै क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन गरेको थियो। त्यसैगरी डिल्ली डोमेस्टिक वर्किङ वुमन वि. युनियन अफ इन्डिया मुद्दामा सर्वोच्च अदालतले ज्यादै महत्त्वपूर्ण निर्देशन दिएको छ जसअनुसारः

१. क्षतिपूर्ति निर्धारण गर्न र क्षतिपूर्ति प्रदान गर्न Criminal Injury Compensation Board को स्थापना गर्नुपर्ने,

२. मुद्दा अदालतमा चलिरहेको अवस्थामा पीडितलाई अन्तरिम क्षतिपूर्ति दिलाउनुपर्ने,

३. जबरजस्ती करणीपीडितलाई परिपूरण गराउन क्षतिपूर्ति दिलाउनुपर्ने।

यस आदेशमा भारतको राष्ट्रिय महिला आयोगलाई क्षतिपूर्तिको विशेष योजनाका लागि क्षतिपूर्तिको Scheme तयार गर्न दिएको आदेशअनुरुप आयोगले पीडितलाई राहतस्वरुप प्रदान गर्ने स्किम मस्यौदा गरी केन्द्रीय सरकारलाई बुझाइसकेपछि सरकारले "Scheme for Relief and Rehabilitation of Victims of Rape 2005" निर्देशिका जारी गरेको छ। यसअन्तर्गत मुद्दा दायर भएको १५ दिनभित्र तत्कालीन राहतस्वरुप २०,००० पाउने र सुरु अदालतमा उपस्थित भई मुद्दालाई समर्थन गरेको अवस्थामा २ लाखसम्म क्षतिपूर्ति दिने व्यवस्था भएको पाइन्छ। अवस्था हेरेर उक्त क्षतिपूर्ति बढाउन सकिनेसमेत व्यवस्था गरेको पाइन्छ। तर सन् २००५ मा जारी भएको उक्त स्किम तत्काल लागू नभएपछि अदालतले पुनः आदेश गर्दै ६ हप्ताभित्र क्षतिपूर्ति स्किम लागू गर्न भनेपछि Ministry of Women and Child Development ले क्षतिपूर्ति स्किम[२४] तयार गरेको छ।

त्यसैगरी विक्रम सिंह वि. पन्जाब[२५] मुद्दामा एकजना महिलालाई उनको पतिसमेत पतिका छ जना साथीहरूले सामूहिक जबरजस्ती करणी गरेकोमा जिल्ला अदालतले अपराध ठहर गरी अपराधीहरूलाई कैद सजाय दिए पनि पीडितलाई क्षतिपूर्ति दिनेबारे मौन रहेको अवस्थामा पीडितले पन्जाब हरयाणा हाई कोर्टमा क्षतिपूर्तिका लागि रिट दायर गरिन्। पन्जाब हरियाणा हाई कोर्टबाट पीडितलाई क्षतिपूर्ति दिलाउनुपर्ने ठहर गर्नुका साथै पीडितलाई पीडक पतिबाट थप रु. ४,००,००० भराउने भनी निर्णय भयो। यसरी भारतको अदालतबाट पीडितको क्षतिपूर्तिको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरिएको देखिन्छ।

भारतको प्रान्तीय राज्यहरूले समेत पीडितलाई राहत दिने गरेको पाइन्छ। जस्तै गोवा राज्यले यौनजन्य हिंसाबाट पीडितको राहतका लागि राज्यको वार्षिक बजेटबाटै क्षतिपूर्ति दिने व्यवस्था गरेको छ। "Goa

---

[२४] Interim Assistance : रु. २०,००० देखि ५०,०००। (जाहेरी दर्तापछि), Final Assistance : १ लाख ३० हजार र नाबालक पीडित भएको अवस्थालगायत अन्य Special Cases मा ३ लाख दिइने व्यवस्था गरेको छ।

[२५] *Vikram Singh v. State of Punjab*, Criminal Appeal Nos. 1396-97, 2008.

Victim Compensation Scheme 2012" अन्तर्गत पीडितलाई अधिकतम १० लाखसम्म क्षतिपूर्ति दिन सकिने व्यवस्था गरेको छ। राज्य सरकारले वार्षिक बजेट छुट्टाई पीडितलाई राहत दिने व्यवस्था[26] दिल्लीलगायत अन्य राज्यहरूमा समेत पाइन्छ।

**बेलायत**

एक्काईसौ शताब्दीको सुरुआतसँगै बेलायलतमा पीडितहरूको हक अधिकार संरक्षण र क्षतिपूर्ति भराउने सम्बन्धमा उच्चस्तरको व्यवस्था गरिएको पाइन्छ। सन् १९८६ मा स्थापना गरिएको Crown Prosecution Police Service ले फौजदारी अपराधमा अभियोजन गर्दछ। यसैगरी यातना पीडितहरूका लागि फौजदारी क्षतिपूर्तिसम्बन्धी ऐन, १९५५ जारी गरी लागू गरिएको छ। यसका साथै बेलायतमा अन्य अभियोजन निकायहरू रहेका छन्। जस्तो, स्वास्थ्य, स्थानीय निकायहरूले पनि अभियोजनसम्बन्धी कार्य गर्दछन्। अपराधजन्य पीडितहरूबाट नै अनुसन्धानको उठान हुनुको साथै अभियोजनसमेतमा निजहरूले अगुवाइ र नेतृत्व गर्दछन्। बेलायत सरकारबाट अपराधजन्य पीडितका अधिकारहरूको सुधार गर्ने क्रममा ३ अप्रिल २००६ मा Code of Practice for Victims' of Crime जारी गरी लागू गरिएको छ। जसअन्तर्गत पीडितहरूले अपराध अनुसन्धानको बारेमा भइरहेको सूचना पाउने, अभियुक्त पक्राउ परेको र अदालती कारबाहीको सूचना पाउनेलगायतका निम्नबमोजिमका अधिकार रहेको पाइन्छ।

१. निश्चित समयसीमाभित्र अपराधका सम्बन्धमा सूचना पाउने हक हुने र साथै पक्राउ गरिएको र अदालतमा मुद्दाको अवस्थासमेतका विषयमा सूचना पाउने हक हुने,

२. पीडित नातेदारहरूका लागि एक समर्पित पारिवारिक सम्पर्क प्रहरी अधिकृत तोकिनुपर्ने,

३. क्षतिपूर्तिका लागि हुनुपर्ने योग्यताका विषयमा स्पष्ट सूचना हुनुपर्ने,

४. सबै पीडितहरूलाई पीडित सहयोग कार्यक्रमका विषयमा जानकारी गराउनुपर्ने,

५. कमजोर एवं त्रसित पीडितहरूलाई प्रदान गरिनुपर्ने सेवा उच्चस्तरको हुनुपर्ने,

६. पीडितहरूले चाहेको स्तरको सेवाको उपलब्ध गराउने प्रत्याभूतिका लागि सेवाभित्र वा बाह्यका कार्यमा लचिलोपन हुने।

पीडितहरूलाई आफ्ना अधिकारहरूका सम्बन्धमा चेतना गराउने तथा फौजदारी न्यायिक निकायबाट उचित र भरपर्दो सेवा प्राप्त गरेको महसुस नगरेमा त्यसविरुद्ध कानूनी चुनौती दिन पीडितहरूलाई प्रोत्साहन गरिने, त्यस कारबाहीबाट समेत निजहरूको चित्त नबुझेमा संसदीय अम्बुडसम्यानमार्फत संसद्मा उजुरी दिन सकिने,

[२६] www.hidustantimes.com/india-news, visited date 13-12-2012)

पीडित सहयोग कार्यक्रमबाट निःशुल्क र भरपर्दो कानूनी सल्लाह पाउने, मानव अधिकार ऐनबमोजिम गोपनीयताको अधिकार र वाकस्वतन्त्रता दुवै अधिकार सुरक्षित हुने व्यवस्था गरिएको छ।

अपराधजन्य पीडितहरूलाई शारीरिक, भावनात्मक र आर्थिकजस्ता क्षतिपूर्ति कानूनी प्रक्रियाबाट उपलब्ध गराइने, जसअन्तर्गत नोक्सानी, अभियुक्तबाट सुरक्षा र अभियुक्तको सम्पर्कबाट रोकथाम गर्नेजस्ता सामाजिक सुरक्षाका अधिकार रहेका छन्। फौजदारी क्रियाकलापको परिणामस्वरुप कुनै घटना भएमा क्षतिको गम्भीरता विचार गरी फौजदारी नोक्सानी क्षतिपूर्ति योजनाअन्तर्गत १००० देखि ५००० पौण्डसम्म क्षतिपूर्ति उपलब्ध गराइने व्यवस्था छ। साथै यस्ता क्षतिपूर्तिहरू अवस्थाअनुसार (अपराधको गाम्भीरताअनुसार) देवानी प्रक्रियाबाट असुलउपर गर्न सकिन्छ।

जबरजस्ती करणी पीडितलाई भनेर बेलायतमा छुट्टै क्षतिपूर्तिको व्यवस्था नभए पनि जघन्य अपराधका पीडितका लागि क्षतिपूर्ति प्रदान गरिने व्यवस्था छ। यस व्यवस्थाअनुरुप पीडितलाई दुई तरिकाबाट क्षतिपूर्ति भराउने व्यवस्था छ। पहिलो व्यवस्थामा अदालतको आदेशअनुसार अभियुक्तलाई क्षतिपूर्ति भराउन लगाइन्छ। यस्तो खालको क्षतिपूर्ति पीडकको आर्थिक अवस्थामा सीमित हुन्छ।

Criminal Injuries Compensation Act 1995 अन्तर्गत पीडितलाई क्षतिपूर्ति दिलाउने अर्को माध्यम बेलायत सरकारअन्तर्गत पर्ने क्रिमिनल इन्जुरी कम्पनसेसन अथोरिटी Criminal Injuries Compensation Authority (CICA) हो। यस निकायको स्थापना १९६६ मा बेलायत सरकारबाट बेलायत, स्कटल्यान्ड र वेल्समा घटेका जघन्य अपराधका पीडितका लागि क्षतिपूर्ति प्रदान गर्न भएको हो[२७]। जघन्य अपराधभित्र जबरजस्ती करणी र अन्य यौनजन्य हिंसा पनि पर्दछन्। क्रिमिनल इन्जुरी कम्पनसेसन अथोरिटीले जघन्य अपराधबाट भएका शारीरिक तथा मानसिक कष्टबापत क्षतिपूर्ति भराउँछ।

यसअन्तर्गत अपराध पीडितका लागि क्षतिपूर्ति ताक्ने निश्चित मापदण्ड बनाइएको अवस्था छ। अपराध घटेको दुई वर्षभित्र पीडितले क्षतिपूर्ति पाऊँ भनी क्रिमिनल इन्जुरी कम्पनसेसन अथोरिटीमा निवेदन दिन पाउँछ। जबरजस्ती करणीजस्तो जघन्य अपराधमा पीडितलाई भएको क्षतिअनुसार ११,००० पाउन्डदेखि ३३,००० पाउन्डसम्म क्षतिपूर्ति प्रदान गर्न सक्छ। पीडित गर्भवती भएमा वा पीडितलाई यौनरोग सरेमा अधिकतम क्षतिपूर्ति दिने गरेको पाइन्छ। बेलायतको अदालतले समेत थप क्षतिपूर्ति राज्यबाट भराउने गरेको पाइन्छ।

पीडितले क्षतिपूर्ति पाउन पीडकमाथि अदालतमा मुद्दा चली ठहर भएको हुनुपर्ने भन्ने छैन। तर पीडितले जानीजानी प्रहरीमा अपराधबारे उजुरी गर्न ढिला गरेमा, अपराधी पक्राउ गर्न प्रहरीलाई सहयोग नगरेमा र

---

[२७] http://www.rightsofwomen.org.uk/pdfs/report%20to%20court%204%20web.pdf accessed on April 3, 2012.

क्रिमिनल इन्जुरी कम्पनसेसन अथोरिटीलाई मद्दत गर्न सही खबर नदिएमा निवेदनमा माग गरेको क्षतिपूर्तिको रकम घटाउन वा नदिन सक्दछ।[२८]

## फिलिपिन्स

फिलिपिन्समा जबरजस्ती करणी पीडितलाई परिपूरण दिन छुट्टै जबरजस्ती करणी पीडित सहायता र संरक्षण ऐन, १९९८ लागू गरिएको छ। सो ऐनको लैङ्गिक हिंसा र बाल हिंसाका पीडितलाई संरक्षण गर्ने लक्ष्य रहेको छ। सो ऐनले सामाजिक कल्याण र विकास शाखा, स्वास्थ्य शाखा, आन्तरिक र स्थानीय निकायसम्बन्धी शाखा, न्याय शाखा र एक अर्धन्यायिक संस्थालाई हरेक राज्य र सहरमा एउटा Rape Crisis Center स्थापित गर्न निर्देशन गरेको छ। यस्तो Crisis Center अस्पतालमा वा स्वास्थ्य केन्द्र वा कुनै उपयुक्त स्थानमा स्थापना गर्नुपर्ने हुन्छ। Crisis Center को स्थापना गर्न सामाजिक कल्याण र विकास शाखाको मुख्य भूमिका रहन्छ। Crisis Center ले विभिन्न सुविधा प्रदान गर्नुपर्ने हुन्छ[२९]।

१. मनोवैज्ञानिक परामर्श, स्वास्थ्य र औषधि सेवालगायत चिकित्सासँग सम्बन्धित कानूनी जाँचको सेवा प्रदान गर्ने,
२. जबरजस्ती करणी पीडितलाई निःशुल्क कानूनी सेवा प्रदान गर्नुपर्ने,
३. अनुसन्धानको क्रममा अभियुक्तलाई छिटो समाउन र मुद्दा अदालतमा शीघ्र दायर गर्न पीडितलाई सहायता गर्नुपर्ने,
४. पीडितको गोपनीयता र सुरक्षा सुनिश्चित गर्ने,
५. पीडितको परिवारलाई पनि आवश्यकता परे मनोवैज्ञानिक परामर्श र स्वास्थ्य सेवा प्रदान गर्ने,
६. जबरजस्ती करणी पीडितलाई स्वास्थ्य लाभ गराउन कार्यक्रमहरू सञ्चालन गर्ने,
७. मानव अधिकार, लैङ्गिक संवेदनशीलता र कानूनी व्यवस्थापनसँग सम्बन्धित दायित्वबारे जिल्ला न्यायाधिवक्ता, वकिल, समाजसेवी, कानून कार्यान्वयन गर्ने अधिकारी, चिकित्सकलाई तालिम दिने।

## संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा अपराधजन्य पीडितहरूका अधिकारहरूका सम्बन्धमा सन् १९६५, मा पहिलोपटक क्यालिफोर्नियामा अपराध पीडित क्षतिपूर्ति कार्यक्रम जारी गरी लागू गरिएको पाइन्छ। राष्ट्रति रोनाल्ड रेगनले

---

[२८] Criminal Injuries Compensation Authority, 2001 as cited in Marie Nicole Westmarland, *Rape and Human Rights: A Feminist Perspective*, Available at:http://nicolewestmarland. pbworks.com/f/Nicole+Westmarland+PhD+thesis.pdf

[२९] Rape Victim Assistance and Protection Act of 1998, Section 3, available at http://www.chanrobles.com/ republicact no8505.htm#.UWaQkpg-5UQ accessed on April 11, 2013.

सन् १९८१ अप्रिलमा अपराध पीडित सप्ताह घोषणा गरेका थिए। साथै Rose Garden Ceremony मा अपराध पीडित सम्बन्धी कार्यदलका सदस्यको नियुक्ति गरी उक्त कार्यदलले ६ वटा सहरमा सार्वजनिक सुनवाइ गरी अन्तमा ६८ वटा नयाँ नीति तथा कार्यक्रमको सिफारिस गरेको थियो। पीडित संरक्षण सम्बन्धमा अमेरिकामा पीडित तथा साक्षी संरक्षणसम्बन्धी ऐन, १९८२, अपराध पीडितसम्बन्धी ऐन, १९८४, मानव ओसारपसार पीडित संरक्षण ऐन, २००० का साथै सन् २००१ सेप्टेम्बर, ११ मा World Trade Center मा भएको आतंकवादी हमलाबाट पीडित भएकाहरूलाई सहयोग कोष स्थापना गरी हवाई यातायात सुरक्षा तथा प्रणाली स्थायित्वसम्बन्धी ऐन २००१ जारी गरी सेप्टेम्बर, ११ का पीडितलाई सहयोग गर्न पीडित क्षतिपूर्ति कोष स्थापना गरी हाल प्रचलनमा रहेका छन्। अपराध पीडितसम्बन्धी ऐन, १९८४ ले अपराध पीडित कोषको स्थापना गरेको छ। यसरी सयुक्त राज्य अमेरिकामा अपराध पीडितहरूका लागि सहयोग कोषको स्थापना हुनुको साथै पीडितका लागि निम्न अदालती सुनवाइको क्रममा निम्नअनुसारका अधिकारहरू रहेका छन् :

(क) फौजदारी न्यायिक प्रक्रियामा उपस्थित एवं संलग्न हुन पाउने अधिकार,

(ख) फौजदारी न्यायिक प्रक्रियामा सुनुवाइको अधिकार र साथै अभियोजनकर्तासँग परामर्श गर्ने, सजाय निर्धारण एवं प्यारोलको चरणमा पीडितलाई असर परेको सम्बन्धी बयान प्रस्तुत गर्ने र अन्य त्यस्तै प्रक्रियाहरूमा सहभागी हुन पाउने,

(ग) फौजदारी न्यायिक कारबाही एवं कार्यहरूका विषयमा जानकारी पाउने र साथै पीडक कारागारबाट छुटेको वा भागेको विषय, कानूनी अधिकारहरू, प्रक्रियाहरू, उपलब्ध सेवा एवं लाभहरू र अभिलेखमा पहुँचका विषयमा जानकारी पाउने,

(घ) धम्की र कष्टपूर्ण व्यवहारबाट संरक्षण पाउने अधिकार,

(ङ) अपराधीबाट क्षतिपूर्ति एवं प्रतिस्थापन गर्न पाउने अधिकार,

(च) गोपनीयताको अधिकार,

(छ) अपराधबाट पीडितलाई क्षतिपूर्तिका लागि निवेदन गर्न पाउने अधिकार,

(ज) प्रमाणको रुपमा कब्जा गरिएको व्यक्तिगत सम्पत्ति यथाशीघ्र फिर्ता पाउने अधिकार,

(झ) आधारविहीन ढिलाइबिना छिटो पुर्पक्षलगायत अन्य कारबाही हुनुपर्ने अधिकार,

(ञ) उल्लिखित अधिकारहरूको कार्यान्वयन हुनुपर्ने र अन्य उपलब्ध अधिकारहरूमा पहुँच हुनुपर्ने अधिकार,

संयुक्त राज्य अमेरिकामा सन् १९८४ मा अपराधका पीडितहरूको संरक्षण गर्न ऐनको तर्जुमा गरिएको हो जसलाई Victims of Crime Act, 1984 भनी नामकरण गरिएको छ। यस ऐनअन्तर्गत अपराधका पीडितहरूका लागि सन् १९८४ मा कोषको स्थापना गरियो जुन देशभरिका पीडितहरूलाई सहायताको स्रोत हो। यस

कोषले देशभरि कार्यक्रम गर्दछ, जसअन्तर्गत हिंसाका पीडितलाई आर्थिक सहयोग प्रदान गरिन्छ। कार्यक्रमअन्तर्गत कसरी कार्यक्रम परिचालन गर्ने, पीडितले कार्यक्रमबाट कसरी सहायता प्राप्त गर्नेलगायत सबै सूचना दिइन्छ। हरेक राज्यमा अपराधका पीडितहरूका लागि कोषसँग सम्बन्धित कार्यक्रम हुन्छ जसले पीडित र उनीहरूको परिवारलाई आवश्यक आर्थिक सहयोग प्रदान गर्दछ। घटनापछि काम गर्न नसकेका पीडित, घर चलाउनबाट वञ्चित भएको परिवारले यस कार्यक्रमबाट नोक्सानीको भरपाई गरी पीडितलाई प्रत्यक्ष सहायता गरी मानसिक र शारीरिक स्वास्थ्यको परिपूरण गर्न सहयोग गर्दछ।

बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, अन्य दुर्व्यवहार, मादकपदार्थ सेवनको पीडित, साथसाथै परिवारको कुनै सदस्य गुमाएको पीडित परिवारले यस कोषबाट आर्थिक सहयोग प्राप्त गर्दछन्। तथ्याङ्कअनुसार आधा जति दुर्व्यवहारका पीडित यस कोषबाट क्षतिपूर्तिका लागि आउँदछन्, १ र ३ भन्दा बढी क्षतिपूर्ति घरेलु हिंसाका पीडितहरूलाई प्रदान गरिन्छ। २९% यौन दुर्व्यवहारका पीडित बालबालिकालाई यस क्षतिपूर्ति कार्यक्रमले सहयोग प्रदान गर्दछ। १०% हत्याका पीडित परिवारले यस कार्यक्रमबाट लाभ प्राप्त गरेका छन् भने ८% बलात्कारका पीडितका लागि यस कोषबाट सहयोग प्राप्त भएको छ[३०]।

राज्यको कोषको कार्यक्रमअन्तर्गत गरिने खर्चमा स्वास्थ्य सेवा खर्च, मानसिक स्वास्थ्य परामर्श, क्रियाकर्म खर्च, घटनाका कारण नोक्सान भएको ज्याला-पारिश्रमिक दिने कुराहरू पर्दछन्। कोलम्बिया, भर्जिन आइल्यान्ड्स, गुआम र पोर्टोरिकोले अपराधका पीडितहरूका लागि क्षतिपूर्ति दिनका लागि विभिन्न कार्यक्रमहरू लागू गरेको छ। सबै राज्यहरूले क्षतिपूर्तिको कार्यक्रम स्वतन्त्र रुपले गर्ने गरे तापनि क्षतिपूर्ति प्रदान गर्ने मापदण्ड भने एकै किसिमका छन् र उस्तै क्षतिपूर्ति प्रदान गर्दछन्। १०००० देखि २५००० अमेरिकी डलर अधिकतम रकम दिइन्छ, तर राज्यअनुसार अधिकतम र न्यूनतम फरक पर्न पनि सक्छ।

Texas राज्यमा अपराधका पीडितहरूका लागि कोषसँग सम्बन्धित कार्यक्रम[३१] सरकारी वकिलको कार्यालयले हेर्ने गर्दछ। जसअनुसार अपराधको पीडितहरूलाई बिमा वा अरू माध्यमबाट आर्थिक सहयोग प्राप्त नभएको अवस्थामा यस कार्यक्रमले प्रदान गर्दछ। अपराधीले तिरेको रकम यस कोषमा जम्मा हुने गर्दछ। मेडिकल खर्च, र क्रियाकर्मका लागि क्षतिपूर्ति दिइन्छ। आफ्नो घरमै अपराधको सिकार भैरहेका यौन दुर्व्यवहार, घरेलु हिंसाका पीडितहरूको सन्र्दभमा उनीहरूको अन्त बासका लागि एकपटकको घर भाडा वा पुनःस्थापना, स्वास्थ्य उपचार खर्च, कानूनी र मनोसामाजिक परामर्श सेवा आदिकोf लागि क्षतिपूर्ति दिन्छ। यसैगरी Rape Crisis Center of Catawba Country, Crossoad Sexual Assault and Response Center र North

३० Avalable at: http://www.nacvcb.org/index.asp?bid=14

३१ Available at : https://www.oag.state.tx.us/ag_publications/pdfs/cvcapplication.pdf

Carolina Coalition Against Sexual Assault जस्ता केन्द्रहरूले स्वास्थ्य उपचार खर्च साथै अरू सहायताजस्तै परामर्श र कानूनी सल्लाहका लागि पनि क्षतिपूर्ति प्रदान गर्दछ[३२]।

## अस्ट्रेलिया

अपराधजन्य पीडितहरूका लागि सहयोग गर्नका लागि फौजदारी न्याय प्रणाली र पीडित सहयोगी निकायलाई सहजताका लागि अस्ट्रेलियामा पीडित बडापत्र १, नोभेम्बर, २००६ जारी गरी लागू गरिएको छ। यस बडापत्रका व्यवस्थाहरूलाई अपराधजन्य पीडितहरूसँग व्यवहार गर्दा फौजदारी न्यायिक निकायले अनुसरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। यदि अपराधजन्य पीडितहरूले यस बडापत्रको पालना भएको अनुभव नगरेमा त्यसविरुद्ध उजुरी दिन सकिने व्यवस्था गरेको छ।

यस बडापत्रमा अपराधजन्य पीडितहरूका निम्नबमोजिमका अधिकार रहेको छ।

१. फौजदारी न्याय प्रणाली र सबै पीडित सहयोगी सेवाहरूद्वारा सम्मानपूर्ण, सौहार्दपूर्वक र आत्मसम्मान कायम हुने गरी व्यवहार गरिनुपर्ने,

२. पीडितका हक र अधिकारहरूका विषयमा समयमै एकरुपतापूर्ण जानकारी गराइनुपर्ने, यदि उपयुक्त भएमा पीडित र कानूनी सहयोगी सेवाहरूसँग सम्पर्क स्थापित गर्नुपर्ने,

३. प्रहरीको अनुसन्धानका मुख्य चरणहरूका विषयमा सूचित हुन पाउने, केही विषयहरूमा अनुसन्धानलाई नकारात्मक असर पर्ने देखिएमा प्रहरीले त्यसको विस्तृत विवरण नदिन सक्ने तर पीडितलाई त्यहीअनुसारको जानकारी गराइनुपर्ने,

४. अभियोजनसम्बन्धी विषयका साथै आरोप लगाइएको विषय, त्यसमा गरिएको महत्त्वपूर्ण परिवर्तन, साक्षीका हकमा र पीडितले अदालतमा उपस्थित हुने इच्छा व्यक्त गरेको भएमा अदालतद्वारा तोकिएको पेसी र उपस्थित हुने समय, अदालतका निर्णय र पुनरावेदन गरिएमा ती कुराहरूको जानकारी उपलब्ध गराइनुपर्ने,

५. पीडितले अनुरोध गरेमा धरौटसम्बन्धी निवेदनका विषयमा भएको निर्णयसम्बन्धी जानकारी धरौटसम्बन्धी विशेष सर्तहरू, जुन पीडितलाई संरक्षण दिने उद्देश्यले धरौटसम्बन्धी विषयमा निर्णय गर्दा ध्यानमा राखिएका हुन्छन्, त्यस्ता कुराहरूको जानकारी उपलब्ध गराइनुपर्ने,

६. अदालतको प्रक्रियामा पीडितको साक्षीका रुपमा रहने भूमिका विषयमा वर्णन गरिएको हुनुपर्ने,

---

[३२] Ismail, Siti Zubaidah, C*onstructing Some Possibilities for Compensation as Part of Legal Remedies for Rape Survivors*: The Case of Malaysia, European Journal of Social Science-Volume 26, Number 2 (2011) , 178.

७. व्यावहारिक भएमा पीडित अदालतमा उपस्थित हुँदा पीडितलाई अभियुक्त, उसको परिवार सहयोगी र साक्षीहरूसँग अनावश्यक सम्पर्क हुनबाट र उनीहरूबाट त्रसित हुनबाट जोगाइनुपर्ने,

८. पीडितलाई परेको असरसम्बन्धी बयान तयार गर्ने सम्बन्धमा पीडितको पहुँच सुनिश्चित गर्ने,

९. सूचनाको गोपनीयतासम्बन्धी ऐन, २००२ मा व्यवस्था भएबमोजिमबाहेक बसोबास ठेगाना, टेलिफोनलगायतका व्यक्तिगत सूचनाहरू कसैलाई दिनुनपर्ने गरी गोप्य रहनुपर्ने,

१०. अनुसन्धान एवं प्रमाणका लागि पीडितको सम्पत्ति संरक्षित गरेर राख्दा पीडितसँग सल्लाह गरी वैध रुपमा, सम्मानपूर्वक र सुरक्षित तवरले संरक्षण गरिनुपर्ने र जतिसक्दो चाँडो फिर्ता गरिनुपर्ने,

११. हिंसात्मक अपराधको पीडितले पीडकबाट क्षतिपूर्ति भराउनका लागि अदालतसमक्ष निवेदन दिन सक्छ। हिंसात्मक अपराधबाट पीडित भएको व्यक्तिले सरकारसँग आर्थिक सहयोगका लागि निवेदन गर्न सक्ने,

१२. पीडितले आफूलाई पीडितको रुपमा रजिष्ट्ररमा दर्ता गर्नका लागि निवेदन गर्न सक्ने, हिंसात्मक अपराधबाट पीडित भएको व्यक्तिले वयस्क पीडक कारागारबाट छुट्ने कुराको जानकारी पाएमा प्यारोल बोर्डले त्यस्तो निर्णय गर्दा पीडितले आफ्नो विचारको सुनुवाइका लागि प्यारोल बोर्डसमक्ष अनुरोध गर्न सक्ने,

यसका अतिरिक्त अस्ट्रेलियामा पीडितहरूका लागि अपराध पीडित सहायतासम्बन्धी ऐन, १९९६ जारी गरी लागू गरिएको छ। पश्चिम अस्ट्रेलियाको क्रिमिनल इन्जुरी कम्पन्सेसन ऐन, १९८५ ले फौजदारी अपराधको पीडितलाई क्षतिपूर्ति मागनका निम्ति अस्सेसर अफ क्रिमिनल इन्जुरी कम्पन्सेसनको कार्यालयमा निवेदन दिने व्यवस्था गरेको छ। अस्सेसरलाई पीडितले फौजदारी अपराधबाट क्षति बेहोर्नुपरेको कुरामा यकिन भएमा क्षतिपूर्ति प्रदान गर्ने निर्णय गर्दछ। क्रिमिनल इन्जुरी कम्पन्सेसन ऐन, १९८५ लाई क्रिमिनल इन्जुरी कम्पन्सेसन ऐन, २००३ ले प्रतिस्थापन गरेको छ। यस पछिल्लो ऐनअन्तर्गत अफिस अफ क्रिमिनल इन्जुरी कम्पन्सेसनको स्थापना भएको छ। क्रिमिनल इन्जुरी कम्पन्सेसन ऐन, २००३ ले पीडितलाई स्वास्थ्य र अन्य खर्चका लागि अस्सेसरलाई अन्तरिम क्षतिपूर्ति प्रदान गराउनका लागि आदेश गर्ने अधिकार प्रदान गरेको छ[३३]। अपराधबाट पीडितलाई शारीरिक चोट, मानसिक तनाव र गर्भधारण हुन गएमा क्षतिपूर्ति प्रदान गरिन्छ[३४]। प्रहरीमा अपराधबारे उजुरी गर्न गएमा क्षतिपूर्ति प्रदान गराउन निवेदन दिन सकिन्छ। क्षतिपूर्ति प्रदान गराउन पीडकलाई प्रहरीले पक्राउ गरी अदालतमा मुद्दा चली ठहर भएको हुनुपर्ने भन्ने छैन। शारीरिक,

---

[३३] Avalaible at http://www.marksandsands.com.au/perth_lawyers/pdf/Criminal_Injuries_Compensation_Act.pdf, accessed on June 12, 2021.

[३४] Available at http://www.districtcourt.wa.gov.au/C/criminal_injuries_compensation_appeals.aspx?uid=2985-4327-4579-5512, accessed on June 12, 2021.

मानसिक वा आर्थिक क्षति बेहोर्ने पीडित स्वयं वा पीडितको मृत्यु हुन गएमा पीडितका नातेदारहरूले क्षतिपूर्तिका लागि निवेदन दिन सक्छन्[३५]। क्षतिपूर्तिअन्तर्गत स्वास्थ्य उपचार खर्च, बाटो खर्चलगायतका अन्य खर्चहरूको परिपूरण पर्दछन्।

न्यू साउथ वेल्समा पीडित सहायता र पुनःस्थापना ऐन, १९९६ को धारा ५९ अनुसार क्षतिपूर्तिका लागि छुट्टै न्यायाधिकरणको स्थापना भएको छ। न्यू साउथ वेल्स क्षतिपूर्ति कोषबाट पीडितहरूलाई क्षतिपूर्ति दिइन्छ। न्यायाधिकरणलाई पीडितलाई दिइने क्षतिपूर्तिको रकम तोक्ने क्षेत्राधिकार हुन्छ। मुद्दा न्यायाधिकरणमा दायर भएपछि पीडक झिकाउने वा पीडकको प्रमाण हेर्ने व्यवस्था छैन। पीडितले क्षतिपूर्ति पाउन न्यायाधिकरणमा उजुरी दिए पुग्छ। न्यायाधिकरणले पीडित स्वयं वा पीडितको परिवारलाई क्षतिपूर्ति दिने आदेश गर्दछ।

**क्यानाडा**

क्यानाडामा १९८० को दशकको सुरुवातसँगै पीडितका लागि Citizens United for Safety and Justice Victims of Violence जस्ता संस्थाहरू रहेका छन्। क्यानाडाको फौजदारी न्याय प्रणालीमा पीडितका अधिकारका सम्बन्धमा दुःखद यथार्थ रहेको पाइन्छ। अभियुक्तलाई स्वच्छ सुनवाइ, कानून व्यवसायी, बास, भोजन, तालिम, शिक्षा, कैदी ज्याला तथा पुनःस्थापनाजस्ता अधिकार सुनिश्चित गरिएको छ भने अपराध पीडितहरूका लागि यस्ता अधिकार नहुनुको साथै निःशुल्क कानून व्यवसायीको सुविधासमेत छैन भने पीडित आफैंले पुनर्वास हुनुपर्ने बाध्यता रहेको छ। क्यानाडामा संघीय सरकारद्वारा बनाएका कानून राज्यहरूमा प्रशासित हुने भएको हुँदा क्यानाडाको फौजदारी न्याय प्रणालीमा पीडितका अधिकारका सन्दर्भमा संघीय सरकारले बनाएका कानूनको अधीनमा रही राज्यहरूले कानून बनाउन सक्दछन्। यसअनुसार पीडितका अधिकारका सन्दर्भमा प्रत्येक Provience हरूमा पीडितका फरकफरक अधिकार रहेका छन। यसैअनुरुप Province र Territories ले पीडितका अधिकार सम्बन्धमा पीडितको अधिकारपत्रसम्बन्धी कानून बनाई जारी गरेका छन्।

**जापान**

जापानमा पीडितहरूको अधिकार संरक्षण गर्ने र तिनीहरूलाई न्यायिक प्रक्रियामा सहभागिता गराउने सन्दर्भमा विभिन्न उपायाहरूको खोजी विगतदेखि नै भएको पाइन्छ। Crime Victims Associations ले गरेको प्रयत्नको परिणामस्वरुप सन् २००४ मा The Fundamental Act on the Protection of Victims of Crime, २००४

---

[३५] Available at http://www.courts.dotag.wa.gov.au/C/compensation.aspx accessed June 12, 2021.

जारी गरी लागू गएिको छ। यस ऐनले पीडितका अधिकारका मौलिक सिद्धान्तलाई स्थापित गरी पीडितको संरक्षण सन्दर्भमा स्थानीय तथा आम गागरिकलाई उत्तरदायित्व घोषणा गर्नुको साथै तिनीहरूको अधिकारको संरक्षण र चाहनाअनुरुप पुनःस्थापना गर्न सुव्यवस्थित रुपले वैधानिक कानून निर्माण गर्दै जाने, उनीहरूको व्यक्तिगत मर्यादाको सम्मान गर्ने र निजहरूको मर्यादामा आँच आएमा उचित उपचारको प्रत्याभूति गरिने र साथै Fundamental Plan for Crime Victims सरकारद्वारा पारित गराई सार्वजनिक गर्नुपर्ने दायित्व तोकेको छ। यसका लागि सरकारले उक्त ऐनको उद्देश्य सफलताका साथ कार्यान्वयन गराउन आवश्यकताअनुसार कानून र आर्थिक स्रोत उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। छोटकरीमा भन्नुपर्दा उक्त Fundamental Plan ले सरकारलाई Criminal Trial को समयमा पीडितको सहभागिता गराउने कार्यको कार्यान्वयन गराउने, पीडितको गोपनीयता कायम गर्ने, पीडकविरुद्धमा क्षतिको दाबी लिन सहयोग गर्ने र पीडितको उज्ज्वल भविष्यका लागि सहयोग गर्ने दायित्व सरकारलाई तोकेको छ।

## स्पेन

स्पेनमा पनि पीडितको क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गरेको पाइन्छ। स्पेनिस कानूनमा जघन्य अपराध र यौन अपराधका पीडितलाई सहायता गर्ने उचित व्यवस्था छ[३६]। जघन्य अपराध र यौन अपराधका पीडितले राज्यसँग क्षतिपूर्तिको दाबी गर्न पाउँछन्। सो व्यवस्था स्पेनिस नागरिक, युरोपियन नागरिक, स्पेनमा नियमित रुपमा बसोबास गरिरहेको मानिस र स्पेनसँग सन्धि गरेको राज्यको नागरिकलाई मात्र लागू हुन्छ। स्पेनमा क्षतिपूर्तिको लागि पीडितले पीडकको आर्थिक अवस्थामा निर्भर पर्नु नपरोस् भनेर बलात्कारका पीडितहरूका निम्ति क्षतिपूर्ति कोषको स्थापना गरेको पाइन्छ। हिंसात्मक अपराधहरू र यौनजन्य स्वतन्त्रताविरुद्धका अपराधहरूका पीडितहरूलाई सहयोग र सहायतासम्बन्धी ऐन, १९९५ लागू गरिएको छ।

## युरोपियन काउन्सिलको निर्देशन

युरोपियन काउन्सिलले अपराध पीडितलाई दिइने क्षतिपूर्तिसँग सम्बन्धित निर्देशन (Directives 2004/80/EC) यस Directive ले अन्तर्देशीय अपराध (C*ross Border Crimes*) बाट भएका पीडितलाई क्षतिपूर्ति दिलाउन उचित व्यवस्थाको निर्माण गर्ने लक्ष्य बोकको छ। पक्ष राष्ट्रहरूले यस Directive लाई घरेलुकरण गरी आफनो राज्य क्षेत्रभित्र घटेको जघन्य अपराधका पीडितलाई क्षतिपूर्ति दिलाउन ठोस कार्यक्रम बनाउनुपर्छ।युरोपभित्र जुनसुकै राज्यमा अपराध घटे पनि पीडितको क्षतिपूर्ति पाउने अधिकारलाई यस Directive ले सुनिश्चित गर्छ। Directive को धारा २ मा अपराध जुन युरोपियन राज्यमा घटेको छ, सोही राज्यको निकायले पीडितलाई क्षतिपूर्ति भराउनुपर्ने उल्लेख गरेको छ।

---

३६ Available at http://ec.europa.eu/civiljustice/comp_crime_victim/comp_crime_victim_spa_en.htm accessed on May 1, 2021.

## २.४ अपराध पीडितका सम्बन्धमा क्षेत्रीय अदालतहरूका फैसला

संयुक्त राष्ट्र संघको मानवअधिकार समिति (Human Rights Committee) बाट गरिएको निर्णयहरूमा राज्यले पीडितलाई क्षतिपूर्ति भराउनुपर्छ भन्ने कुरा उल्लेख गरिए तापनि क्षतिपूर्तिको रकम के कति हुने भन्ने सम्बन्धमा कुनै स्पष्ट धारणा व्यक्त गरेको पाइँदैन। तर अन्तर-अमेरिकी अदालत (Inter-American Court of Human Rights) र मानवअधिकार सम्बन्धी युरोपेली अदालत (European Court of Human Rights) जस्ता क्षेत्रीय अदालतबाट भने क्षतिपूर्तिको रकम तोकेर नै फैसला गरेको पाइन्छ।

### क. मानवअधिकारसम्बन्धी युरोपेली अदालत (European Court of Human Rights)

कुनै सरकारी कर्मचारीले जबर्जस्ती करणीको अपराध गरेमा पीडितलाई क्षतिपूर्ति भराउनु भनी युरोपेली अदालतबाट सम्बन्धित राष्ट्रलाई आदेश दिइएको पाइन्छ। जबरजस्ती करणीजस्तो यौन हिंसाजन्य अपराधलाई मानवअधिकारसम्बन्धी युरोपेली सन्धिले गोपनीयताको हकअन्तर्गत पहिले परिभाषित गर्ने गरेकोमा हाल सोही सन्धिअन्तर्गतको यातनाविरुद्धको हकभित्र पर्ने व्यवस्था गरेको पाइन्छ।

सन् १९८५ को *X and Y v. Netherlands* को मुद्दामा जबरजस्ती करणीपीडितको गोपनीयतासम्बन्धी हकको हनन भएको भन्ने व्याख्या गरिएको थियो। अपांगता भएका बालबालिकाहरूका लागि सञ्चालन गरिएको संस्थाको प्रमुखको ज्वाइँले १६ वर्षीया अपांगता भएकी बालिकालाई जबरजस्ती करणी गर्दा "यौन जीवन पनि निजी जीवनभित्र पर्दछ" भन्दै बलात्कारको घटनाले गोपनीयतासम्बन्धी हकको हनन गर्दछ भन्ने व्याख्या भएको छ। अपराध ठहर गर्दै डच सरकारले राष्ट्रिय स्तरबाट उपचार नदिएको यस मुद्दाका पीडितलाई ३००० युरो क्षतिपूर्ति भराउनुपर्ने भनी निर्णय दिएको थियो।

सन् १९९७ मा *Aydin v. Turkey* को मुद्दामा जबरजस्ती करणीलाई यातनाको एउटा रुप हो भनी परिभाषित गरिएको थियो। जबरजस्ती करणीपीडितलाई शारीरिक चोट मात्र नभई मानसिक रुपमा पनि निकै आघात पुगेको हुन्छ। त्यसैले टर्कीले पीडितलाई उचित क्षतिपूर्ति दिन नसकी युरोपेली अदालतको उल्लंघन गर्न पुगेकोले पीडितलाई २५००० पाउण्ड क्षतिपूर्ति र अन्य खर्च भराउन पर्ने भनी फैसला भयो।[३७]

युरोपेली अदालतलले *Necati Zontul v. Greece* को मुद्दामा एक आप्रवासीलाई ग्रीक सेनाका अधिकृतले यातनाका साथै जबरजस्ती करणी पनि गरेको ठहर गर्दै ग्रीक सरकारबाट पीडितलाई लयल *non pecunirary* क्षतिका निम्ति ५०००० युरो र अन्य क्षतिका निम्ति ३५०० युरो भराउन पर्ने निर्णय गर्‍यो[३८]।

---

[३७] http://www.wcl.american.edu/hrbrief/v7i3/rape.htm , Rape: A Survey of Current International Jurisprudence, *Christine Strumpen-Darrie*

[३८] *NecatiZontul v. Greece (European Court of Human Rights) (Application No. 12294/07)*, http://www.redress.org/downloads/Chamber%20judgment%20Zontul%20v.%20Greece%2017.01.2012.pdf.

*IG v. The Republic of Maldova* को मुद्दामा १४ वर्षीया बालिकालाई उनको छिमेकीले जबरजस्ती करणी गरेकोमा मानव अधिकारसम्बन्धी युरोपेली सन्धिको दफा ३ अन्तर्गत यातनाविरुद्धको हक हनन गरेको ठहर गरी जबरजस्ती करणी भएपछि मल्डोवा सरकारले पीडितलाई सही उपचार नदिई धारा ३ को Positive Obligation निर्वाह नगरेकाले राज्यलाई १०००० युरो क्षतिपूर्ति भराउन पर्ने भनेर आदेश भएको छ[३९]।

**ख. मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अदालत[४०]**

अन्तर-अमेरिकी राष्ट्रहरूका लागि अन्तर-अमेरिकी आयोग र मानव अधिकारसम्बन्धी अन्तर-अमेरिकी अदालत सञ्चालित छन्। यी दुवैले यौनजन्य हिंसाबाट पीडितलाई क्षतिपूर्ति दिने गरेको देखिन्छ। अदालतले क्षतिपूर्तिसम्बन्धी क्षेत्राधिकारको प्रयोग धेरै मुद्दाहरूमा गरेको पाइन्छ। यस अदालतले Pecuniary, Non-Pecuniary, Financial, Non-Financial सबै प्रकारका क्षतिपूर्तिबारे निर्णय दिएको पाइन्छ। यसका साथै यस अदालतले क्षतिपूर्ति दिने कोषको निर्माण गर्न पनि पाइला चालेको छ। पीडितलाई क्षतिपूर्ति नभराउने बेलासम्म मुद्दा अदालतमा चलिरहेको मान्नुपर्ने व्यवस्था छ[४१]।

*Raquel Marti de Meija v. Peru*[४२] को मुद्दामा जबरजस्ती करणी सम्बन्धमा राम्रो व्याख्या गरेको पाइन्छ। अदालतले यस मुद्दामा बलात्कारका घटनाहरूलाई यातनाको संज्ञा दिएको छ। पेरुमा सरकारी अधिकृतबाट अपराध भएको अवस्थामा राज्यले नै अपराधको दायित्व वहन गर्नुपर्ने निर्णय भएको छ। पेरुको सरकारले पीडितलाई उचित क्षतिपूर्ति दिई पीडकलाई सजायको भागीदार बनाउनुपर्ने आदेश भएको छ।

त्यसैगरी *Loqysa Tomango v. Peru*[४३] को मुद्दामा काउन्टर टेररिजम युनिटका प्रहरीले अनुसन्धानको क्रममा थुनामा रहेका महिला प्राध्यापकलाई बारम्बार जबरजस्ती करणी गरेको कार्य महासन्धिको धारा ५ अनुसार व्यक्तिको स्वतन्त्रतासम्बन्धी हक र अमानवीय व्यवहारविरुद्ध हकको हनन भएको ठहर गरी अदालतले पेरु सरकारलाई पीडित र उसका परिवारलाई उचित क्षतिपूर्ति दिनुका साथै मुद्दाको क्रममा भएको अन्य खर्चबापत पनि हर्जाना दिन आदेश गरेको छ।

---

See: http://echr.coe.int/Documents/FS_Violence_Woman_ENG.pdf

३९ *I.G. v. the Republic of Moldova (no. 53519/07),*http://hudoc.echr.coe.int/sites/eng/pages/search.aspx?i=001-110904#{"itemid":["001-110904"]}

४० यो अदालत सन् १९७९ मा स्थापित भएको थियो। यस अदालतको क्षेत्राधिकारभित्र मानव अधिकारसम्बन्धी अन्तर-अमेरिकी सन्धि अनुमोदन गर्ने देशहरू पर्दछन्। अन्तर-अमेरिकी मानव अधिकार अदालतले अन्तर-अमेरिकी अदालतबाट भएका कानूनी रूपमा बाध्यात्मक मुद्दा मात्र जारी गरे तापनि जबरजस्ती करणीसम्बन्धी अन्तर्राष्ट्रिय विधिशास्त्रको विकास गर्न सहयोग गरेको छ।

४१ http://www.wcl.american.edu/hrbrief/v7i3/rape.htm

४२ *Raquel Martí de Mejía v. Perú*, Case 10.970, Report No. 5/96, Inter-Am.C.H.R.,OEA/Ser.L/V/II.91 Doc. 7 at 157 (1996).

४३ *Loayza Tamayo v. Peru* ,IACtHR, Judgment of September 17, 1997

## ग. मानवअधिकारसम्बन्धी अफ्रिकी अदालत

अफरिकी बडापत्रले उपचार दिने सम्बन्धमा उचित व्यवस्था गरेको छ। यस बडापत्रको धारा ७ ले व्यक्तिको मुद्दामा सुनुवाइको अधिकार सुनिश्चित गरेको छ भने धारा २१ ले क्षतिपूर्तिको अधिकार सुनिश्चित गरेको छ। अफ्रिकी अदालतको स्थापनाबारे मस्यौदा आलेखले (Draft Protocol) पनि क्षतिपूर्तिसम्बन्धी हकलाई सुनिश्चित गरेको छ। प्रोटोकलको धारा २६ (१०) अनुसार अदालतलाई मनासिब लागेमा कसैको हक हनन हुन गएको खण्डमा आवश्यक क्षतिपूर्ति भराउने निर्णय लिन सक्छ भन्ने व्यवस्था गरेको छ[४४]।

*Aloeboetoe v. Suriname*[४५] को मुद्दामा अदालतले अफ्रिकी बडापत्रको विरुद्ध कार्य गरी कसैको हक हनन हुन गएमा उपचारको व्यवस्था हुनपर्छ र पीडितले उचित क्षतिपूर्ति पनि पाउनुपर्छ भनेर आदेश गरेको छ। यसका साथै क्षतिपूर्ति दिलाउने आदेश पालना भए नभएको सुपरिवेक्षण गर्न अदालतको कुनै शाखा हनुपर्दछ भनेर व्याख्या गरेको छ।

---

४४ *Human Rights Reference Handbook, University of Peace*, 2004, p 34.

४५ *Aloeboetoe v. Suriname* and *Maqueda v. Argentina,* As stated in Human Rights Reference Handbook, University of Peace, 2004, p 169.

# परिच्छेद ३

# पीडित संरक्षणसम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्था

## ३.१ पीडित संरक्षणसम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्था

यस परिच्छेदमा मुख्य गरी नेपालको संविधान र अपराध पीडित संरक्षण ऐनको सम्बन्धमा विश्लेषण र विवेचना गरिएको छ। त्यसको साथसाथै उपरोक्त ऐनमा रहेका कमीकमजोरीको बारेमा पनि औंल्याइएको छ। यसले नेपालको नीति नियममा रहेका कमीकमजोरीमा सुधार ल्याउन मद्दत गर्नेछ।

लामो समयदेखि अपराध पीडित संरक्षणसम्बन्धी स्पष्ट कानून तथा क्षतिपूर्ति कार्यान्वयन निर्देशिकाको अभावमा अदालतको फैसलाले दिलाएको प्रतिफल न्यायको याचकलाई दिलाउन सकिएको अवस्था नरहेको भन्ने कुरालाई नेपालको संविधान र अपराध पीडित संरक्षण ऐनमा भएका व्यवस्थाले पूर्ति गर्नमा मद्दत मिल्ने आशा जगाएको छ। तर न्यायको याचकलाई फैसलाले दिलाएको प्रतिफलको अनुभूति दिलाउने दायित्व स्वयं अदालतको हुन्छ। अदालतले क्षतिपूर्तिसम्बन्धी स्पष्ट कानून तथा क्षतिपूर्ति वितरणसम्बन्धी स्पष्ट निर्देशिका भएमा मात्र सहज रुपमा क्षतिपूर्ति दिलाउन सकिन्छ। अदालतको फैसला कार्यान्वयन नै हुँदैन भने त्यस्तो फैसला दिँदैमा पीडितले न्याय पाएको मान्न सकिन्न। पीडितलाई उसको मुद्दामा अदालतबाट के कस्तो फैसला भयो, पीडकलाई के कति सजाय तोकियो, आफ्नो हकमा अदालतले के कति क्षतिपूर्ति निर्धारण गर्‍यो र क्षतिपूर्ति पीडकबाट भराउने निर्णय अदालतबाट भएको अवस्थामा सो क्षतिपूर्ति दाबी गर्ने प्रक्रिया तथा निकायका बारेमा जानकारी दिने सम्बन्धमा स्पष्ट सूचना प्रवाह गर्ने निकाय तोकिन जरुरी छ।

अपराध पीडित संरक्षण ऐन लागू हुनुभन्दा अगाडि तत्कालीन समयमा लागू रहेका मुलुकी ऐन बाह्रौं संशोधनले अपराध पीडित महिलालाई मौद्रिक क्षतिपूर्तिको अवधारणाको सुरुवात गरेको थियो। तत्कालीन मुलुकी ऐनअन्तर्गतको जबरजस्ती करणीको महलको १० नम्बरमा कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब माफिकको क्षतिपूर्ति कसुरदारबाट भराइदिने व्यवस्था गरेको थियो। उक्त व्यवस्थाअन्तर्गत अदालतले पीडितलाई पुग्न गएको शारीरिक वा मानसिक क्षतिलाई विचार गरेर निर्धारण गरिएको “मनासिब माफिकको क्षतिपूर्ति” भुक्तानी गर्न पीडकलाई अदालतले आदेश दिनुपर्ने व्यवस्था छ। क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गम्भीरता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भईसकेको रहेछ भने निजमा आश्रित नाबालक सन्तान भए निजहरूलाई पर्न गएको पीडालाई समेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्नुपर्ने व्यवस्था रहेको थियो।

अदालतले मुद्दाको फैसला गर्दा जबरजस्ती करणी ठहर गरेको भएमा सो फैसलामा कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्तिसमेत उल्लेख गरी पीडित महिलालाई क्षतिपूर्ति भराई दिनुपर्ने र क्षतिपूर्ति भराउने प्रयोजनका लागि अदालतमा मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंशलगायत अन्य सम्पत्ति रोक्का राख्नुपर्दछ भन्नेसमेत व्यवस्था रहेको थियो। क्षतिपूर्तिसम्बन्धी खास प्रावधानका अतिरिक्त उमेर नपुगेका नाबालकहरूमाथि भएको अप्राकृतिक मैथुनबाट स्थापित जबर्जस्ती करणीको अपराधमा अतिरिक्त क्षतिपूर्तिको व्यवस्थासमेत ऐनमा रहेको थियो। बाह्रौं संशोधन आउनुपूर्व मुलुकी ऐनको व्यवस्थाअनुसार पीडितहरू आफूलाई जबरजस्ती करणी गर्ने व्यक्तिले सजाय पाएको अवस्थामा त्यस्तो व्यक्तिबाट आधा सम्पत्तिको हकदार हुने व्यवस्था थियो। मुलुकी ऐन एघारौं संशोधनको जबरजस्ती करणी महलको १० नं को व्यवस्थाअनुसार, “कसैले कुनै स्वास्नी मानिसको जबर्जस्ती करणी गरेमा त्यस्तो करणी गर्नेको आधा अंश सर्वस्व गरी त्यस्ती स्वास्नी मानिसलाई दिलाई दिनुपर्छ ”भन्ने प्रावधान थियो। यद्यपि यस कानूनको कार्यान्वयनमा थुप्रै समस्याहरू रहेकाले जबरजस्ती करणीपीडितलाई वास्तविक राहत प्रदान गर्न सम्भव नभएकाले सो व्यवस्थालाई संशोधन गर्दै ऐन बाह्रौं संशोधनमा पीडितलाई पीडकबाट क्षतिपूर्ति भराउने व्यवस्था भयो। यद्यपि पीडकसँग क्षतिपूर्ति दिनका लागि कुनै सम्पत्ति-साधन स्रोतहरू नभएको अवस्थामा क्षतिपूर्ति सुनिश्चित गर्ने सम्बन्धमा र त्यस्तो अवस्थामा राज्यको भूमिकाका बारेमा कानून मौन थियो। त्यस्तै मुलुकी ऐन बाह्रौ संशोधनमार्फत व्यवस्था गरिएको प्रावधानको कार्यान्वयनका लागि कुनै संयन्त्र निर्धारण हुन नसक्दा क्षतिपूर्तिको रकम पीडितसमक्ष पुगेको सुनिश्चित गर्न गाह्रो थियो। साथै क्षतिपूर्ति दिने कार्यविधि तथा प्रक्रिया पूर्णतः न्यायाधीशहरूका तजबिजमा मात्र आधारित रहेको थियो। संशोधित कानून केवल पीडितहरूउपर पुऱ्याइएको शारीरिक एवं मनोवैज्ञानिक हानि नोकसानीको क्षतिपूर्तिसम्म मात्र सीमित रहेको थियो। पीडितको तत्कालको कानूनी उपचार तथा औषधि उपचार सेवाहरूका खर्चहरूको आवश्यकता र शिक्षा, रोजगार, सामाजिक लाभहरू र पुनःस्थापना प्रक्रियालाई समेत ध्यानमा राखी बृहत् दीर्घकालीन अवधारणालाई ग्रहण गर्न यो कानूनी व्यवस्था अपुरो थियो।

पीडितलाई अदालतले के कस्तो फैसला गरेको छ र फैसलामा क्षतिपूर्ति दिने निर्णय अदालतबाट भएको छ भने पनि पीडितलाई फैसलाको जानकारी-सूचना दिने कार्यविधि र संयन्त्रको व्यवस्था तत्कालीन कानूनले गर्न सकेको थिएन। पीडितलाई मुद्दाको परिणामबारे जानकारी दिने परिपाटी तथा कानूनी व्यवस्था नभएकाले पीडितलाई मुद्दाको परिणामबारे थाहा हुँदैन थियो। यस्तो अवस्थामा पीडितले अदालतले तोकेको क्षतिपूर्ति दिलाई भराई पाऊँ भनी माग गर्न सक्ने अवस्था पनि रहँदैन थियो।

पहिले पीडितलाई दिने क्षतिपूर्ति निर्धारण कसरी गर्ने भन्ने सम्बन्धमा कानूनी व्यवस्था स्पष्ट थिएन। हालको अवस्थामा पनि शारीरिक वा मानसिक क्षति के कति पीडितलाई परेको भन्ने यकिन तथ्य न त सरकारी वकिलले नै पेस गर्छ, न त अदालतले नै यस्तो तथ्य प्रमाण पेस गर्न आदेश दिएको पाइन्छ। फलस्वरुप

न्यायाधीशको स्वविवेकका आधारमा क्षतिपूर्तिको रकमको निर्धारण हुने गरेकाले एकै प्रकृतिको अपराधबाट समान रुपमा आघात पुगेका पीडितहरूलाई फरकफरक क्षतिपूर्ति पाउने फैसला गर्ने गरिएको छ, जुन आफैमा पीडितहरूप्रति विभेदकारी छ।

माथि उल्लिखित विषयवस्तुमा सीमित रही यस परिच्छेदमा अपराध पीडित संरक्षण ऐनले गरेका कानूनी व्यवस्थाका सम्बन्धमा विस्तृत विवेचना गरिएको छ।

## ३.२ नेपालको संविधान

नेपालको संविधान, २०७२ ले धारा २१ मा अपराध पीडितको हकलाई सुनिश्चित गरेको छ। यस कानूनी प्रावधानअनुसार अपराध पीडितलाई आफू पीडित भएको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ। साथै अपराध पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ। त्यसैगरी धारा २२(२) अनुसार यदि कुनै व्यक्तिको यातनाविरुद्धको हकको उल्लंघन भएको छ भने ती अपराध पीडितलाई क्षतिपर्तिको अधिकार हुनेछ। साथै धारा २३(३) र २४(५) मा निवारक नजरबन्द र छुवाछुत तथा भेदभावका पीडितलाई क्षतिपूर्तिको हक प्रदान गरेको छ। नेपालको संविधान एउट यस्तो संविधान हो जसले पीडितको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी फौजदारी न्याय प्रणालीको अभिन्न अंगको रुपमा स्थापति गरेको छ। यसलाई एउटा उदाहरणीय व्यवस्थाको रुपमा लिन सकिन्छ।

## ३.३ कानूनी व्यवस्था

### ३.३.१ अपराध पीडित संरक्षण ऐन, २०७५

नेपालको संविधान धारा २२ "अपराध पीडितको हक" लाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले अपराध पीडित संरक्षण ऐन, २०७५ ल्याएको हो। अपराध पीडित संरक्षण लागि २०७५ एक विशेष ऐन हो। यो ऐन अपराधबाट पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन हो। ऐनको प्रस्तावनामा "फौजदारी न्यायको प्रक्रियाको अभिन्न अंगको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनसुन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने र कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसुरको परिणाम स्वरुप बेहोर्नु परेको क्षतिबापत पीडितलाई क्षतिपूर्तिसमेतको व्यवस्था गरी पीडितको हकको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न" भन्ने उदेश्य राखी संसद्ले यो ऐनको निर्माण गरेको हो।

यस ऐनलाई नेपालको फौजदारी न्याय प्रणालीको इतिहास र विकसक्रममा एउटा प्रगतिशील परिवर्तनको रुपमा लिन सकिन्छ। यसले पहिलोपटक पीडितलाई फौजदारी न्याय प्रणालीको अभिन्न अंगको रुपमा स्वीकार गरेको छ। त्यस खण्डमा मुख्य गरी यस ऐनमा भएका व्यवस्थालाई गहन रुपमा विश्लेषण गर्नुको साथै यसका सकारात्मक र नकारात्मक पक्षहरूमाथि पनि विश्लेषण गरिएको छ। साथै यस खण्डमा यस ऐनमा भएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्थाको बारेमा समेत विश्लेण गरिएको छ।

ऐनको परिच्छेद २ ले "फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार र कर्तव्यको बारेमा" कानूनी व्यवस्था गरेको छ। ऐनले अपराध पीडितलाई विभिन्न प्रकारका अधिकारहरू प्रदान गरेको छ जुन यसप्रकार रहेका छन्;

**स्वच्छ व्यवहार पाउने अधिकार**[४६]

यस अधिकारलाई अपराध पीडित र स्वच्छ न्याय प्रणालीका लागि अति महत्त्वपूर्ण अधिकार मानिन्छ। जसलाई नेपालको संविधानले स्पष्ट रुपमा व्यवस्था गरेको छ।[47] पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ भनी ऐनको दफा ४ ले व्यवस्था गरेको छ।

**भेदभावविरुद्धको अधिकार**[४८]

विगतका दिनहरूमा फौजदारी न्याय प्रणालीमा अपराध पीडितको अधिकारलाई खासै महत्त्व दिने गरेको थिएन। फौजदारी न्याय प्रणाली अभियुक्त केन्द्रित रहेको थियो। तर अब अपराध पीडितलाई कुनै पनि किसिमले भेदभाव गर्न नपाइने भनी यस दफाले व्यवस्था गरेको छ।

**गोपनीयताको अधिकार**[४९]

देहायका कसुरको अनसुन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुनेछ-ः

- जबरजस्ती करणी,
- हाडनाता करणी,
- मानव बेचबिखन,

---

[४६] दफा ४।

[४७] धारा २०।

[४८] दफा ५।

[४९] दफा ६।

- यौन दुर्व्यवहार,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसुर।

**अनसुन्धानसम्बन्धी सूचनाको अधिकार**[50]

यस दफाले अनुसन्धान अधिकारी वा निकायले पीडितलाई अनुसन्धानसम्बन्धी विभिन्न सूचनाको जानकारी अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था गरेको छ।

**अभियोजनसम्बन्धी सूचनाको अधिकार**[५१]

यस दफाले अनुसन्धान अधिकारी वा निकायले पीडितले माग गरेमा पीडितलाई अभियोजनसम्बन्धी विभिन्न सूचनाको जानकारी अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था गरेको छ।

**न्यायिक कारबाहीसम्बन्धी सूचनाको अधिकार**[५२]

यस दफाले अनुसन्धान अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा पीडितलाई न्यायिक कारबाहीसम्बन्धी सूचनाको अधिकार सम्बन्धमा विभिन्न सूचनाको जानकारी अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था गरेको छ।

**सुरक्षित हुन पाउने अधिकार**[५३]

यस दफाले पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसुरदार, निज सम्बद्ध व्यक्ति वा अभियुक्त वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्तिविरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकारको बारेमा व्यवस्था गरेको छ।

**धारणा व्यक्त गर्ने अधिकार**[५४]

पीडितले आफ्नो सरोकारकासँग सम्बन्धित कुराहरूको सम्बन्धमा आफ्नो धारणा राख्न पाउने व्यवस्था यस दफाले गरेको छ।

**कानून व्यवसायी राख्न पाउने अधिकार**[५५]

पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउने व्यवस्था पनि यस ऐनले व्यवस्था गरेको छ।

---

[५०] दफा ७।
[५१] दफा ८।
[५२] दफा ९।
[५३] दफा १०।
[५४] दफा ११।
[५५] दफा १२।

## सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार[५६]

पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसुरका सम्बन्धमा हुने अदालतको सुनुवाइसम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकारको हुनेछ।

## सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार[५७]

अदालतले कसुरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक् रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ।

## सम्पत्ति फिर्ता पाउने अधिकार[५८]

अनुसन्धानको सिलसिलामा वा प्रमाणका लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नुपर्नेछ।

## कसुरसम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्न सक्ने[५९]

यस दफामा कसुरसम्बन्धी मुद्दाका सम्बन्धमा पीडित र अभियुक्त दुवैको सहमतिमा कसुरसँग सम्बन्धित कुनै विषयमा अदालतले छलफल गराउन सक्ने व्यवस्था गरेको छ। तर कस्तो कस्तो विषयमा छलफल गराउन सक्ने विषयमा यो दफा मौन देखिन्छ। त्यसैले छलफल गराउने विषयको बारेमा पनि उल्लेख हुने गरी यस दफालाई संशोधन गर्नुपर्छ। यसको साथसाथै कस्तो कस्तो विषयमा छलफल गराउन नपाइने भन्ने कुरामा पनि यसै दफामा उल्लेख गरी संशोधन गर्नुपर्ने देखिन्छ। यसले पीडितलाई अभियुक्तको अनुचित प्रभावबाट संरक्षण मिल्नेछ।

## लिखित निवेदन दिन सक्ने अधिकार[६०]

यस दफामा पीडितले अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णयविरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ। यो "अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारीसमक्ष लिखित निवेदन दिने" कुरा नै त्रुटिपूर्ण छ। एक त पीडित निवेदन दिने अवस्थामा हुँदैन र भए पनि निवेदन दिनु नै पर्ने अनिवार्य व्यवस्थाले कानूनको प्रभावकारितालाई कम पर्दछ। त्यसैले मौखिक रुपमा आफ्नो असन्तुष्टि देखाएमा त्यसलाई आधार मानी

---

[५६] दफा १३।

[५७] दफा १४।

[५८] दफा १५।

[५९] दफा १६।

[६०] दफा १७।

निवेदन वा पुनरावेदन दिने व्यवस्था गर्नुपर्छ। त्यस्तै यस्तो निवेदन आदेश वा निर्णयको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दिनुपर्ने व्यवस्था पनि त्रुटिपूर्ण रहेको छ भने दिएको समयावधि अपर्याप्त रहेको छ। यो समयावधि बढाउनुपर्छ।

**क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार[६१]**

नेपालको न्याय प्रणालीमा नै भएको कार्यविधिगत कमजोरीका कारण यस्ता पीडित र तिनका परिवारहरू अदालतबाट आफ्नो पक्षमा भएको फैसलासम्मको जानकारी राख्नसमेत वञ्चित हुनु परेको छ। फैसलाको जानकारी राख्ने केही पीडित पक्षले अदालतमा जाँदा फैसलाको बारे जानकारी प्राप्त गरेको देखिन्छ। यद्यपि पीडित पक्षको तर्फबाट मुद्दामा प्रतिरक्षा गर्ने सरकारी वकिलबाट फैसलाको जानकारी पाएको भनी अन्तर्वार्ताका दौरान कुनै पीडित पक्षले भनेको पाएको देखिँदैन[६२]।

अपराध पीडितको अधिकारको सम्बन्धमा कुरा गर्दा सबभन्दा कठिन विषय क्षतिपूर्तिसँग सम्बन्धित विषय नै हो। त्यसमा पनि क्षतिपूर्तिको बारेमा कसले पीडितलाई जानकारी गराउने कुराको बारेमा सम्बन्धित निकायहरूको बीचमा नै परस्पर विरोधाभासको अवस्था रहेको देखिन्छ। कानूनमा "पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नुपर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनुपर्नेछ" भन्ने व्यवस्था छ। तर पनि यस व्यवस्थाले पनि जानकारी गराउनुपर्ने कुरालाई अनिवार्य गरेको छैन। यस सम्बन्धमा एउटा अनुसन्धानले देखाएको कुरा तल उल्लेख गरिएको छः

"अदालतबाट जबरजस्ती करणीका मुद्दामा पीडितलाई क्षतिपूर्ति दिने दिलाउने आदेश भएपछि पीडितलाई कसरी जानकारी गराइन्छ ? भन्ने जिज्ञासा राख्दा पीडितलाई फैसलाको जानकारी गराउन अदालतले खेलेको भूमिका अदालतपिच्छे फरक रहेको पाइएको छ। फैसलाका बारेमा पीडितले स्वयं पनि थाहा पाउने साथै अदालतले समेत सोको सूचना पीडितलाई दिने गरेको भनी एउटा जिल्ला अदालतका श्रेस्तेदारले बताए पनि "पीडितले आफैं आएर अदालतमा बुझ्नुपर्छ, अदालतले छुट्टै जानकारी गराउँदैन" भन्ने भनाइ अर्को जिल्ला अदालतका श्रेस्तेदारको रहेको छ। "प्रक्रियामा एकरुपता पाइँदैन। कतै अदालतले जानकारी दिन्छ। कतै दिँदैन। तर पीडितलाई झिकाई तुरुन्त जानकारी दिइहाल्नुपर्छ " भन्ने धारणा छलफलमा एक जिल्ला न्यायाधीशको छ।

---

[६१] दफा १८।

[६२] जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग। अपराध पीडित महिला, बालबालिका तथा साक्षी दिग्दर्शन, २०६५, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

अधिकांश प्रतिक्रियादाताहरूको भनाइअनुसार पीडितलाई फैसलाको जानकारी पठाउने अभ्यास प्रचलनमा रहेको पाइँदैन। दुईजना प्रतिक्रियादाताहरूले कानूनमा कसले कसरी जानकारी गराउने, कसको के कति भूमिका रहने भन्ने स्पष्ट नभएकाले यस्तो समस्या रहेको उल्लेख गरे। सबै प्रतिक्रियादाताहरूले पीडितले फैसलाको जानकारी तुरुन्तै प्राप्त गर्नुपर्ने कुरा अगाडि राखे पनि जानकारी दिने भूमिका कुन निकायको हुने भन्ने सन्दर्भमा तीन जना प्रतिक्रियादाताले यो भूमिका अदालतको रहेको औंल्याए भने तीन जनाले यो भूमिका अदालतले मात्र पूरा गर्न नसक्ने र सरकारी वकिलसमेतको जिम्मेवारीभित्र पर्ने विषय बताए। एक जिल्ला अदालतका श्रेस्तेदार भन्छन्, "पीडितलाई सूचना दिने अदालत, सरकारी वकिल दुवैको समान जिम्मेवारी हो। अदालतले फैसलापश्चात् पीडितलाई तत्काल सूचना दिने व्यवस्था गर्नुपर्छ भने सरकारी वकिलले पनि अदालतबाट फैसला भएपश्चात् पीडितलाई फैसलाको तत्काल जानकारी दिनुपर्ने व्यवस्था मिलाउनुपर्छ।" दुई जना प्रतिक्रियादाताले पीडितलाई फैसलाको जानकारी गराउने भूमिका प्रहरीको समेत रहेको कुरालाई उल्लेख गर्दै सरकारी वकिलले आफैं सूचना पुऱ्याउन नसक्ने र प्रहरीमार्फत पीडितसमक्ष सूचना पुऱ्याउन सकिने कुरा बताए"।[६३] तर यस किसिमको प्रतिक्रियाले पीडितको अधिकार संरक्षणभन्दा पनि बढी उल्लंघन गर्ने नै देखिन्छ।

## क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार[६४]

पीडितलाई क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकारको सम्बन्धमा पनि ऐनले व्यवस्था गरेको छ। तर कानूनको यो व्यवस्थाको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भन्ने सम्बन्धमा अहिले नै मूल्यांकन गरिहाल्नुपर्ने अवस्था आई सकेको छैन किनभने यस ऐनको लागू भइसकेको समय पनि धेरै बितिसकेको छैन। यसको साथै यस ऐनअन्तर्गतका मुद्दाहरूको संख्या एकदम न्यून रहेको छ। तर पुरानो अध्ययन र अनुसन्धानले के देखाएको छ भने पीडितको क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अवस्था उत्साहजनक छैन। यसै सन्दर्भमा भएको एउटा अनुसन्धानबाट पाइएको तथ्य तल उल्लेख गरिएको छः

जिल्ला अदालतहरूबाट जबरजस्ती करणी मुद्दामा भएको फैसलामा मुद्दामा मात्र कैदसहित क्षतिपूर्तिको फैसला भएको पाइन्छ। करिब आधा मुद्दामा (४७%) प्रतिवादीउपर अदालतले कैद सजाय ठहर गरेको छ भने फैसलामा पीडितको नाममा क्षतिपूर्ति तोकिएको देखिँदैन। अधिकांश यस्ता मुद्दामा पीडकको आर्थिक हैसियतलाई मध्यनजर राख्ने र वादी पक्षका सरकारी वकिलबाट क्षतिपूर्तिको मागदाबी नगर्नु नै अदालतबाट क्षतिपूर्ति नतोक्नुका कारण देखिएको छ। उदाहरणका लागि महोत्तरी जिल्ला अदालतबाट मिति २०६९ साल भाद्र १८ गते फैसला भएको एक जबरजस्ती करणी मुद्दामा २०६७ असोज ३० गते बिहान ४ बजे

---

[६३] जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स र राष्ट्रिय महिला आयोग।

[६४] दफा १९।

पीडित ९ वर्षीया बालिकामाथि प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर गर्दै अदालतले फैसला गर्दा १० वर्ष कैद सजाय तोकेको त छ, तर क्षतिपूर्ति दिन सक्ने हैसियत र क्षमता पीडकसँग नरहेको जनाउँदै क्षतिपूर्ति दिलाउने कुरा फैसलामा उल्लेख भएन। पीडकको आर्थिक हैसियत नभएको कारण मात्रले पीडितलाई जबरजस्ती करणीबाट पुगेको मानसिक र शारीरिक असरको क्षतिपूर्ति नभराउनु न्यायोचित मान्न सकिँदैन[६५]।

क्षतिपूर्ति दिलाउनेतर्फ जिल्ला अदालतले गरेको फैसलालाई हेर्दा काठमाडौं जिल्ला अदालतबाट सबैभन्दा कम (२१%) मुद्दामा क्षतिपूर्ति दिलाउने फैसला भएको छ। ललितपुर जिल्ला अदालतबाट सोही समयावधिमा फैसला भएका जम्मा २८ जबरजस्ती करणीका मुद्दाहरूमा १७ वटा मुद्दामा क्षतिपूर्तिसहितको फैसला हुनुले अन्य जिल्ला अदालतहरूका तुलनामा यस जिल्ला अदालतबाट सबैभन्दा बढी (६१%) क्षतिपूर्ति दिलाउने फैसला भएको पुष्टि गर्दछ[६६]।

जबरजस्ती करणी मुद्दामा भएको क्षतिपूर्तिको मात्रा र यसमा एक रुपताको अभाब देखिन्छ। न्यूनतम रु. ५०० देखि अधिकतम रु. ३,१०,००० सम्म क्षतिपूर्तिको रकम अदालतले तोकेको पाइएकोमा रकम तोक्नुको निश्चित कारण र आधार लिखित फैसलामा खुलेर आएको पाइदैन। यी जिल्ला अदालतहरूबाट भएको फैसलामा अधिकतम मुद्दामा रु. २५००० (१५% मुद्दामा) र रु. ५०००० (३५% मुद्दामा) क्षतिपूर्ति ठहर भएको देखिन्छ, जुन निम्नलिखित तालिकाबाट प्रस्ट हुन्छ[६७]।

जिल्ला अदालतबाट भएको जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलामा एक रुपता पाइँदैन। यस्ता मुद्दामा भक्तपुर जिल्ला अदालतबाट भएको फैसलामा रु. २००० देखि रु. ३०,००० सम्म क्षतिपूर्तिको फैसला भएको छ भने काठमाडौं जिल्ला अदालतबाट भएको फैसलामा रु. ५०० देखि रु. १,५०,००० सम्म क्षतिपूर्ति तोकिएको छ। ललितपुर, धादिङ र बर्दियामा जिल्ला अदालतबाट यस्ता जबरजस्ती करणी मुद्दामा क्रमशः न्यूनतम रु. ५,०००, रु. १०,००० र रु. २०,००० क्षतिपूर्ति पीडितले पीडकबाट पाउने ठहराएको छ भने अधिकतम क्षतिपूर्ति रकम क्रमशः रु. ३,१०,०००, रु. २ लाख र रु. १ लाख तोकेको छ। पछिल्ला वर्षहरूमा क्षतिपूर्तिको मात्रा प्रायः सबै जिल्लामा बढेको पाइएको भए पनि यसका आधार र कारण फैसलामा स्पष्ट खुल्न नसक्नु फैसला लेखनको अर्को समस्या हो। अनुसन्धानका क्रममा प्राप्त हुन सकेका केही मिसिल अध्ययनले यसै कुराको पुष्टि गरेको छ। अध्ययन गरिएका जबरजस्ती करणी मुद्दाका जम्मा ८ वटा मिसिलहरूमध्ये कुनैमा पनि अदालतले पीडितलाई परेको क्षतिको मूल्यांकन गरी क्षतिपूर्ति तोक्दाका आधारहरू खुलाएको भेटिएन। यसर्थ क्षतिपूर्तिको मात्रामा एकरुपता कायम गर्न क्षतिपूर्ति रकम

---

[६५] जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग।

[६६] ऐजन।

[६७] ऐजन।

तोक्ने आधारसहितको निर्देशिका हुन जरुरी देखिन्छ। फैसला गर्दा पीडितलाई जबरजस्ती करणीबाट पुगेको तत्कालको शारीरिक र मानसिक असर र दीर्घकालीन असर एवं शिक्षा, स्वास्थ्य र सामाजिक परिवेशले पारेको असरसमेतका मूल्यांकनका आधारमा क्षतिपूर्ति तोकिनु जरुरी देखिन्छ।

## निवेदन दिन सक्ने वा पुनरावेदन गर्न सक्ने अधिकार[६८]

यस दफामा पीडितले अदालतको आदेश वा निर्णयमा सम्बन्धित पीडितलाई चित्त नबुझेकोमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णयविरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ। यो "अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारीसमक्ष लिखित निवेदन दिने" कुरा नै त्रुटिपूर्ण छ। एक त हरेक पीडित निवेदन दिने अवस्थामा हुँदैन र भए पनि निवेदन दिनु नै पर्ने अनिवार्य व्यवस्थाले कानूनको प्रभावकारितालाई कम पर्दछ। त्यसैले मौखिक रुपमा आफ्नो असन्तुष्टि देखाएमा त्यसलाई आधार मानी निवेदन वा पुनरावेदन दिने व्यवस्था गर्नुपर्छ। त्यस्तै यस्तो निवेदन आदेश वा निर्णयको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दिनुपर्ने व्यवस्था पनि त्रुटिपूर्ण रहेको छ भने दिएको समयावधि अपर्याप्त रहेको छ। यो समयावधि बढाउनुपर्छ[६९]।

## पीडितको कर्तव्य

यस ऐनले एउटा अनौठो व्यवस्था गरेको छ। त्यो हो- "पीडितको कर्तव्य"[७०]। जुन आफैंमा अस्वाभाविक कानूनी व्यवस्था हो। यस व्यवस्थाको पछाडिको कारण के हो भन्ने पुष्टि हुने अवस्था देखिँदैन। पीडितलाई झन् पीडित बनाउने हो भने यस खालको व्यवस्था कानूनमा राखिराख्नुपर्छ, अन्यथा यस्तो व्यवस्थालाई तत्काल खारेज गर्नुपर्ने देखिन्छ।

## अधिकारको सम्मान गर्नुपर्ने

कसुरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरुपणको प्रक्रियामा संलग्न हुने अधिकारीले यस ऐन तथा प्रचलित नेपाल कानूनबमोजिम प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यान्वयनका लागि उचित ध्यान दिनुपर्ने कानूनी व्यवस्था गरेको छ। यस व्यवस्थाले पीडितको अधिकारलाई सम्बन्धित निकायले अनिवार्य रुपमा सम्मान गर्नुपर्छ। यसको उल्लंघन भएको देखिएमा विभागीय कारबाही वा अन्य कारबाही हुने अवस्था देखिन्छ।[७१]

---

६८ दफा २०।

६९ दफा २० को उप दफा २।

७० दफा २१।

७१ दफा २२।

## अधिकार प्रचलनका लागि निवेदन दिन सकिने

यस परिच्छेदद्वारा प्रदत्त अधिकारको प्रचलनका लागि पीडितले सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरेको छ।[७२] तर यस व्यवस्थाले पीडितलाई न्याय पाउनबाट वञ्चित गर्ने देखिन्छ। किनभने न्यायको पहुँच र न्याय पाउनका लागि पुग्नुपर्ने संस्थाको दूरीबीचको महत्त्वपूर्ण सम्बन्ध हुन्छ। त्यसैले उपरोक्त कानूनी व्यवस्थालाई संशोधन गर्नुपर्ने देखिन्छ किनभने उच्च अदालतमा मात्रै निवेदन दिन पाउने व्यवस्थाले पीडितलाई पहुँचको समस्या हुनेछ। जस्तैः दोलखा जिल्लाको पीडितका लागि सम्बन्धित उच्च अदालत, पाटन उच्च अदालत हो। यस्तो अवस्थामा पीडितले कसरी न्याय पाउन सक्छ भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ। त्यसैले "सम्बन्धित उच्च अदालत" को सट्टा "सम्बन्धित जिल्ला अदालत" राखी यस दफालाई संशोधन गर्नुपर्छ। जसलाई एउटा अनुसन्धानको परिणामले देखाएको छः

पीडितकी आमा भन्छिन् :

"हामीलाई अदालतले फैसला गरेको कुरा नै थाहा भएन किनभने म एक्लै जता पनि हिँड्नुपर्ने। श्रीमान् आफ्नो बेइज्जत भयो भनेर इन्डिया गई बसे। पीडक पक्षले पनि पैसा दिनेबित्तिकै तेरो परिवारलाई बस्न दिन्न भनेर धम्काउने गरे। बाटो टाढा भएको र पैसाको कमीका कारण पनि अदालतले बोलाएका बेला जान आउन सकिनँ। त्यो भएर फैसला के भयो थाहा भएन। "यी पीडितले गरिबी, पीडक पक्षको धम्की र सदरमुकामबाट आफ्नो ठाउँबीचको दूरी र झन्झटकै कारण पछिल्लो समयमा फैसलाको जानकारी भएपछि पनि क्षतिपूर्ति दाबी गर्न जिल्ला अदालत आउन सकेका छैनन्।

## पीडित प्रभाव प्रतिवेदन पेस गर्न सक्ने

पीडितले चाहेमा कसुरको कारणले आफूलाई प्रत्यक्ष रुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसुरको अभियोगपत्र अदालतमा दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारीसमक्ष तोकिएका विवरण खुलाई तोकिएबमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था छ।[७३] तर उपरोक्त दफाको उपदफा (३) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितको काबुबाहिरको परिस्थिति परी अदालतमा अभियोगपत्र दायर हुनुअगावै पीडित प्रभाव प्रतिवेदन पेस गर्न नसकेमा त्यस्तो परिस्थिति परेको प्रमाण संलग्न गरी अभियोगपत्र अदालतमा दायर भएको मितिले एक महिनाभित्र अभियोगपत्र दायर गर्ने अधिकारीसमक्ष त्यस्तो प्रतिवेन पेस गर्न बाधा पर्ने छैन" भन्ने कानूनी व्यवस्था रहेको छ।

---

[७२] दफा २२।

[७३] दफा २५।

तर उपरोक्त उपदफा (१) र (३) मा भएको व्यवस्थाले पीडितलाई खासै फाइदा पुग्ने देखिँदैन किनभने अधिकतम पीडित प्रभाव प्रतिवेदन पेस गर्न सक्दैन यदि सरकारी वकिलले उसलाई यसमा मदत गर्दैन भने। यसको साथै अभियोगपत्र दायर हुनुभन्दा अगाडि वा अभियोगपत्र दायर भएको एक महिनाभित्र पीडित प्रभाव प्रतिवेदन पेस गर्ने कानूनी व्यवस्था पीडितको हकमा देखिँदैन। किनभने पीडित कहिलेकाहीं महिनौं ट्रमा वा कोमामा हुन सक्छ वा मानसिक रुपले ठीक हुन सकेको अवस्था हुँदैन। यस्तो अवस्थामा उक्त दिएको समय नै उपुयक्त देखिँदैन। त्यसैले अदालतले फैसला गर्नुभन्दा अगाडि जहिले पनि पीडित प्रभाव प्रतिवेदन पेस गर्ने व्यवस्था हुनुपर्छ।

**अन्तरिम क्षतिपूर्तिका लागि आदेश दिन सक्ने**

पीडितलाई तत्काल उपचार गराउनुपर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ[७४]। यो व्यवस्था पीडितका लागि महत्त्वपूर्ण व्यवस्था हो। यस किसिमको कानूनी व्यवस्थाको अभाव भइरहेको अवस्थामा त्यसको कमीलाई यस कानूनी व्यवस्थाले पूर्ति गरेको छ भने पीडितलाई यसबाट राहत मिल्नेछ।

यस दफामा रहेको अर्को महत्त्वपूर्ण व्यवस्था के रहेको छ भने "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसुर स्थापति भएको तर कसुरदार कायम हुन नसकेको अवस्थामा वा कसुरसँग सम्बन्धित मुद्दा प्रचलित कानूनबमोजिम, फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्तिस्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्ने व्यवस्था रहेको छ।[७५]

विगतमा क्षतिपूर्ति भराउने निवेदनमा नै पीडितले पीडकको जायजेथा खुलाउनुपर्ने कारणले केही पीडितले क्षतिपूर्ति प्राप्त गर्न नसकेका उदाहरणहरू एउटा अध्ययनका क्रममा पाइएको छ[७६]।

---

[७४] दफा ३० (१)।

[७५] दफा ३० (४)।

[७६] जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग। अपराध पीडित महिला, बालबालिका तथा साक्षी दिग्दर्शन, २०६५ राष्ट्रिय न्यायिक प्रतिष्ठान।

**मुद्दा – १**

पीडकको सम्पत्ति विवरण प्रस्तुत गर्ने पीडितको दायित्व

भक्तपुर जिल्लाका एक जबरजस्ती करणी मुद्दामा पीडितले अदालतमा आफ्नो मुद्दाबारे बुझ्न आएको बेलामा मात्र मुद्दामा फैसला भइसकेको जानकारी पाइन्। आफूलाई ट्रकमा यात्रा गर्ने क्रममा रातिको समयमा ट्रकका चालकलगायत दुई पुरुषले सामूहिक जबरजस्ती करणी गरेको यस मुद्दामा जनही रु. २५,००० गरी जम्मा रु. ७५,००० पीडकबाट क्षतिपूर्ति प्राप्त गर्ने फैसलाको जानकारी भएपश्चात् पीडितले अदालतमा क्षतिपूर्ति भराउने निवेदन दिइन्। यसउपर अदालतले पीडित स्वयंले पीडकहरूको सम्पत्ति विवरण खोजी यसलाई खुलाई मकवानपुर जिल्ला अदालतमा क्षतिपूर्ति भुक्तानीका लागि निवेदन दिन आदेश भएको छ। अदालतमा भेटिई अन्तर्वार्ता लिने क्रममा उनले उदयपुरबाट महोत्तरी अदालतसम्मको यातायात खर्च धान्न गाह्रो परेको र यस्ता मुद्दाको सुनुवाइ आफ्नै जिल्ला अदालतबाट भए सहज हुने अपेक्षा राखेकी थिइन्। जबरजस्ती करणीपछि श्रीमानले पनि आफूसँग दूरी बढाएको पीडा पोखेकी उनले यस्तो अवस्थामा अदालतको आदेशमुताबिक क्षतिपूर्ति भराई पाउन मकवानपुर जिल्ला गई पीडकको सम्पत्ति विवरण खोज्न र त्यहाँको अदालतमा निवेदन दिई क्षतिपूर्ति प्राप्त गर्न सम्भव देखिँदैन। १० वर्ष कैद ठहरिएको, तर रु. ५,००० मा पहिल्यै धरौटीमा रिहा भइसकेका सामूहिक जबरजस्ती करणी मुद्दाका तीन प्रतिवादीहरू हालसम्म कैदको घेराभन्दा बाहिर छन्। पीडित हालसम्म न्यायको पर्खाइमा छन्।

(स्रोतः जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग।)

काठमाडौं जिल्ला अदालतबाट भएको एक फैसलामा कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएकोमा पीडकको सबै सम्पत्ति राज्यले सर्वस्व गरेर सरकारको नाममा आइसकेको र अन्य जायजेथा केही नभएकाले सोही मुद्दासँग जोडिएको जबरजस्ती करणीको मुद्दामा क्षतिपूर्ति दिलाउने फैसला हुँदासमेत पीडित पक्षले क्षतिपूर्तिका लागि अदालतमा निवेदन दायर गर्न सकेको अवस्था छैन। कुन सम्पत्तिलाई आधार मानेर क्षतिपूर्तिको दाबी गर्ने भन्ने प्रश्नका कारण अदालतमा दिने निवेदन तयार गर्न समस्या परी फैसलाको कार्यान्वयन हुन नसकेको अवस्था छ। अदालतमा दिइने यस्ता निवेदनमा पीडितले पीडकको जायजेथा खुलाउनुपर्ने प्रक्रिया रहेको छ।

**मुद्दा – २**

सर्वस्व हरण भएको मुद्दामा क्षतिपूर्ति प्राप्त गर्न समस्या

नेपाल सरकारविरुद्ध सुवास थापामगरको कर्तव्य ज्यान, ज्यान मार्ने उद्योगसहित जबर्जस्ती करणीको मुद्दामा प्रतिवादीले आमा र २ जना छोरी सुतिरहेको बेलामा ३ नै जनालाई बन्चरो प्रहार गरी आमालाई जबरजस्ती करणी गरेको र यसबाट २ जनाको हत्या भएको भन्ने ठहराई धादिङ जिल्ला अदालतले मिति २०७० जेठ १६ मा फैसला गरेको छ। सो फैसलामा पीडकलाई कर्तव्य ज्यानअन्तर्गत सर्वस्वसहित जन्मकैदको फैसला भई सबै कसुरहरूमा साबित भई जम्मा ३९ वर्ष कैद सजाय ठहर भएको छ। जबरजस्ती करणीको मुद्दामा २ लाख क्षतिपूर्ति पीडितका आश्रितले पाउने गरी फैसला समेत भएको छ। २०७० माघ २० गते पीडित बालबालिकाहरूको संरक्षक हजुरबुबा अदालतमा क्षतिपूर्तिका लागि निवेदन दिन आउँदा पीडकको सम्पत्ति सबै राज्यले सर्वस्व गरेर सरकारको नाममा आइसकेको र अन्य जायजेथा केही नभएकाले केलाई आधार मानेर क्षतिपूर्तिको दाबी गर्ने भन्ने अवस्था सृजना भई क्षतिपूर्तिको निवेदन लेख्न समस्या भएको छ। यसबारेमा अदालतमा थप जिज्ञासा राख्दासमेत उपचारको बाटो खुल्न सकेन। पीडितका २ जना ९ वर्ष र ५ वर्षका बालबालिकाहरू हजुरको साथमा बसेका छन्।

(स्रोतः जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग।)

## कसुरदारबाटै क्षतिपूर्ति भराइदिने

यो व्यवस्था पनि नेपाली फौजदारी न्याय प्रशासनका लागि नयाँ हो। अदालतले विगतमा महसुस गरिरहेको कमीलाई यस व्यवस्थाले पूरा गरेको छ। अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसुरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्तिस्वरुप भराइदिने गरी आदेश गर्न सक्ने कानूनी व्यवस्था रहेको छ।[७७] यसले पीडितले पाउने क्षतिपूर्तिको प्रत्याभूतिलाई सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ।

## क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू[७८]

विगतमा कानूनको अभावको कारण क्षतिपूर्तिको आधार कसरी निर्धारण गर्ने भन्ने कुराको अभाव रहेको थियो। यस किसिमको समस्या अदालत र सरकारी वकिलहरूले पनि बताउँदै आइरहेका थिए। अदालतले पीडकको

[७७] दफा ३० (१)।

[७८] दफा ३१।

हैसियत हेरेर र पीडकसँग आश्रित महिला र बालबालिकाहरूको अवस्थालाई पनि हेरेर निर्णय गर्ने गरिएको छ। अहिलेसम्मको क्षतिपूर्ति तय गर्ने आधार भनेको पीडकको हैसियत मात्रै हो। हैसियतलाई आधार मान्दा न्यायाधीशहरूलाई फैसला गर्न गाह्रो हुन्छ। कहिलेकाहीँ पीडा धेरै हुन्छ तर पीडकको हैसियत हुँदैन, त्यस्तो बेला हैसियतका आधारमा क्षतिपूर्तिको फैसला गर्दा पीडितलाई न्याय नभएको अवस्था पनि हुन्छ। कहिलेकाहीँ पीडकको सम्पत्तिको विवरण पनि सही हुँदैन। तर यस व्यवस्थाले क्षतिपूर्तिको आधारलाई वैज्ञानिकीकरण गरेको छ भने विद्यमान समस्यालाई पनि केही हदसम्म समाधान गर्ने देखिन्छ।

## क्षतिपूर्ति उपलब्ध नगराइने

यस दफामा अनेक किसिमका त्रुटिपूर्ण, विरोधाभासपूर्ण र मानव अधिकार विरोधीजस्ता प्रावधानहरू रहेकाले यसलाई एकपटक परिमार्जन र सुधारको आवश्यकता रहेको छ। जस्तैः दफा ३४ को खण्ड (ङ) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको कुनै आवश्यकता रहेको देखिँदैन। त्यसैले यसलाई खारेज गरिदिनुपर्छ किनभने जो अपराधमा सहभागी छैन, उसलाई अधिकारबाट वञ्चित गर्ने कुरा नै उठ्दैन र यो त्यत्तिकै अनुमान गर्ने कुरा पनि हो।

त्यसैगरी खण्ड (च) को प्रतिबन्धात्मक वाक्यांशमा पनि संशोधनको आवश्यकता देखिन्छ। किनभने चिकित्सकीय परामर्श वा औषधोपचार पनि कतिपय अवस्थामा नेपाल सरकारको अस्पतालमा उपलब्ध नहुन सक्छ। यस्तो अवस्थामा अन्य निजी अस्पताल वा औषधोपचारको आवश्यकता हुन सक्छ र पीडितले वा निजका परिवारले उक्त खर्च बेहोरेको हुन सक्छ। त्यसैले उक्त खर्च पनि क्षतिपूर्तिको रुपमा पीडितले पाउने गरी उपरोक्त खण्ड (च) को प्रतिबन्धात्मक वाक्यांशलाई संशोधन गर्नुपर्छ।

त्यसैगरी यस दफाको खण्ड (छ) को पनि संशोधनको आवश्यकता देखिन्छ किनभने यस खण्डले दुई किसिमका कैदीलाई दुई किसिमका अपराध गरेबापत ती दुवैलाई सजाय ठहर भई सजाय भुक्तान गरी रहेको अवस्थामा क्षतिपूर्ति दिलाउन लागि विभेद भएको देखिन्छ।

(क) पहिलो प्रचलित कानूनबमोजिम कैद सजाय पाई थुनामा रहेका अवधिमा निजविरुद्ध कसुर भएको कारणबाट मानसिक क्षति बेहोरेको पीडितले क्षतिपूर्ति नपाउने कानूनी व्यवस्था छ जुन मानवअधिकारसँग सम्बन्धित कानून र नेपालको संविधानको विपरीत रहेको छ भन्ने कैदीको अधिकारलाई उल्लंघन गरेको छ।

(ख) त्यस्तै जरिवानाबापत कैद सजाय भोगी रहेका कैदी र कानूनबमोजिम सजाय ठहर भई कैद सजाय भोगिरहेका कैदीबीच विभेद गरेको छ। जस्तैः प्रचलित कानूनबमोजिम लागेको जरिवाना तिर्न नसकेको कारणबाट मात्र कैदमा बस्नुपरेकामा मानसिक क्षतिबापतसमेत क्षतिपूर्ति दिन बाधा नपर्ने भन्ने कानूनी व्यवस्था रहेको छ।

त्यस्तै उपरोक्त दफाको खण्ड (ज) मा रहेको "पीडितको आचरणको कारण निजविरुद्ध भएको कसुरबाट पीडित व्यक्ति" ले क्षतिपूर्ति नपाउने कानूनी व्यवस्था रहेको छ जुन मानव अधिकार कानून र नेपालको संविधानको उल्लंघन हुने खालको व्यवस्था हो। यसलाई सो हदसम्म तत्काल खारेज गर्नुपर्छ। जस्तैः यस कानूनी व्यवस्था अनुसार Sex Workers/Prostitutes ले क्षतिपूर्ति नपाउने अवस्था देखिन्छ। यस किसिमको विभेदकारी व्यवस्थालाई नेपालको सर्वोच्च अदालतले *सपना प्रधान मल्लको* मुद्दामा खारेज गरिसकेको छ।

यसैगरी यस दफाको खण्ड (ट) लाई पनि पुनरावलोकन र संशोधनको आवश्यकता रहेको छ। जस्तैः "कसुरका सम्बन्धमा अनुसन्धान वा अदालती कारबाहीका सम्बन्धमा जाहेरी वा उजुरी नदिने" लाई पनि क्षतिपूर्ति नदिने कानूनी व्यवस्था रहेको छ। जुन संविधानको विपरीतको व्यवस्था हो। सबै पीडितलाई एउटै स्थानमा राख्न उपयुक्त देखिँदैन।

त्यस्तै उपरोक्त दफाको खण्ड (ड) लाई खारेज गर्नुपर्छ किनभने "न्यायको दृष्टिले क्षतिपूर्ति प्रदान गर्न अनुचित देखिएका व्यक्ति" भन्नेजस्ता शब्दहरू Vague र Abstract देखिन्छ। यसले पीडितलाई अन्याय हुन सक्छ।

## क्षतिपूर्ति रकमले पहिलो प्राथमिकता पाउने

यस दफाले पीडितले पाउने क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिइने व्यवस्था गरेको छ। जुन एउटा अति राम्रो कानूनी व्यवस्था हो।[७९] यसले पीडितले पाउने राहत र क्षतिपूर्तिको अवस्थालाई आश्वस्त पारेको देखिन्छ।

## सरकारी बाँकीसरह असुलउपर गरिने

यस दफाले पीडकलाई क्षतिपूर्ति रकम तिर्न बाध्य पर्नेछ। जुन एउटा राम्रो कानूनी व्यवस्था हो। यसले ऊ क्षतिपूर्तिको रकम नतिरी भाग्न नपाउने अवस्थाको सृजना गरेको छ।[८०]

## क्षतिपूर्ति शुल्क

उक्त कानूनी व्यवस्थाले पीडितबाट लिइने दशौंद र बिशौंदजस्ता पुरानो कानूनहरूमा रहेको प्रचलनलाई खारेज गरिदिएको छ र पीडकले नै पाएको कैद सजायको अनुपातमा उसले क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने व्यवस्था गरेको छ। ।[८१]

---

[७९] दफा ३५।

[८०] दफा ३६।

[८१] दफा ४१।

### क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने दायित्व समाप्त भएको नमानिने

दफा ४२ को उपदफा (२) को संशोधन र परिमार्जनको आवश्यकता देखिन्छ किनभने यसले "कसुरदारलाई भएको सजाय... परिवर्तन वा कम भएकोमा" समेत दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने कसुरदारको दायित्व समाप्त भएको मानिने छैन" भन्ने कानूनी व्यवस्था गरेको छ। तर उक्त व्यवस्था त्रुटिपूर्ण रहेको छ किनभने कुनै कसुरदारले पाएको सजाय अदालतबाट परिवर्तन वा कम भएको उसले बुझाउनुपर्ने दायित्वमा पनि परिवर्तन वा कम हुनु नै पर्छ।

### पीडित संरक्षण सुझाव समिति

दफा ४४ ले एक ६ सदस्यीय पीडित सुझाव समिति रहने व्यवस्था गरेको छ। समितिको काम दफा ४५ अनुसार हुनेछ जुन यसप्रकार छन्;

- पीडितको हकहितको संरक्षणका लागि विद्यमान कानूनमा गर्नुपर्ने सुधार तथा परिमार्जन विषयमा नेपाल सरकारलाई सुझाव दिने,
- पीडितको सुरक्षा तथा पीडितले कसुरको कारणबाट बेहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नका लागि नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिगत उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- पीडितको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने,
- पीडितको आवश्यकता पहिचान गरी आवश्यकताअनुसारको खास सेवा सञ्चालन गर्न नेपाल सरकारलाई सुझाव दिने।

### क्षतिपूर्तिको दाबी लिनुपर्ने

यस दफामा क्षतिपूर्तिको दाबी लिनुपर्ने व्यवस्था त गरेको छ। यो कानूनी व्यवस्था नयाँ हो र अभियोजन पक्षले दाबी स्पष्ट रुपमा दाबी लिनुपर्ने कुरालाई अनिवार्य बनाएको छ[८२]। विगतमा यस किसिमको व्यवस्था थिएन।

### निर्देशिका बनाउन सक्ने

यस ऐनको दफा ५४ ले निर्देशिका बनाउन सकिने व्यवस्था गरेको भए पनि पीडित अधिकार संरक्षणका लागि हालसम्म यस्तो निर्देशिका बनाउने पहल कतैबाट भएको देखिँदैन।

---

[८२] दफा ४८।

## ३.२.२ अपराध पीडित संरक्षणसँग सम्बन्धित अन्य कानूनी व्यवस्थाहरू

### ३.२.२.१ मुलुकी अपराध संहिता, २०७४

दफा ३२ ले अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने भनेर व्यवस्था गरेको छ। साथै पीडितलाई पुनःस्थापना र क्षतिपूर्तिसहितको सामाजिक न्यायको हक हुनेछ भनेर व्यवस्था गरेको छ। त्यस्तै मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ ले पनि अन्तरिम क्षतिपूर्तिको व्यवस्था गरेको छ। तर यो विशेष व्यवस्था नभई सामान्य व्यवस्थाको रुपमा रहेको छ।

### ३.२.२.२ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

परिच्छेद ६ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरिएको छ। दफा ४८ ले पीडित राहत कोष खडा गर्नुपर्ने र कसुरबाट पीडितलाई राहत उपलब्ध गराउनुपर्ने भनेको छ। यसै दफाको उद्देश्य पूरा गर्नका लागि नेपाल सरकारले फौजदारी कसुर (पीडित रहत कोष) नियमावली, २०७७ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० अधिकार प्रयोग गरी उपरोक्त नियमावली बनाएको छ जसअन्तर्गत पीडित राहत कोष स्थापना भइसकेको छ। पीडित राहत कोषको माग विगतमा तादरुकताका साथ उठाइरहेको पाइन्छ। उक्त कुरा तलको अध्ययनबाट झन् प्रस्ट हुन्छ।

आर्थिक हैसियत नभएका पीडकका हकमा समेत राज्य कोषको निर्माणले पीडितले क्षतिपूर्ति प्राप्त गर्ने अवस्था सृजना हुन सक्ने कारण यो कोष ज्यादै जरुरी रहेको कुरा उल्लेख गर्दै बर्दियाका श्रेस्तेदार र सहन्यायाधिवक्ता धारणाअनुसार "सम्पत्ति नहुने पीडकका हकमा राज्यबाट कोषको व्यवस्था हुन अति जरुरी छ। सन् १९८५ को पीडितहरूसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रको मान्यता पनि यही रहेको छ।" पीडितलाई क्षतिपूर्ति दिलाउने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय सातौं कांग्रेसबाट सन् १९८५ मा शक्तिको दुरुपयोग र अपराधबाट पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र जारी भयो जसको आधारभूत सिद्धान्तमा पीडितका मुख्य चार प्रकारका अधिकारहरू संरक्षित गरिएकामा त्यसमध्ये एक पीडकबाट क्षतिपूर्ति दिलाउन नसकिएको अवस्थामा पीडितले राज्यबाट क्षतिपूर्ति पाउने अधिकार पनि रहेको छ। अरु देशको अभ्यास हेर्ने हो भने यस्ता मुद्दाहरूमा क्षतिपूर्तिका लागि सरकार नै पूर्ण रुपमा जिम्मेवार हुने गरेको पाइन्छ। नेपालमा पनि राज्य कोष बनाउने हो भने त्यो एकदमै राम्रो हुने र पीडितले न्यायको महसुस पनि गर्न सक्छ। यस कोषको परिकल्पना गर्दा यसलाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा पूर्व सोच राख्न पनि जरुरी हुन्छ। यसका लागि राज्यकोष खडा गरी पीडकबाट राज्यले असुल गरी राज्य कोषमा शोधभर्ना गर्ने व्यवस्था गर्न सकिन्छ। कोषबाट रकम दिई आरोपीबाट पछि असुल गर्नुपर्छ। आरोपीले तिर्न नसके श्रम सहयोगबाट तिराउनुपर्छ।

### ३.२.२.३ मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

नियम ६१ ले साक्षी वा पीडितको संरक्षणका लागि यदि पीडित वा साक्षीको तर्फबाट निवेदन आएमा अदालतले सम्बन्धित निकायलाई संरक्षणका लागि आदेश गर्न सक्नेछ भनेर व्यवस्था गरेको छ। त्यस्तै नियम ६३ ले बन्द इजलासबाट हेरिने मुद्दाको गोपनीयताको सुनिश्चित गरेको छ।

### ३.२.२.४ श्रम ऐन, २०७४

यस ऐनको दफा ९ ले यस ऐन वा अन्य कानूनबमोजिम श्रमिकलाई प्रदत्त कुनै अधिकारको हनन भएमा त्यस्तो श्रमिकले यो ऐन तथा अन्य कानूनबमोजिम उपचार प्राप्त गर्न सक्नेछ भनेर व्यवस्था गरेको छ।

### ३.२.२.५ बालबालिकासम्बन्धी ऐन, २०७५

यस ऐनको दफा २० अनुसार बाल न्याय सम्पादन गर्दा त्यसमा संलग्न पदाधिकारी र बाल अदालतले बालबालिकालाई असर पर्ने कुनै निर्णय लिँदा निजको धारणा बुझ्नुपर्छ, बालबालिकाको उमेर, बौद्धिक विकास स्तरअनुरुपको बोली, वचन र व्यवहार गर्नुपर्छ।

सुनुवाइको सिलसिलामा पीडित बालबालिकालाई प्राप्त अधिकारहरूः-

- बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,
- बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,
- संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,
- बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,
- न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,
- पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने।

### ३.२.२.६ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहायबमोजिम घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनुपर्ने।

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई क्रिया खर्चबापत दस हजार रुपैयाँ र क्षतिपूर्तिबापत तेस्रो पक्षको बिमा नगराएको भए सो ऐनबमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बिमाको रकम।

(ख) अङ्गभङ्ग भएकामा निको भईकन पनि काम नलाग्ने भए सोको क्षतिपूर्तिबापत तेस्रो पक्षको बिमा नगराएको भए सो ऐनबमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्गबापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्चबापत पाँच हजार रुपैयाँ।

सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई क्रिया खर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारीचालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्छ। लेखिएदेखिबाहेक चालकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्चबापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारीधनी वा व्यवस्थापकबाट दुई हजार रुपैयाँसम्म दिलाइदिनुपर्छ। त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्चबापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइने। यस दफाबमोजिम भराइने घा खर्च, क्रिया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशतभन्दा बढी चालकबाट नभराइने। बुझाउनुपर्ने क्रिया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनुपर्नेमा निजले बुझाउन नसकी प्रचलित कानूनबमोजिम निजको जायजातबाट पनि असुलउपर हुन सकेन भने सोउपर नभए जति रुपैयाँ निजबाट असुलउपर भएको जरिवानामध्येबाट भराई दिनुपर्ने। बिमा कम्पनीले बेहोर्नुपर्ने क्षतिपूर्तिबापतको बिमा रकम यथाशीघ्र भराई दिनुपर्ने। (दफा १६३)

### ३.२.२.७ बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

बालकलाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालकलाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले यो ऐन बनाइएको हो। कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने र कुनै बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने व्यवस्था छ[८३]। कसैले पनि बालकलाई ललाई, फकाई वा झुकक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन[८४]।

कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनुपर्नेछ[८५]। प्रतिष्ठानले श्रमिकको

---

[८३] दफा ३।
[८४] दफा ४।
[८५] दफा ६।

रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्नेछ[८६]। प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले अपनाउनुपर्ने व्यवस्था तोकिएबमोजिम हुनुपर्छ[८७]।

प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथाशीघ्र त्यस्तो बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामबाट हटाउन व्यवस्थापकलाई आदेश दिनुपर्ने, बालकको बाबु, आमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालकलाई व्यवस्थापकले कुनै बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनुपर्ने र बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो बाल कल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले बेहोर्नुपर्नेछ।[८८]

यस ऐनविपरीत कसैले काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने र एकपटक सजाय पाइसकेपछि पुनः सोही काम गरेमा निजलाई पटकैपिच्छे सोही उपदफाहरूमा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ[८९]।

### ३.२.२.८ राष्ट्रिय महिला आयोग ऐन, २०७४

यो ऐनको प्रस्तावनाअनुसार यो ऐन महिलाको हक हितको संरक्षण, संवर्द्धन तथा महिलालाई सशक्तिकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न राष्ट्रिय महिला आयोगको काम, कर्तव्य तथा अधिकारसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्नका लागि भएको हो। परिच्छेद ३ मा उजुरी तथा कारबाहीसम्बन्धी कार्यविधिको व्यवस्था गरेको छ। दफा ८ अनुसार महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको खण्डमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोगसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ। आयोगले प्रारम्भिक छानबिन, उजुरीको छानबिन, मुद्दा दायर गर्न सिफारिस गर्ने आदि कार्य गरेर पीडितलाई सहयोग गर्छ।

### ३.२.२.९ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनःस्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न यो ऐन जारी गरिएको छ।

---

[८६] दफा १०।

[८७] दफा ११।

[८८] दफा १६।

[८९] दफा १९।

वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिनेसमेतको कार्यलाई ओसारपसार मानिने व्यवस्था रहेको छ।

उजुरी पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनका लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनुपर्ने। प्रहरी कार्यालयले बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी वाची सुनाई निजले भनेबमोजिम लेखिएको भए सोही व्यहोरा र भनेबमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनुपर्ने र बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ[९०]। प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनुपर्नेछ[९१]। यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको सुनुवाइ अदालतमा हुँदा पीडितले छुट्टै कानून व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ[९२]। यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषापीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ[९३]। कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्ने भन्ने व्यवस्था छ[९४]।

पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनःस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनका लागि नेपाल सरकारले आवश्यकताअनुसार पुनःस्थापना केन्द्र स्थापना गर्नेछ, कुनै संस्थाले तोकिएबमोजिम स्वीकृति लिई यस उद्देश्यका लागि पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र

[९०] दफा ६।
[९१] दफा ९।
[९२] दफा १०।
[९३] दफा ११।
[९४] दफा १२।

नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनःस्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्ने, यसरी सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिएबमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्ने, केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रुपमा पुनःस्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्ने, केन्द्रले पीडितलाई आवश्यकताअनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नुपर्ने र केन्द्रमा रहेका पीडितलाई निजको इच्छाविपरीत कसैले कुनै काममा लगाउन नहुने, केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितका लागि सीपमूलक तालिम तथा रोजगारी, पुनःस्थापना, पारिवारिक पुनर्मिलनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने व्यवस्था कानूनमा रहेको छ[९५]। दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनःस्थापना केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले एक पुनःस्थापना कोष स्थापना गर्ने, कोषमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम, दफा १५ बमोजिम भएको जरिवानाबापत प्राप्त हुने रकमको आधा रकमलगायतका रकम रहने व्यवस्था रहेको छ[९६]। बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना सजाय हुनेछ[९७]।

अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेछ। क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिएबमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने र क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनःस्थापना कोषमा जम्मा गर्नुपर्नेछ[९८]।

सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नुपर्नेछ[९९] भने पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्न नहुने व्यवस्था रहेको छ[१००]।

उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाका लागि

---

[९५] दफा १३।
[९६] दफा १४।
[९७] दफा १५(१) (ङ) (२)।
[९८] दफा १७।
[९९] दफा २०।
[१००] दफा २५।

नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहायबमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछः[१०१]

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने।

यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा गरिन्छ। बन्द इजलासमा कारबाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछ[१०२]।

### ३.२.२.१० वैदेशिक रोजगार ऐन, २०६४

यस ऐनअनुसार अठार वर्ष उमेर पूरा नगरेको कुनै पनि नाबालिगलाई वैदेशिक रोजगारमा पठाउन नपाइने व्यवस्था ऐनको दफा ७ ले गरेको छ। त्यस्तै वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। कुनै इजाजतपत्रवालाले दफा ७ विपरीत नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ[१०३]।

### ३.२.२.११ घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने यस ऐनको उद्देश्य रहेको छ।

पीडितको परिभाषामा पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्तिलाई समेटिएको र पीडक भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निजविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ भन्ने उल्लेख छ।

---

१०१ दफा २६।

१०२ दफा २७।

१०३ दफा ४५।

घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकायसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था ऐनको दफा ४(१) गरेको छ। राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगसम्बन्धी प्रचलित कानूनबमोजिम आवश्यक कारबाही हुने व्यवस्था ऐनको दफा ४(३) मा रहेको छ।

घरेलु हिँसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनुपर्नेछ[१०४]। उजुरी प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ[१०५]। बयानसमेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनुपर्नेछ[१०६]।

मेलमिलाप गराउँदा आवश्यकताअनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षीसमेतको सहयोग लिन सकिनेछ। यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नुपर्नेछ[१०७]। पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालतसमक्ष पठाइदिनुपर्नेछ[१०८]।

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मका लागि पीडकका नाममा देहायबमोजिम गर्न आदेश दिन सक्नेछः[१०९]

क. पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख. पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

---

[१०४] दफा ४(६)।
[१०५] दफा ४(७)।
[१०६] दफा ४(८)।
[१०७] दफा ४(९)।
[१०८] दफा ४(११)।
[१०९] दफा ६।

ग. पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणका लागि आवश्यक व्यवस्था गर्न,

घ. गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

ङ. पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चारमाध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

च. पीडितको हित र सुरक्षाका निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफाबमोजिमको कुनै आदेश दिन सक्नेछ[११०]।

पीडितले अनुरोध गरेमा यस ऐनअन्तर्गतको उजुरीसम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्नेछ। बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछ[१११]।

घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनुपरेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले बेहोर्नुपर्नेछ। तर पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ[११२]।

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियतसमेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ[११३]।

पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ। कुनै संस्थाले तोकिएबमोजिम स्वीकृति लिई यस उद्देश्यका लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ। यसरी सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ। सेवा केन्द्रले आवश्यकताअनुसार

---

[११०] दफा ६(२)।

[१११] दफा ७।

[११२] दफा ९।

[११३] दफा १०।

पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ[११४]। दफा ११ बमोजिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ[११५]।

## ३.४ क्षतिपूर्तिसम्बन्धी भएका प्रगतिशील फैसलाहरू तथा स्थापित सिद्धान्त

यस खण्डमा सर्वोच्च अदालतबाट स्थापित केही नजीरहरू प्रस्तुत गरिएको छ।

*टेकबहादुर खड्काको जाहेरीले श्री ५ को सरकारविरुद्ध स्वस्ती बराल* (ने.का.प. २०६२, अंक ११, नि.नं. ७६२६, पृ. १४२५

प्रस्तुत जबरजस्ती करणी मुद्दामा पीडितलाई पीडकबाट आधा अंश दिलाउने गरी भएको फैसलामा सर्वोच्च अदालतले सोअनुसार पीडकको सम्पत्ति विवरण पेस गरी पीडितलाई दिलाउने गरी अभियोग दाबी नलिई केबल जबरजस्ती करणीको १० न अनुसार आधा अंश दिलाई पाऊँ भनेर गोश्वारा दाबी लिएको र जिल्ला अदालतले पनि सोअनुसार आधार र कारण खुलाई सम्बन्धित प्रमाण संकलन गरी फैसला कार्यान्वयनको अवस्थालाई आकलन नगरेको कुरा अवगत गर्दै अभियोगपत्रमा नै पीडकको सम्पत्ति विवरण यकिन गरी पेस गर्ने र पीडकबाट पीडितलाई दिलाइदिने आधार र कारण खुलाई दाबी लिनु सरकारी वकिलको कर्तव्य भएको कुरालाई स्थापित गरेको छ। यस मुद्दामा सर्वोच्च अदालतले जबर्जस्ती करणी मुद्दाको पीडकबाट पीडितलाई अंश दिलाउने प्रस्ट कानूनी प्रक्रियाको अभाव, यस्ता मुद्दामा पीडितको हैसियत साक्षीसरह मात्र हुने कानूनी व्यवस्थाका कारण सामान्यतया पीडितलाई मुद्दाको परिणामबारे जानकारी नहुने र जानकारी दिने परिपाटीसमेत नभएको कारण पीडित सम्पत्तिको याचना लिएर अदालत आउन नसक्ने यथार्थलाई आत्मबोध गर्दै सर्वोच्च अदालतले "न्याय प्राप्तिको सन्तुष्टि फैसलाले दिलाएको सार उपभोग गर्न पाएपछि मात्र प्राप्त हुन्छ। फैसला कार्यान्वयन गर्ने जिम्मेवारी अदालतकै हुन्छ" भनी बोलेको छ।

यस मुद्दामा सर्वोच्च अदालतले स्थापित गरेको नजिर हेर्दा :

"अभियोगपत्रमा दाबी लिँदा नै पीडकको अंशियार वा पारिवारिक स्थिति, चल अचल सम्पत्तिको विवरण यकिन गरी तायदातीको रुपमा खोली पेस गरी यो यति अमुक चल अचल सम्पत्तिबाट यति परिमाणको सम्पत्ति पीडकबाट पीडितलाई दिलाइदिने आधार र कारण खुलाई दाबी लिनु सरकारी वकिलको विशेष कर्तव्य हो।"

---

११४ दफा ११।

११५ दफा १२।

*राकेश कुमारसिंहविरुद्ध हिमाली गोलेको जाहेरीले नेपाल सरकार, ने.का.प. २०६४, अंक १, नि.नं. ७८१०, पृ. ८६ ।*

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले जबरजस्ती करणीको महलको १० नं. को व्यवस्थाअन्तर्गत प्राप्त हुने अंश अंशियारको हैसियतले नैसर्गिक अधिकार स्वरुप पाउने सम्पत्ति नभई पीडितलाई पुगेको तत्कालीन र दूरगामी असरलाई ध्यानमा राखी दिलाइने क्षतिपूर्ति भएकोले जबरजस्ती करणीको महलको १० नं. र अंशबन्डाको महलबीच फरक रहेको कुरा उल्लेख गरेको छ। यसलाई आधार मानी सर्वोच्च अदालतले "जबरजस्ती करणीको महलको १० नं. को कार्यान्वयनमा दण्ड सजायको महलको नं. ४६ को कार्यविधि अपनाउन नपर्ने" नजिर स्थापित गरेको छ।

फैसलाको जानकारी दिने प्रमुख दायित्व अदालतको हुने र फैसलाको कार्यान्वयनमा पनि अदालतको सक्रियता जरुरी हुने कुरालाई यस मुद्दामा सर्वोच्च अदालतले स्थापित गरेको छ।" कानूनमा नलेखिए पनि अन्तिम फैसला भएपछि जिल्ला अदालत आफैंले पीडित जाहेरवालालाई फैसलाको जानकारी गराई अदालत आफैंले फैसला कार्यान्वयन गरी अंश दिलाइदिनुपर्छ, तब मात्र पीडितले अदालतबाट न्याय पाउन सक्छ। जबरजस्ती करणीको महलको १० नं. लाई तत्कालीन संविधानको धारा ११-३० र वर्तमान संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशको संरक्षण प्राप्त व्यवस्था मानी अदालतले अन्तिम फैसला हुनासाथ आफ्नै सक्रियतामा फैसला कार्यान्वयन गरी आधा सम्पत्ति दिलादिनुपर्छ।"

*त्रिरत्न चित्रकारविरुद्ध नेपाल सरकार, ने.का.प.२०६६, अंक ४, नि.नं. ८१४८, पृ. ७८४*

जबरजस्ती करणीको यस मुद्दामा १२ वर्षीया नाबालिकालाई घरेलु कामदारका रुपमा राख्ने क्रममा प्रतिवादी Pedophlie बाट भएको आशय करणी, जबरजस्ती करणी र अप्राकृतिक मैथुनसमेतको अपराध बारम्बार भएको ठहराई सर्वोच्च अदालतले कैद सजायको साथमा तत्कालीन कानूनबमोजिम आधा अंश दिलाउने अन्तिम फैसला गर्दा पीडितले अंश भराई पाउन दण्ड सजायको ४६ नं. बमोजिम छुट्टै निवेदन दिन नपर्ने भन्ने नजिर स्थापित गरेको छ। नाबालिका पीडितको उमेर र प्रतिवादीसँग पारिवारिक सम्बन्ध नभएका आधारमा प्रतिवादीको सम्पत्ति देखाई अदालतमा निवेदन दिन असमर्थ हुने कुरालाई उल्लेख गर्दै यस मुद्दामा सर्वोच्च अदालतले जबरजस्ती करणी महलको १० नं. को मर्म, भावना र व्यवस्थाअनुरुप पीडितलाई अदालतको सक्रियतामा फैसलाको जानकारी गराई अदालत आफैंले फैसला कार्यान्वयन गरी आधा अंश दिलाइदिनुपर्छ भन्नेसमेत नजिर स्थापित गरेको छ।

यस मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित गरेको महत्त्वपूर्ण सिद्धान्त :

"जबरजस्ती करणीको अपराधबाट पीडित भएका कारण पीडितलाई पारिवारिक, मानवीय, मनोवैज्ञानिक, शारीरिक चारित्रिक, पेसागत, बौद्धिक, सामाजिक, आर्थिकलगायत जीवनका विभिन्न पक्षमा परेको दूरगामी असरलाई ध्यानमा राखी क्षतिपूर्तिस्वरुप प्राप्त हुने सम्पत्ति हो। यस्तोमा पीडितलाई दण्ड सजायको महलको व्यवस्था लागू हुँदैन। पीडितले दण्ड सजायको ४६ नं. बमोजिम भराई पाउन निवेदन नै गर्न पर्दैन। अदालत आफैंले फैसलाको जानकारी पीडितलाई गराई अदालत आफैंले फैसला कार्यान्वयन गरी आधा अंश दिलाई दिनुपर्छ" ।

*केशरकुमार नेपालीविरुद्ध सान्नानी पहाडी मिजारसमेत,* (ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५१, पृ. ६१४)

रिट निवेदक प्रतिवादी भै चलेको प्रस्तुत जबरजस्ती करणी मुद्दामा पीडितले आधा अंश पाउने गरी भएको सुरु अदालतको फैसला कार्यान्वयनका लागि पीडितले दिएको निवेदन मुलुकी ऐन, दण्ड सजायको ४६ नं. को म्याद नघाई दायर भएकाले फैसला कार्यान्वयन गर्ने गरी भएको तल्लो दुई तहको अदालतको आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ भन्ने निवेदन रहेको छ। यसमा सर्वोच्च अदालतले गम्भीर प्रकृतिको फौजदारी अपराधमा दण्ड सजायको महलअनुसारको निवेदन दिने म्याद लागू नहुने उल्लेख गर्दै यस्तो नजिर स्थापित गरेको छ।

"जबरजस्ती करणीजस्तो गम्भीर किसिमको फौजदारी अपराध कायम भएपश्चात् पीडितलाई पीडकबाट क्षतिपूर्तिस्वरुप आधा अंश भराइदिने विषयलाई देवानी दायित्व भराउँदाको जस्तो अर्थात् पक्षहरूले म्यादभित्र प्रक्रिया क्रियाशील बनाएको अवस्थामा मात्रै आकृष्ट हुने गरी तर्क गर्नु कानून र न्यायको दृष्टिकोणबाट समेत उपयुक्त देखिँदैन। यस्ता मुद्दामा क्षतिपूर्ति पाउने विषय पीडितशास्त्रको विषय हो। फौजदारी न्यायमा पीडितले पाउने यस किसिमको हकलाई राज्यले उचित सम्बोधन गर्नुपर्ने हुन्छ। न्यायपालिकासमेत राज्यकै एक महत्त्वपूर्ण अंग भएको अवस्थामा न्यायालयले यस कुरालाई नजरअन्दाज गर्न सक्दैन र मिल्दैन पनि। यस परिप्रेक्ष्यमा पीडितका तर्फबाट न्यायालय स्वयंले पीडकबाट पीडितलाई क्षतिपूर्ति भराइदिन अग्रसरता देखाउनुपर्ने हुन्छ। यस्तो अवस्थामा दण्ड सजायको ४६९१० नं. को म्याद नाघेको भनी अदालतले सो विषयमा निर्णय दिन इन्कार गर्दा पीडितलाई झनै पीडा थपिन गै न्यायको उद्देश्य नै परास्त हुन जाने परिस्थिति आउन सक्छ। ...जबरजस्ती करणीको १० नं. मा पीडितलाई आधा अंश भराइदिने कुनै निश्चित समय तोकिएको पाइँदैन। जबरजस्ती करणीको १० नं. को व्यवस्था कार्यान्वयनमा दण्ड सजायको ४६ नं. मा व्यवस्थित कार्यविधि अपनाइएको खण्डमा यस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा पीडितलाई झनै पीडा थपिन जान्छ"।

*घ देवीको जाहेरीले नेपाल सरकारविरुद्ध चन्द्रबहादुर तिवारी, (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७८, पृ.१२८०)*

प्रस्तुत मुद्दामा जाहेरवाला र पीडित नाबालिकाले वारदात घटनाप्रति अनभिज्ञता प्रकट गरी अदालतमा Hostlie बकपत्र गरेका आधारमा सुरु जिल्ला अदालत र क्षतिपूर्ति दिलाउने दायित्व राज्यको हुने अन्तर्राष्ट्रिय कानूनसमेतको मान्यताका आधारमा मकवानपुर जिल्ला अदालतले पीडितलाई राज्यको जिल्ला पुनःस्थापना कोषबाट क्षतिपूर्ति भराइदिने फैसला गरेको छ। यस फैसलामा यस्तो उल्लेख छ।

"कसुरदारलाई तोकिएको क्षतिपूर्तिको रकम असुलउपर गर्ने जिम्मेवारी राज्यले नै लिनुपर्दछ। पछि यी प्रतिवादीहरूबाट राज्यले सो रकम असुल गरेका बखत पुनःस्थापना कोषमा राख्ने गरी हाल यी पीडितलाई राज्यको तर्फबाट नेपाल सरकारले स्थापना गरेको पुनःस्थापना कोषबाट खर्च लेख्ने गरी यी पीडितलाई क्षतिपूर्ति भराइदिनेतर्फ विचार गरिनु उपयुक्त हुन आउने कारण रु. ३,००,०००।– तीन लाख पीडितलाई तत्कालै राज्यको तर्फबाट क्षतिपूर्ति भराइदिन न्यायोचित र मनासिब हुने देखिँदा उक्त रकम राज्यको जिल्ला पुनःस्थापना कोषबाट दिनु।

*मीरा ढुङ्गानासमेतविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०७०, अंक ३, नि.नं. ८९७३, पृ.३२६*

मानव बेचबिखन तथा ओसारपसारजस्ता मुद्दाहरूमा क्षतिपूर्ति दिलाउने सन्दर्भमा राज्यको संयन्त्रको सहयोग र पहल अपरिहार्य रहेको कुरालाई औंल्याउँदै मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत को मुद्दामा सर्वोच्च अदालतले "मानब बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिलाई ऐनको दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसुस गर्न सक्ने अवस्था रहँदैन" भनी उल्लेख भएको छ।

# परिच्छेद ४

## ४. अपराध पीडित संरक्षणका लागि गर्नुपर्ने सुधारका पक्षहरू

यस परिच्छेदमा अपराध पीडित संरक्षणका लागि कानूनी तथा नीतिगत रुपमा तत्काल चाल्नुपर्ने कदमहरूको बारेमा सुझाइएको छ।

### ४.१ फैसलाको बारेमा जानकारी

अदालतले नै सरकारी वकिल र प्रहरीसँग समन्वय गरी पीडितलाई फैसलापछि अनिवार्य रुपमा फैसलाको जानकारी दिने व्यवस्था हुनुपर्ने देखिन्छ। फैसलाको जानकारी पाउने पीडितको अधिकारलाई सुनिश्चित गर्न कानूनमा नै कुन निकायले कसरी जानकारी गराउने, कसको के कति भूमिका रहने भन्ने स्पष्ट व्यवस्था भई प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न संयन्त्र तयार गर्नुपर्ने आवश्यकता छ। पीडित पक्षलाई फैसलाको जानकारी तत्काल दिने वातावरण तयार गर्नुपर्ने र जानकारी दिँदा क्षतिपूर्ति कसरी र कहाँबाट पाउने भन्ने प्रक्रियाका बारेमा पनि जानकारी दिनुपर्ने देखिन्छ।

जबरजस्ती करणी पीडितको विवाह भएको वा अन्य कारणले अन्यत्र बस्ने अवस्था भएको खण्डमा फैसलाको जानकारी पीडितसमक्ष पुऱ्याउनलाई सहज बनाउन पीडित र घरपरिवारका सदस्यको फोन नं., नागरिकताको प्रतिलिपिलगायतका ठोस सम्पर्क सूचनासमेत अदालतले मुद्दा कारबाहीका क्रममा लिई मिसिल संलग्न राख्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ। फैसला लेखनका क्रममा समेत अदालतले तपसिल खण्डमा पीडित पक्षलाई फैसलाको जानकारी सम्बन्धित निकायले दिने भन्ने स्पष्ट रुपले लेखिएमा क्षतिपूर्ति दिलाउने फैसला भएर पनि फैसलाको जानकारीका अभावमा क्षतिपूर्ति लिन पहल नगरी बसेका धेरै जबरजस्ती करणी पीडितहरूले राहत प्राप्त गर्न सक्नेछन्।

### ४.२ क्षतिपूर्ति रकम निर्धारण गर्ने वैज्ञानिक एवं बस्तुगत आधारसहितको निर्देशिका निर्माण

जबरजस्ती करणीका मुद्दामा न्यायाधीशको स्वविवेकका आधारमा क्षतिपूर्तिको निर्धारण गर्ने अधिकार छोडिएको छ, जुन वैज्ञानिक देखिँदैन। क्षतिपूर्तिको मात्रामा एकरुपता कायम गर्न क्षतिपूर्ति रकम तोक्ने वैज्ञानिक आधारसहितको मापदण्ड बनाउन जरुरी छ। यसका लागि छुट्टै क्षतिपूर्ति निर्धारण गर्ने निर्देशिका बनाउन सकिन्छ। पीडितलाई पुगेको क्षतिको अनुपातमा पर्याप्त हुने मात्रामा क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्छ। जबरजस्ती करणीपछि मृत्यु भएको वा हत्या गरिएको वा बलात्कारपछि गर्भधारण गर्न पुगेको वा बलात्कारपछि यौन रोग लागेको जस्ता अवस्थाहरूमा क्षतिपूर्तिको मात्रालाई बढाइनुपर्नेसमेतको कुरालाई यस मापदण्डले समेट्नुपर्दछ। क्षतिपूर्ति तोकिँदा पीडितको मात्रै नभै पीडितसँग आश्रितको बारेमा पनि सोचिनुपर्छ।

## ४.३ कार्यविधिमा सरलीकरण

पीडित महिला तथा बालबालिकाहरूको संरक्षण सन्दर्भमा विद्यमान रहेका कानूनहरू अपर्याप्त रहेका मात्र नभै अव्यावहारिक रहेका छन। महिला तथा बालबालिका पीडितको संरक्षणका हरेक तहमा विद्यमान रहेका कार्यविधिगत कानूनी प्रावधानहरूमा रहेका अस्पष्टता, अन्योल, बीचमा रहेका रिक्तता, कानून कार्यान्वयन गर्ने पदाधिकारीहरूको जिम्मेवारी किटान नहुनु, कुनै निकाय वा पदाधिकारीले बेवास्ता गरेमा वा ढिलाइ गरेमा अनावश्यक दुःख झमेला दिएमा, जिम्मेवारी पन्छाएमा वा धिङन्याई गरेमा सोको जिम्मेवारी कसमा रहने वा के कारबाही हुने भन्ने पनि स्पष्टता रहेको छैन। सुशासन ऐन, २०६४, सुशासन नियमावली, २०६५, सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सेवाग्राही पीडितको सन्दर्भमा केही अधिकारको व्यवस्थाहरू गरे तापनि यी कानूनी प्रावधानको कार्यान्वयन गर्ने कार्यविधिगत व्यवस्थामा धेरै जटिलता, अप्ठ्यारो एवं अन्योलहरू रहेका छन्। अपराध पीडित संरक्षण ऐन, २०७५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, फौजदारी कसुरको अनुसन्धानसम्बन्धी नियमावली, २०७५, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६, सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७, प्रहरी ऐन, २०१२ लगायतका विभिन्न कानूनमा रहेका कार्यविधिहरूमा एकरुपता तथा स्पष्टता नहुनाले भएका कानूनी व्यवस्थाहरूको कार्यान्वयनमा कार्यविधिगत कमजोरीहरूका कारण पीडित महिला तथा बालबालिका संरक्षणमा समस्याहरू रहेको देखिँदा समस्या समाधानका लागि तत्कालै निम्न कार्यहरू गर्नुपर्ने देखिन्छः

- पीडित महिला तथा बालबालिकाको जाहेरी वा सूचना परेपछि जाहेरी वा सूचना सनाखत गर्ने प्रक्रिया स्पष्ट नभएकाले सनाखत प्रक्रियालाई स्पष्ट उल्लेख गरी बोधगम्य र सरल बनाउनुपर्ने देखिन्छ। पीडितले सहजै रुपमा यो सेवा प्राप्त गर्न सक्ने बनाउनुपर्नेछ।
- पीडित महिला तथा बालबालिकालाई अनुसन्धानका क्रममा झिकाउँदा औपचारिक पत्राचार गर्ने वा पोसाकसहितको प्रहरी पठाउने प्रक्रिया पीडितमैत्री रहेको पाइँदैन। यो प्रक्रिया अभियुक्त झिकाउने प्रक्रियाभन्दा भिन्न रहेको पनि छैन। यस्तो कार्यविधिगत प्रक्रियाका कारण नै अधिकांश महिला तथा बालबालिका पीडितहरू या त आउनै डराउँछन् या त लाज मान्ने वा अपमानित भएको महसुस गर्दछन्। त्यसैले महिला तथा बालबालिका पीडितका हकमा घरमै गएर यसका कारण तथा परिणामबारे जानकारी गराई सहयोग, समन्वयका लागि आग्रहपूर्ण भाषा प्रयोग गरेर सम्झाउने, बुझाउने कुरालाई कार्यविधिगत रुपमा स्पष्ट उल्लेख गरी निर्देशिकाको रुपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ।

- अपराधको प्रारम्भिक प्रतिवेदनपश्चात् सुरक्षा वा संरक्षणका सन्दर्भमा कुनै स्पष्ट जिम्मेवारी सरकारी वकिललाई नभए पनि निर्देशनका क्रममा पीडित महिला, बालबालिकाको स्थिति, सुरक्षा संरक्षण, राहत, न्यूनतम व्यवहारलगायतका पक्षमा देखिएका समस्याबारेमा जानकारी लिई निर्देशन दिने, के प्रक्रिया पुऱ्याउने भन्नेबारेमा रहेका कार्यविधिगत अस्पष्टतालाई प्रस्ट बनाउनुपर्ने देखिन्छ।
- पीडितलाई क्षतिपूर्ति भराउने निर्णय भएपश्चात् स्वतः भराइदिनुपर्नेमा कतिपय अवस्थामा पुनः पीडित नै निवेदन लिएर जानुपर्ने भन्ने आशयबाट निर्णय हुने गरेको सन्दर्भमा यसमा कार्यविधिगत सरलता कायम गरी स्पष्ट बनाउनुपर्ने देखिएको छ।

## ४.४ सूचना दिने व्यवस्था

अपराध पीडित महिला तथा बालबालिकाको संरक्षणमा सबैभन्दा ठूलो समस्या भनेको उनीहरूको राज्यका निकायहरूसमक्षको पहुँच नहुनु हो। स्वभावैले कमजोर वर्गको रुपमा रहेका महिला तथा बालबालिकाहरूले आफूविरुद्ध भएका अपराधको बारेमा सहेर बस्दछन्। अपराधविरुद्ध कदम चाल्न घरपरिवार समाजको अवरोध हुन सक्छ। अपराधीको डर, धाक, धम्कीविरुद्ध उनीहरू सूचना दिन डराउँछन्। सूचना दिन चाहेर पनि कहाँ जाने, कसलाई भेट्ने के कुन प्रक्रियाबाट दिने थाहा हुँदैन। सूचनाका लागि पुगे पनि प्रारम्भिक रुपमा उनीहरूलाई शंका, अविश्वास गरिन्छ र सहयोग प्राप्त नहुने स्थिति रहन्छ। सूचना दिएपछि बेहोर्नुपर्ने समस्या, असहयोग, डर, धाक, धम्की, विस्थापन, बेइज्जती, अपमान, प्रलोभनका कारण उनीहरू लामो समयसम्म अड्न नसकी विपरित कागज, बयान वा बकपत्र गर्नुपर्ने बाध्यतामा रहेको पाइन्छ। यी विभिन्न कारणहरूले पीडितहरू महिला तथा बालबालिकाहरू भएका मुद्दामा नगन्य रुपमा मात्रै अपराधको सूचना प्राप्त हुने गरेको छ। घटित अपराधको तुलनामा ज्यादै न्यून सूचना दर्ता हुनाले समाजमा अपराध व्याप्त हुने तर कारबाहीको दायरामा अपराधीहरू नआउनाले अपराधीहरूको मनोबल झन् बढ्न गई समाजमा दण्डहीनता मौलाउँदै गएको पाइन्छ। त्यसैले सूचनामा पीडितको पहुँच बढाउन निम्न कार्यहरू गर्नुपर्न देखिन्छः

- जनतामा अपराधविरुद्ध शून्य सहनशीलताको विकास गर्ने।
- यसका लागि जनचेतनामूलक कार्यक्रमहरू जनताको घरदैलोसम्म पुऱ्याउने र समयसमयमा अभियान सञ्चालन गर्ने।
- अपराधको सूचना गाउँपालिका वा नगरपालिका, तिनका वडा समिति, सरकारी कार्यालय वा स्थानीय तहमा नै दिन सकिने र त्यहीँबाट सनाखत गर्ने व्यवस्था गर्नुपर्ने।
- यसरी दिइने सूचना गोप्य राख्नुपर्ने व्यवस्था मिलाउनुपर्ने।
- सूचना विद्युतीयलगायत जुनसुकै माध्यमबाट दिन सकिने व्यवस्था मिलाउनुपर्ने।

- सम्बन्धित पीडितले सूचना दिन नसक्नेमा अन्य कोहीले पनि निजको तर्फबाट दिन सक्ने सरलीकृत व्यवस्था गर्नुपर्ने।
- सूचनादातालाई प्रभावकारी सुरक्षा र संरक्षणको व्यवस्था।
- सूचना दिएबापत हेला, अपमान, नोक्सानी भएमा दण्डनीय बनाउने।

## ४.५ पीडित राहत कोषको अभिवृद्धि

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ अनुसार पीडित राहत कोषको स्थापना भएको छ। तर उक्त कोषमा पर्याप्त रकमको अभाव रहेको देखिन्छ। जिल्ला अदालतहरूमा कुल ४९,५८३ थान फौजदारी मुद्दाको लगत रहेकामा २०,३५१ थान मुद्दा फछ्र्यौट भएको अवस्थामा क्षतिपूर्ति प्राप्त गर्नेको संख्या जम्मा २०२ जना मात्र रहेको छ[११६]। पीडकबाट क्षतिपूर्ति लिँदा पीडककै हुनुपर्छ भन्ने सोचका साथै आफ्नो आत्मसम्मानमाथि नै ठेस पुग्ने पीडितको मान्यताले गर्दा पीडकबाट क्षतिपूर्ति लिने हालको कानूनी व्यवस्थामा नै केही सुधारको आवश्यकतालाई औंल्याएको छ। यो विषय पीडितको आत्मसम्मानसँग जोडिएको प्रश्नसमेत भएका कारण राज्यले पीडकबाट प्राप्त गरेको क्षतिपूर्तिबापतको रकमलगायत अन्य स्रोत जुटाई क्षतिपूर्तिका लागि पीडित राहत कोषमा पर्याप्त रकमको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसका लागि अपराध पीडित राहत कोषको सञ्चालन निर्देशिका बन्नु आवश्यक हुन्छ।

## ४.६ शीघ्र क्षतिपूर्ति प्राप्त गर्न प्रक्रियागत सुधार

पीडितले तुरुन्तै क्षतिपूर्ति पाउने व्यवस्था गर्नका लागि थुनछेक आदेश हुँदाको बखत नै धरौटी राख्ने र फैसला हुँदा कसुरदार ठहरिएमा तुरुन्त क्षतिपूर्ति दिने व्यवस्था भएमा प्रक्रिया सहज हुन सक्छ। आरोपितको सम्पत्तिको विवरण अभियोगपत्रमा नै खुलाउने पीडकको सम्पत्ति रोक्कासँगै क्षतिपूर्ति रकम अदालतमा जम्मा गराउने र फैसला हुनेबित्तिकै पीडितले पाउने व्यवस्था गराउन पनि सकिन्छ।

## ४.७ सम्पत्ति विवरण

पीडितले पीडकको सम्पत्ति विवरण खुलाई क्षतिपूर्ति भराउने निवेदन दिनुपर्ने हालको व्यवस्थालाई परिवर्तन गरी अदालत, सरकारी वकिल तथा प्रहरीको समन्वय र सक्रियतामा पीडकको सम्पत्ति खोजबिन हुने प्रक्रिया निर्धारण हुनुपर्दछ। पीडकलाई पक्राउ गर्दाकै अवस्थामा अनुसन्धान अधिकृतले पीडकको सम्पत्ति विवरणसमेत लिई सो विवरण अभियोगपत्रमा खुलाई दायर गरेमा तत्काल पीडकको भागको जग्गा अदालतले रोक्का राख्न

[११६] वार्षिक प्रतिवेदन, २०७७/०७८, सर्वोच्च अदालत, नेपाल।

आदेश दिन सक्ने हुनाले सोबमोजिमको स्पष्ट कार्यविधिको व्यवस्था हुनुपर्छ किनकि अनुसन्धानकै क्रममा आरोपीको सम्पत्ति विवरण खोजबिन गरी रोक्का राख्ने प्रक्रिया चलाउँदा फैसलापछि पीडितले क्षतिपूर्ति भराई पाउन सहज हुन्छ।

## ४.८ जबरजस्ती करणी उद्योग मुद्दामा र मुद्दाका पक्ष विदेशी भएको अवस्थामा क्षतिपूर्तिको उपयुक्त व्यवस्था

जबरजस्ती करणी उद्योग मुद्दामा क्षतिपूर्ति दिने विषयमा जबरजस्ती करणी कानूनमा स्पष्ट व्यवस्था छैन। यस मुद्दाको गाम्भीर्यतालाई हेर्दा क्षतिपूर्ति भराउने सन्दर्भमा कानूनमा स्पष्टता हुन आवश्यक छ। साथै पीडित वा पीडक विदेशी भएको खण्डमा क्षतिपूर्ति भराउने प्रक्रिया के हुने सोबारेमा पनि कानूनमा स्पष्ट व्यवस्था हुन जरुरी देखिन्छ।

## ४.९ पीडित संरक्षणसम्बन्धी प्रचलित कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन

पीडित संरक्षणका लागि रहेका व्यवस्थाहरू कार्यान्वयन पनि पूर्ण रुपमा हुन सकेको छैन। यस सन्दर्भमा देहायबमोजिमका कार्यहरू हुनुपर्दछ।

- सर्वोच्च अदालतबाट न्यायिक सक्रियतास्वरुप उत्साहजनक रुपमा गोपनीयता कायम गर्ने निर्देशिका जारी भएको छ। फलस्वरुप यसको कार्यान्वयन अभ्यासमा आउनु सकारात्मक पक्ष हो तर अझै यसको कार्यान्वयन गोपनीयता कायम गर्नुपर्ने मर्मअनुरुपको हदमा हुन सकेको छैन। गोपनीयता कायम गर्ने यो व्यवस्थाको पर्याप्त जानकारीको अभावका कारण अनुसन्धानमा गोपनीयता कायम गर्ने कार्य नहुने र त्यसले अदालतमा पनि निरन्तरता पाउने गरेको छ। यहाँसम्म कि सर्वोच्च अदालतमा आइसकेपछि मात्र गोपनीयता कायम गरिएको पनि देखिएको छ। अनुसन्धान निकायमा अपेक्षाअनुरुप गोपनीयता कायम गर्ने सीपको अभाव वा यसको मर्मलाई नबुझिदिँदा गोपनीयता कायम गर्ने प्रयास गरिएको भए पनि पहिचानको गोप्यता कायम गर्न अपर्याप्त हुने गरी यसको कार्यान्वयन भइदिँदा समस्या आएको छ। यसमा सुधार हुनुपर्दछ।
- बन्द इजलास कायम गर्ने कुरामा पनि यस्ता इजलासको भौतिक अवस्थिति र वातावरणले पीडितलाई असर पारेको, बन्द इजलासहरू पीडितले पीडालाई भुल्न वा कम हुन सक्ने पर्याप्त वातावरण सृजना नगरिएको, बन्द इजलासमा पीडितहरूप्रति गरिनुपर्ने व्यवहार तथा बन्द इजलासमा गरिनुपर्ने आचरणसँग सम्बन्धित कार्यविधिगत अभाव रहेको, बन्द इजलासबाट हेरिने मुद्दाका सम्बन्धमा अदालतका कर्मचारीलाई पूर्ण रुपमा सचेत बनाउन नसकिएको, लैगिक हिंसाका पीडित महिलाको बकपत्र महिलाबाटै गराउने व्यवस्था र पूर्वाधार नभएको आदि विभिन्न कारणहरूले गर्दा कमजोर पीडित साक्षीहरूको बकपत्र बन्द

इजलासमा हुने व्यवस्था यसको मर्मअनुरुप प्रभावकारी रुपमा हुन सकेको छैन। यसमा सुधार हुनु आवश्यक छ।

- साक्षी संरक्षणको प्रयोजनका लागि जिल्ला अदालत नियमावलीमार्फत भित्राइएको निरन्तर सुनुवाइको व्यवस्था पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन। निरन्तर सुनुवाइसम्बन्धी अवधारणागत स्पष्टताको अभावमा यो प्रक्रियामा जान सकेको छैन। केही जिल्लामा यो व्यवस्थाको अभ्यास आरम्भ गरेको भन्ने सञ्चारमाध्यममार्फत सार्वजनिक भएको भए पनि आम रुपमा यसको कार्यान्वयन हुन सकेको छैन। सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु जरुरी छ।
- गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीको उपस्थितिले साक्षीलाई बकपत्र गर्न अनुचित दबाब परेको वा पर्ने सम्भावना छ भन्ने अदालतलाई लागेमा अदालतले प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाई कानून व्यवसायीको रोहवरमा गराउने व्यवस्था मिलाउने भन्ने व्यवस्था अपराध पीडित संरक्षण ऐन, २०७५ र जिल्ला अदालत नियमावलीमा रहेको भए पनि यो व्यवस्था पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। यससम्बन्धी स्पष्ट कार्यविधिको अभावसमेत भएकाले यो व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न नसकिएको अवस्था छ। यस्तो कार्यविधिगत अभाव हटाई व्यवहारत कार्यान्वयन गरिनुपर्दछ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको व्यवस्थाअनुरुप व्यावहारिक रुपमा अनुसन्धान तथा अदालती प्रक्रियाहरूको समयमा समेत, मानव बेचबिखनका पीडितहरूलाई दीर्घकालीन पुनःस्थापना सेवाहरू प्रदान गर्ने पूर्वाधारहरू तयार भएका छैनन्। यस्ता पूर्वाधार शीघ्र तयार गरिनुपर्दछ।
- पीडित तथा साक्षीहरूको गोपनीयता तथा सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन अदालतसँग पर्याप्त पूर्वाधारहरू नभएको देखिन्छ। हरेक अदालतमा एउटा मात्रै फौजदारी इजलास छ, कहिलेकाहीँ त एकै दिनमा एकभन्दा धेरै मुद्दाहरूमाथि छलफल गरिएका हुन्छन्। यसबाहेक मानव बेचबिखनका मुद्दाहरूमा अदालती प्रक्रियाहरूलाई बन्द इजलासमा कारबाही गर्नुपर्ने व्यबस्था सधैंभरि कार्यान्वयन भएको पाइँदैन। अन्त्यमा, निवदेन गरेको अवस्थामा मात्रै प्रहरी सुरक्षा उपलब्ध हुन्छ र अधिकांश पीडित तथा साक्षीहरू यस विकल्पप्रति सचेत रहँदैन्।" सो अवस्थाको अन्त गरिनुपर्दछ।

## ४.१० पीडितको संरक्षणका लागि अनुसन्धानसम्बन्धी मापदण्डको विकास

लैगिक हिंसासम्बन्धी अपराधको अनुसन्धान गर्न अनुसन्धानकर्ताको आवश्यक योग्यता सम्बन्धमा देहायबमोजिमको मापदण्ड निर्धारण र विकास गर्नु वाञ्छनीय छ।

- लैगिक हिंसासम्बन्धी विषय हेर्ने प्रहरी अधिकृत तथा जवानहरूलाई आधारभूत तालिमका अतिरिक्त लैगिक हिंसासम्बन्धी विषयमा विशेष तालिमको व्यवस्था गरी त्यस्ता प्रहरीलाई मात्र सोको जिम्मेवारी दिनुपर्दछ।

- जाहेरी दरखास्त दर्ता नगर्ने तथा स्वच्छ एवं निष्पक्ष ढंगले अनुसन्धान गर्नुपर्ने कानूनी कर्तव्य निर्वाह नगर्ने प्रहरी कर्मचारीलाई विभागीय कारबाहीका लागि भागीदार बनाउने गरी विद्यमान कानूनमा आवश्यक संशोधन गर्नुपर्दछ।
- लैङ्गिक हिंसाविरुद्धका फौजदारी अनुसन्धानमा बाधा व्यवधान खडा गर्ने तथा अनुसन्धान प्रक्रियालाई अवाञ्छित किसिमले प्रभाव पार्ने कार्यलाई दण्डित गर्ने गरी कानूनी प्रबन्ध गर्नुपर्दछ।
- महिला सेललाई छुट्टै एकाइको रुपमा सुदृढीकरण गर्ने तथा लैंगिक हिंसाका घटनाहरूको अनुसन्धानमा खटिने महिला प्रहरीहरूलगायत अन्य अनुसन्धानकर्ताहरूका लागि विशेष तालिम तथा क्षमता अभिवृद्धिको लागि पाठ्यक्रम तर्जुमा गरी अनिवार्य रुपमा अभिमुखीकरण तथा तालिमको व्यवस्था हुनुपर्दछ।

## ४.११ पीडित संरक्षणका लागि तत्काल चाल्नुपर्ने नीतिगत कदमहरू

नेपाल सरकारले पीडित संरक्षणका लागि पीडित संरक्षण सुझाव समितिको सिफारिससमेतका आधारमा देहायबमोजिमका कार्य गर्नु आवश्यक छ।

- पीडित र साक्षी संरक्षणसम्बन्धी नीतिको तर्जुमा गर्ने।
- पीडित र साक्षी संरक्षणसम्बन्धी कार्यक्रमहरू तयार गर्ने।
- पीडितको सुरक्षा, हकहितको संरक्षण, कसुरको कारणबाट पीडितले बेहोरेको क्षति एवं प्रतिकूल असर र प्रभाव न्यून गर्न उद्धार, पुनःस्थापना परामर्श, आर्थिक, भौतिक, सामाजिक, कानूनी सेवा सञ्चालन गर्नुपर्छ।
- असहाय पीडितहरूको रोजगारी, बसोबास तथा जीविकोपार्जनका जस्ता पीडित संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- महिला, बालबालिका पीडित भएका जघन्य प्रकृतिका फौजदारी मुद्दाहरू फिर्ता नलिने र फिर्ता लिनुपर्ने विशेष परिस्थितिमा पनि पीडितको सहमतिमा क्षतिपूर्ति दिएर मात्र फिर्ता लिने प्रबन्ध गर्ने।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले पुनःस्थापना केन्द्र र पुनःस्थापना कोषको व्यवस्था गरेको हुँदा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।
- प्रचलित कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट भएका निर्देशिका र निर्देशनात्मक आदेश र प्रतिपादित सिद्धान्तको पूर्ण रुपमा कार्यान्वयन गर्ने।
- न्याय क्षेत्रका सरोकारवालाहरूको समन्वयमा न्याय क्षेत्र र समुदायबीचका सूचनामूलक अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्ने एवं महिलाविरुद्धका हिंसाका विषयमा कानूनी सचेतना फैलाउनका लागि स्थानीय तहलाई जिम्मेवार बनाइनुपर्दछ।

- लैङ्गिक हिंसाका पीडितहरूलाई एउटै छातामुनि कानूनी सहायता, मनोसामाजिक परामर्श, स्वास्थ्य परीक्षण, आवास तथा बाल स्याहारलगायतका एकीकृत सेवा तथा सहायता उपलब्ध हुने गरी कार्यक्रम बनाई लागू गर्नुपर्दछ।
- न्यायकर्मी, कानून व्यवसायी तथा अनुसन्धानकर्ताहरूको लैङ्गिक दृष्टिकोणमा सुधार ल्याउनका लागि आवश्यक तालिमहरू दिइनुपर्ने। न्याय सेवा तालिम, प्रहरी प्रशिक्षण प्रतिष्ठान एवं राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट सञ्चालन गरिने तालिमसम्बन्धी पाठ्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण गरिनुपर्दछ।
- लैंगिक हिंसा सभ्य मानव समाजका लागि कलङ्क र मानव अधिकारको गम्भीर उल्लंघन हो। यसैले यस्ता हिंसाका पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउनका लागि पीडित तथा साक्षीको संरक्षणको मर्म र भावनाअनुरुप काम गर्न सक्ने गरी कानून कार्यान्वयनसँग सम्बद्ध सबैको अभ्यासको विकास गर्ने। यसका लागि लैङ्गिक हिंसाविरुद्ध आवश्यक ज्ञान, सीप र प्रवृत्ति विकास गराउन आवश्यक प्रशिक्षण दिने।
- गोपनीयता, बन्द इजलासका मूल्य र मान्यताअनुरुप व्यवहारमा पूर्णत रुपान्तरण र कार्यान्वयन गरी सोको अभीष्ट पूरा गर्न आवश्यक भौतिकलगायतका पूर्वाधार र वातावरण सृजना गर्ने।
- साक्षी परीक्षणका क्रममा प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाउने, बन्द इजलासमा कायम हुनुपर्ने न्यूनतम मापदण्ड र आचरणलगायतका विषयमा आवश्यक कार्यविधि तर्जुमा हुनुपर्ने।
- राज्यले पीडित महिलाको सहयोगका लागि आवश्यक स्रोत साधनअनुसार प्रत्येक जिल्लामा महिला आयोगले तोकेको प्रतिनिधि, महिला मन्त्रालयले तोकेको प्रतिनिधि, सम्बन्धित जिल्लाको सरकारी वकिल, उपलब्ध भएसम्म महिला कानून व्यवसायी, महिला प्रहरी अधिकृत र महिला समाजसेवी रहेको परामर्श केन्द्रको व्यवस्था क्रमशः गर्दै जानुपर्ने गरी सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन गर्नुपर्ने।
- प्रचलित कानूनले पीडितलाई क्षतिपूर्ति निर्धारणलगायतका विषयमा एकरुपता र निश्चितताका लागि स्पष्ट मापदण्डहरू विकास गर्नु।
- साक्षी संरक्षणका अल्पकालीन र दीर्घकालीन व्यवस्थाहरू समावेश गरी कानूनमा साक्षी तथा पीडितको संरक्षणका लागि समकालीन विश्वमा अवलम्बन गरिएका राम्रा अभ्यासहरूलाई समेटी कानून तर्जुमा हुनुपर्ने।
- पीडितले सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारीसमक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारी तथा अदालतमा पनि श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो पीडितसँग सोधपुछ र बकपत्र गराउन सकिने गरी व्यवस्था हुनुपर्छ।

## ४.१२ समन्वयको व्यवस्था

पीडितको संरक्षणका सम्बन्धमा सरोकारवाला निकायहरूबीच आपसी समन्वय आवश्यक हुन्छ। यस्ता निकायहरूको आवश्यक समन्वयबिना प्रभावकारी रुपमा पीडितको संरक्षण गर्न सम्भव हुँदैन। समन्वयलाई प्रभावकारी बनाउन देहायबमोजिम गर्नु आवश्यक हुन्छ।

- केन्द्रीयस्तरमा महान्याधिवक्ताको संयोजकत्वमा गठित पीडित संरक्षण सुझाव समितिले समन्वयको भूमिका निर्वाह गर्ने।
- जिल्लास्तरमा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा सरोकारवाला निकायहरूका प्रतिनिधि सम्मिलित रहेको पीडित संरक्षण सुझाव र समन्वय समितिको गठन गर्ने व्यवस्था मिलाउने र स्थानीयस्तरबाट समाधान हुन सक्ने र गर्न सकिने कार्यहरू सम्पादन गर्ने।
- प्रत्येक प्रहरी कार्यालयमा पीडित साक्षी सरंक्षण अधिकारी तोक्ने।
- पीडितको संरक्षणका कार्यक्रममा गैरसरकारी संस्थाहरूको पनि सहयोग प्राप्त गर्ने र उनीहरूसँग पनि समन्वय गर्ने।
- पीडित संरक्षण र सुरक्षाका लागि विभिन्न निकाय वा संस्थाबाट हुने सहयोगका लागि समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने।

## ४.१३ तालिम

फैसला कार्यान्वयनको स्तरमा देखिएका समस्याहरूलाई समाधान गर्नका लागि फैसला कार्यान्वयन गर्ने निकायमा रहेका कर्मचारीहरूलाई संवेदनशील बनाउन जरुरी छ, जसका लागि आवश्यक प्रशिक्षण तथा तालिमहरू सञ्चालन गरिनुपर्छ। जबरजस्ती करणीका मुद्दामा भएका क्षतिपूर्तिको फैसलाको कार्यान्वयनमा देखिएका कानूनी र कार्यविधिगत जटिलताहरूको समाधानका लागि बृहत् स्तरमा संवादको आवश्यकता छ। कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय लगायत फौजदारी न्याय प्रणालीका सम्पूर्ण सरोकारवाला निकायहरूको यसमा साझा सोच, प्रयास र प्रतिबद्धता जरुरी छ।

## सन्दर्भ सामग्रीहरू

Analysis and Reform of Nepalese Criminal Justice System, CeLLrD, 2057.

Baseline Survey on Criminal Justice System, CeLLrD, 2004.

Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, G.A. res. 39/46, December, 1984.

Convention on the Elimination of All Forms of Racial Discrimination, 1965, G.A. res. 2106 (XX) of 21 December 1965.

Convention on the Rights of the Child, 1989 G.A. res. 44/25 o, 20 November 1989, Article 39.

Crime Victims and the Perspective Towards Justice", Access to Justice and Advocacy of Rights (AJAR) Nepal.

Criminal Injuries Compensation Authority, 2001 as cited in Marie Nicole Westmarland, *Rape and Human Rights: A Feminist Perspective*, Available at :http://nicolewestmarland. pbworks.com/f/ Nicole+ Westmarland+PhD+thesis.pdf

Fletcher, George P., "Justice and Fairness in the Protection of Crime Victims" (2005) 9:3 Lewis & Clark L Rev 547.

General Comment No. 3 of the Committee against Torture, CAT/C/GC/3, November, 2012. Available at: http://www2.ohchr.org/english/bodies/cat/docs/GC/CAT-C-GC-3_en.pdf

Hebly, Marnix R, Josane D M Dongen and Siewert D Lindenbergh, "Crime Victims' Experiences with Seeking Compensation: A Qualitative Exploration" (2014) 10 Utrecht L Rev 27.

Human Rights Reference Handbook, University of Peace, 2004.

INSEC, Human Rights Year Book, 2012

INSEC, Human Rights Year Book, 2013

International Covenant on Civil and Political Rights, G.A. res. 2200A (XXI), 21 U.N. GAOR Supp. (No. 16) at 52, U.N. Doc. A/6316 (1966), 999 U.N.T.S. 171, Article 2.

Ismail, Siti Zubaidah C*onstructing Some Possibilities for Compensation as Part of Legal Remedies for Rape Survivors*: The Case of Malaysia, European Journal of Social Science- Volume 26, Number 2 (2011).

Mundrathi, Sammaiah *Law on compensation: To Victims of Crime and Abuse of power,* Deep and deep Publications Pvt. Ltd. 2002, 3.

Karki, Sushila "Government's Initiatives for the Rehabilitation and Reintegration of Trafficking Survivors in Nepal: Victim Justice System Perspective", Kathamndu Sch. L. Rev. 75 (2012).

Luitel, Ananta Raj "Rights of Victims of Conflict and Transitional Justice in Nepal", 5 NJA L.J. 55 (2011)

Lamborn, LeRoy L. "The Impact of Victimology on the Criminal Law in the United States", 8 Can. Cmty L.J. 23 (1985).

Linda Jurevic, "Between a Rock and a Hard *European Journal of Social Sciences – Volume 26, Number 2 (2011)* Place: Women Victims of Domestic Violence and the Western Australian Criminal Injuries Compensation Act" in E-Law: Murdoch University Electric Journal of Law, vol.3, no. 2 July 1996

Miers, David "The Responsibilities and the Rights of Victims of Crime", 55 Mod. L. Rev. 482 (1982).

NWC, Access to Justice: Legal Provision relating to Rape in Nepal, 2069.

Parajuli, Rama Devi "Crime Victim Protection: Lessons From Republic of Korea", NJA L.J. 169 (2015)

Putorti, Matthew F., "The International Legal Right to Individual Compensation in Nepal and the Transitional Justice Context", 34 Fordham Int'l L.J. 1131 (2011).

Pemberton, A, et al, "Coherence in International Criminal Justice: A Victimological Perspective" 15 Int'l Crim. L. Rev. 339 (2015)

Rajan, V.N., Victimology in India : An Introductory Study, p.79

Rape Victim Assistance and Protection Act of 1998, Section 3, available at http://www.chanrobles.com/republicactno8505.htm#.UWaQkpg-5UQ accessed on April 11, 2013.

Shrestha, Dr Shankar Kumar, *A Step Towards Victim Justice System: Nepalese Perspective* (Paiaravi Publication, Kathmandu, 2001).

Spalek, Basia, *Crime Victims, Theory, Policy and Practices,* Palgrave Macmillian, 1st Ed., 2006, 13.

Universal Declaration of Human Rights,1948, Article 8.

UN Security Council Resolution 1325, S/RES/1325 (2000)

UN Security Council Resolution 1820, S/RES/1820(2008)

कुँवर, टेकनारायण "पीडितसँग गरिने सोधपुछ प्रक्रिया र संवेदनशीलता", अभियोजन जर्नल, वर्ष २, अंक १, महान्यायाधिवक्ताको कार्यालय, नेपाल २०७६, १३-२५।

अपराध पीडित महिला बालबालिका तथा साक्षी दिग्दर्शन, २०६५, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

जबरजस्ती करणी मुद्दामा क्षतिपूर्तिको फैसलाको कार्यान्वयनः कानूनी, कार्यविधिगत र व्यावहारिक जटिलता अध्ययन प्रतिवेदन, २०७०, इन्टरनेसनल कमिसन अफ जुरिष्ट्स (आई.सी.जे.) र राष्ट्रिय महिला आयोग।

पीडित संरक्षण दिग्दर्शन, २०७०, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय।

हिंसात्मक अपराध पीडितहरूका लागि क्षतिपूर्ति गर्नेसम्बन्धी युरोपेली महासन्धि १९८३ को धारा २।